# निर्वाचन समीक्षा र पार्टी पुनर्गठन कार्यदलको प्रतिवेदन - २०८३

# खण्ड- (क)
# कार्यदलको काम र प्राप्त सुझावहरू

## परिच्छेद १ः

### पृष्ठभूमि र कार्यविधि

### १.१ कार्यदल गठनको पृष्ठभूमि, औचित्य र आवश्यकता

२०८२ फागुन २१ मा सम्पन्न आमनिर्वाचनमा पार्टीले व्यहोर्नुपरेको अनपेक्षित पराजयपश्चात् पार्टीको साङ्गठानिक जीवन गम्भीर रूपमा प्रभावित बन्न पुग्यो । यो परिणाम पार्टीपङ्क्तिको अपेक्षाविपरीत त थियो नै, साथै भदौ २३ र २४ गतेको घटनालाई हिंसात्मक र विध्वंसात्मक बनाउन भूमिका खेल्ने शक्तिहरू नै निर्वाचनबाट लोकप्रिय मतका साथ विजयी हुन पुग्दा स्थिति थप जटिल बन्यो । पार्टीपङ्क्ति निराश र हतोत्साहित बन्न पुग्यो । यस्तो अवस्थामा चुनावी हारका वास्तविक कारणहरूको खोजी गर्नु, हाम्रा नीति, कार्यक्रम र कार्यशैलीले जनताको मन जित्न नसक्नुको कारणहरूको निर्मम समीक्षा गर्नु र चुनावको परिणामका कारणले गिरेको कार्यकर्ताको मनोबल उकासी सम्भावित पलायनता समेत रोक्दै पार्टी पङ्क्तिमा आशा जागृत गर्नु अपरिहार्य आवश्यकता बनेको छ । निर्वाचनपश्चातको पार्टीको साङ्गठानिक जीवन पनि सहज रहन सकेन । निर्वाचन सम्पन्न भएको केही दिनमै पार्टी अध्यक्षका पिताको दुःखद निधन भयो र उहाँ १३ दिनसम्म पितृशोक (किरिया)मा बस्नुपर्‍यो । उहाँ नियमित काममा फर्कन नपाउँदै निर्वाचनपश्चात् गठन भएको वालेन्द्र नेतृत्वको सरकारले कार्की आयोगको प्रतिवेदनका नाममा (प्रतिवेदन नै अध्ययन नगरी) पूर्वाग्रही, गैरकानूनी र अमानवीय ढङ्गले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई गिरफ्तार गर्‍यो । सिंगो पार्टीपङ्क्ति यस प्रतिशोधपूर्ण गिरफ्तारीका विरुद्ध राजनीतिक र कानूनी सङ्घर्षमा होमिनु पर्‍यो । अन्ततः सरकारले अभियोजनका लागि कुनै तथ्य र प्रमाण जुटाउन नसकेपछि पार्टी अध्यक्ष हिरासतमुक्त हुनुभयो । तर हिरासतमा भएको अवस्थामा स्वास्थ्यमा गम्भीर समस्या देखा परेकाले उहाँ लामो समय सघन उपचारमा रहनुपर्‍यो, जसका कारण समीक्षा बैठक समयमै बस्न सम्भव भएन । पार्टी अध्यक्षको स्वास्थ्यमा सुधार आएपछि २०८३ जेठ ४ गते उहाँको निजी निवास (गुण्डु) मा केन्द्रीय सचिवालयको आठौं बैठक बस्यो । ११औं महाधिवेशनपश्चात् निर्वाचनकेन्द्रित भएर गरिएको अस्थायी कार्यविभाजनमा हेरफेर गर्ने र निर्वाचनले पार्टी जीवनमा पारेको असरबारे छलफल गर्ने उद्देश्यले सुरु भएको उक्त बैठक पुनः जेठ ८, ९ र १० गतेसम्म निरन्तर चल्यो । खुला र गहन छलफलपश्चात् बैठकले निर्वाचनको समग्र समीक्षा र पार्टी पुनर्गठनको कार्ययोजना तयार पार्न कमरेड रामबहादुर थापाको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गर्‍यो । कार्यदलमा उपाध्यक्षद्वय विष्णुप्रसाद पौडेल र पृथ्वीसुब्बा गुरुङ, महासचिव शंकर पोखरेल, उपमहासचिव लेखराज भट्ट, सचिवहरू पद्मा अर्याल र भानुभक्त ढकाल तथा आठै भौगोलिक प्रदेशका इन्चार्जहरू छविलाल विश्वकर्मा, खगराज अधिकारी, यामलाल कँडेल, शेरधन राई,

राजन भट्टराई, महेश बस्नेत, लिलानाथ श्रेष्ठ र दामोदर भण्डारी रहनुभएको छ। कार्यदललाई, आमनिर्वाचन- २०८२ मा पार्टी पराजयको कारणसहितको समीक्षा र त्यसको जगमा पार्टीलाई वैचारिक, राजनीतिक र साङ्गठानिक रूपमा एकताबद्ध बनाउन पार्टी शुद्धीकरण, सुदृढीकरण र रूपान्तरणसहितको पार्टी पुनर्गठनको कार्ययोजना तयार पार्ने जिम्मेवारी प्राप्त छ।

## १.२ कार्यदलको कार्यादेश र कार्यविधि

कार्यदलको पहिलो बैठक २०८३ जेठ २५ गते पार्टी केन्द्रीय कार्यालय च्यासलमा पार्टी अध्यक्षको प्रमुख आतिथ्यता तथा संयोजक रामबहादुर थापाको अध्यक्षतामा सम्पन्न भयो। बैठकले महासचिव शंकर पोखरेललाई कार्यदलको सदस्य सचिवको जिम्मेवारी प्रदान गऱ्यो। बैठकले अगुवा कार्यकर्ताहरूको सुझाव सङ्कलनका लागि कार्यविधि र तत्सम्बन्धी कार्यतालिका समेत स्वीकृत गऱ्यो। केन्द्रीय कार्यालयका तर्फबाट जारी गरिएको परिपत्रमा निर्वाचनको निराशाजनक परिणामका कारण, निर्वाचन पछिको पार्टीपङ्क्तिको मनस्थिति, गिरेको मनोबल उच्च बनाउने उपाय, जनतासँगको टुटेको सम्बन्ध जोड्ने विधि तथा पार्टी शुद्धीकरण, सुदृढीकरण र रूपान्तरणको ठोस योजनाबारे स्पष्ट सुझाव माग गरिएको छ। सुझाव सङ्कलनलाई व्यवस्थित गर्न समयसीमा तोक्न भनिएको थियो। छलफलको क्रममा प्राप्त सुझावसहितको प्रतिवेदन तयारीको जिम्मेवारी सम्बन्धित कमिटीलाई दिइएको थियो। निश्चित समयमा सुझाव दिने व्यवस्थाअनुरूप समय नपुगेमा लिखित सुझावसमेत दिनसक्ने व्यवस्था मिलाइएको थियो।

## १.३ राष्ट्रव्यापी सुझाव सङ्कलन कार्य र प्रक्रिया

कामको प्रकृतिका आधारमा पार्टी कामको भौगोलिक र गैरभौगोलिक कामको क्षेत्रलाई १३ अलग-अलग समूहमा वर्गीकरण गरी कार्यदलको प्रत्यक्ष उपस्थितिमा सुझाव सङ्कलन गरिएको थियो। भौगोलिक आठ प्रदेशको भेला संयोजनको जिम्मेवारी सम्बन्धित प्रदेश इन्चार्ज र व्यवस्थापनको जिम्मेवारी प्रदेश कमिटीलाई दिइएको थियो। सम्पर्क समन्वय, जनसङ्गठन, केन्द्रीय विभाग, निकाय, सल्लाहकार परिषद् र प्रवास (भर्चुअल माध्यम) को भेला संयोजन केन्द्रीय कार्यालयको अगुवाइमा सम्बन्धित निकाय र संयन्त्रमार्फत गरिएको थियो। भेलाहरूमा सम्भव भएसम्म संयोजक र सदस्य सचिव सबै स्थानमा उपस्थित हुने तथा प्रदेश इन्चार्जहरू आफ्नो प्रदेशमा अनिवार्य उपस्थित हुने व्यवस्था गरिएको थियो। कार्यदलका अन्य सदस्य कमरेडहरू आवश्यकता र अनुकुलताअनुसार सहभागी हुने व्यवस्था मिलाइएको थियो। प्रदेशमा हुने भेलाहरूमा प्रदेशको जिम्मेवारीमा रहनुभएका केन्द्रीय सदस्यहरू, प्रदेशका पदाधिकारी र जिल्ला पदाधिकारीको सहभागिता रहने गरी मापदण्ड बनाइएको थियो। जनसङ्गठनको हकमा इन्चार्ज र पदाधिकारीहरू तथा केन्द्रीय निकायको हकमा केन्द्रीय निकायका पदाधिकारी, विभाग प्रमुखहरू र सल्लाहकार परिषद् सदस्यलाई सहभागी बनाइएको थियो। केही प्रदेशले गएको निर्वाचनका पार्टी उम्मेद्वारलाई र प्रदेश सचिवालयका सदस्यहरूलाई समेत सहभागी बनाएका थिए।

**सुझाव सङ्कलनको कार्यतालिका यसप्रकार रह्यो:**

| | |
|---|---|
| बागमती प्रदेश | : जेठ ३० गते |
| कोशी प्रदेश | : असार २ गते |
| लुम्बिनी प्रदेश | : असार ४ गते |
| सुदूरपश्चिम प्रदेश | : असार ६ गते |
| कर्णाली प्रदेश | : असार ८ गते |
| गण्डकी प्रदेश | : असार ११ गते |
| मधेस प्रदेश | : असार १३ गते |
| राजधानी प्रदेश | : असार १६ गते |
| सम्पर्क विशेष | : असार १७ गते |
| जनसङ्गठन समन्वय | : असार १८ गते |
| केन्द्रीय निकाय र विभाग | : असार १९ गते |
| समग्र प्रवास (भर्चुअल) | : असार २२ गते |
| सल्लाहकार परिषद् | : असार २३ गते |

२०८३ जेठ ३० गते बागमती प्रदेशबाट सुरु भएको सुझाव सङ्कलन कार्य असार २३ गते सल्लाहकार परिषद्को सुझाव संकलनसँगै सफलतापूर्वक सम्पन्न भयो। सुझाव संकलनका लागि आयोजना गरिएका बागमती बाहेकका सबै भेलालाई पार्टी अध्यक्षले कही भर्चुअल माध्यमबाट त कही भौतिकरूपमा उपस्थितमा सम्बोधन गर्नुभएको थियो।

# परिच्छेद २:

## आमनिर्वाचन २०८२ को मतपरिणाम र समीक्षात्मक विश्लेषण

### २.१ आमनिर्वाचन २०८२ को मतपरिणामको विश्लेषण

आमनिर्वाचन २०८२ नियमित चुनाव थिएन, यो भदौ २३-२४ को असामान्य घटनाक्रम र त्यसपश्चात् उत्पन्न राजनीतिक शून्यताको उपज थियो । उक्त घटनापश्चात् गठन भएको सुशीला कार्की नेतृत्वको सरकार र त्यसको सिफारिसमा भएको प्रतिनिधिसभा विघटन दुवै असंवैधानिक र प्रतिगामी कदम रहेको ठहर गर्दै हाम्रो पार्टीले प्रतिनिधिसभाको पुनर्स्थापनाको माग अघि सारेको थियो । तर, अन्य प्रमुख राजनीतिक दलहरू पुनर्स्थापनामा सहमत नभई निर्वाचनकै माध्यमबाट लोकतन्त्र पुनःस्थापित हुन्छ भन्ने अडानमा उभिएपछि हाम्रो पार्टी बाध्य भएर निर्वाचनमा होमिनुपरेको थियो । पार्टीले मुस्ताङको एक स्थान (जहाँ प्रस्तावित उम्मेदवारले प्राविधिक कारणवश उम्मेदवारी दर्ता गरेनन्) बाहेक देशका सबै निर्वाचन क्षेत्रमा प्रत्यक्ष र समानुपातिकतर्फ आफ्ना उम्मेद्वार खडा गर्‍यो । सुरक्षा जोखिम र अन्योलका कारण समानुपातिकतर्फ छोटो प्रक्रिया अपनाइए पनि प्रत्यक्षतर्फ तल्लो कमिटीकै सिफारिसलाई आधार बनाएर सुझाव संकलन गरिएको थियो । निर्वाचनमा डिजिटल सञ्चार र घरदैलोमा जोड दिइएको थियो । निर्वाचनको तयारीका लागि साना भेला र बैठकहरूमा जोड दिइएको थियो । एकाध अपवादको घटनाबाहेक मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । निर्वाचन सम्पन्न भएपछि पनि तल्ला कमिटीहरूको रिपोर्ट निर्वाचनका सन्दर्भमा सकारात्मक नै आएका थिए । तर मतगणना सुरु भएसँगै मतदानको रुझान र परिणाम पार्टीका लागि अत्यन्तै दुःखद, लज्जास्पद र प्रतिकूल रह्यो । जसले पार्टीपङ्क्तिलाई आश्चर्यचकित र निराश समेत बनायो ।

**आमनिर्वाचन २०८२ को आधिकारिक दलगत परिणाम तालिकाः**

| क्र.स. | दलको नाम | प्रत्यक्ष सिट | समानुपातिक सिट | कुल सिट | संसद्मा स्थान/स्थिति |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | १२५ | ५७ | १८२ | पहिलो दल (दुई-तिहाइ नजिक) |
| २ | नेपाली कांग्रेस | १८ | २० | ३८ | दोस्रो दल (५१ सिट गुमेको) |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नेकपा (एमाले) | ९ | १६ | २५ | तेस्रो दल (५३ सिट गुमेको) |
| ४ | नेपाली कम्युनिष्ट पार्टी ( नेकपा) | ८ | ९ | १७ | चौथो दल (२५ सिट गुमेको) |
| ५ | श्रम संस्कृति पार्टी | ३ | ४ | ७ | पाँचौं दल (नयाँ उदय) |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी ( राप्रपा) | १ | ४ | ५ | छैटौं दल (९ सिट गुमेको) |
| ७ | स्वतन्त्र (निर्दलीय) | १ | ० | १ | म्याग्दीबाट विजयी |
| - | कुल | १६५ | ११० | २७५ | ६ दल मात्र राष्ट्रिय दल |

(**स्रोतः** निर्वाचन आयोगको आधिकारिक परिणाम र पार्टीको निर्वाचन परिचालन कमिटीको प्रतिवेदन)

**मतपरिणामका केही प्रमुख प्रवृत्तिहरूः**

१. **साना र क्षेत्रीय दलहरूको उपस्थिति शून्यः** ०४७ देखि संसद्मा रहेका नेमकिपा र राजमो, २०६४ पछि मधेसको राजनीतिमा हावी भएका जसपा र लोसपा तथा सरकारमा सहभागी भइसकेका जनमत र नाउपाजस्ता कुनै पनि दलले यसपटकको निर्वाचनमा एक सिट पनि जित्न सकेनन् ।

२. **जमानत जफतको बाढीः** प्रत्यक्षतर्फका कूल उम्मेद्वारमध्ये ८५ प्रतिशत (२,८९० जना) को जमानत जफत भयो । यसमा प्रमुख चार दलका १७९ उम्मेद्वार (एमालेका ४९, रास्वपाका १४, कांग्रेसका १७, नेकपाका ९९) समेत रहे ।

३. **युवाको व्यापक उपस्थितिः** संसद्मा प्रत्यक्ष र समानुपातिक गरी १०२ जना (३८ प्रतिशत) ४० वर्षमुनिका युवाहरू निर्वाचित भए ।

४. **एमाले उम्मेद्वारको प्रतिस्पर्धाको अवस्थाः** विजयी ९ उम्मेद्वार बाहेक नेकपा (एमाले)का उम्मेद्वारहरू ४२ स्थानमा प्रमुख प्रतिस्पर्धी, ६३ स्थानमा तेस्रो, ४२ स्थानमा चौथो, ६ स्थानमा पाँचौं र ३ स्थानमा सातौं स्थानमा रहे । नेकपा (एमाले)का उम्मेद्वार मध्ये ४९ जनाको जमानत

समेत गुम्न पुग्यो । ९ वटा निर्वाचन क्षेत्रमा पार्टीको सङ्गठित सदस्यताभन्दा कम समानुपातिक मत प्राप्त भयो ।

## २.२ निर्वाचनमा पराजयका प्रमुख कारणहरू

सुझाव संकलनका क्रममा प्राप्त भएका सुझावका आधारमा निर्वाचनको पराजयका प्रमुख कारणहरू यसप्रकार रहेका छन्:

### क) आमजनतामा उत्पन्न असन्तोष र अविश्वास

माओवादी र कांग्रेससँग बारम्बार भइरहने सत्ता समीकरणको फेरवदल र त्यसको औचित्य पुष्टि हुन नसक्नु हारको महत्वपूर्ण कारण बनेको धेरैको बुझाइ छ । २०७४ को आमनिर्वाचन पछि बनेको दुई तिहाइको सरकारले पनि काम नगरेको नाममा आधारभूत वर्ग र समुदायमा उत्पन्न हुन पुगेको निराशालाई पपुलिष्टहरूले आफ्नो पक्षमा ढल्काउने काम गरे । नेकपाकालको अन्तरसंघर्ष र अदालतबाट पुनःस्थापित नेकपा (एमाले)को विभाजनका समयमा एकअर्काका विरुद्धमा गरिएको अराजनीतिक प्रहारबाट पनि वामपन्थी जनमत असन्तुष्ट बन्न पुगेको थियो । पछिल्लो समयको कांग्रेससँगको सहकार्यको मुख्य एजेन्डा मानिएको संविधान संशोधनलाई '२०८७ पछि मात्र गर्ने' भनी ओझेलमा पार्दा कांग्रेससँगको गठबन्धन केवल सत्तास्वार्थका लागि मात्र हो भन्ने विपक्षी भाष्य स्थापित हुन पुग्यो । सरकारमा रहँदा सुशासन कायम गर्न नसक्नु, संघर्षमा उत्रिएका वर्ग र समुदायका माग यथोचित रुपमा सम्वोधन गर्न नसक्नु, कतिपय मन्त्री र जनप्रतिनिधिहरू भ्रष्टाचार र अनियमितताको आरोपमा मुछिनु र तिनलाई समयमै नियन्त्रण गर्न नसक्दा समेत जनअसन्तोष बढ्न गयो । सरकारको नेतृत्व हाम्रो पार्टी अध्यक्षले स्वयंले गरेका कारणले अन्य पार्टीका मन्त्रीहरूको कमजोरी र गलत कार्यशैलीको असर पनि पार्टीमा पर्न गयो । सरकार र पार्टीका बीचको अन्तर स्पष्ट गर्न नसक्दा राज्यप्रतिको सबै असन्तुष्टी र आक्रोश समेत पार्टीविरुद्ध लक्षित हुन गयो ।

### ख) जीवनस्तरमा भएको वृद्धि र वैध आयबीचको असन्तुलन

बहुदलीय व्यवस्था पछि भौतिक पूर्वाधार र सामाजिक विकास तथा सामाजिक सुरक्षा क्षेत्रमा उल्लेखनीय काम भए । त्यसले नागरिकहरूको जीवनस्तर र उनीहरूको आकांक्षामा उल्लेख्य वृद्धि गरिदियो । तर सोहीअनुरूप रोजागारी/स्वरोजगारका अवसरहरू वृद्धि नहुँदा उनीहरूको आयमा वृद्धि हुन सकेन । परम्परागत कृषि क्षेत्रबाट विमुख भएको नयाँ पढेलेखेको पुस्ता सहरतर्फ बसाइँसराइ गर्दा सहरी बेरोजगारी समस्या अझ तीव्र रूपमा बढ्यो । सूचना प्रविधिको विकासले वस्तु र सेवाको उपभोगको चाहना तीव्र वृद्धि भए पनि वैध आम्दानीको मार्ग नहुँदा समाजमा भ्रष्टीकरण, कालोबजारी र तस्करीतन्त्र मौलायो । वस्तु र सेवाको उपभोगमा जोड दिने उपभोक्तावादी संस्कृतिको विकास पैतृकसम्पत्तिको क्षयीकरण समेत तीव्र बन्यो । शिक्षित

युवाहरूको चाहनाअनुरूपको रोजागरीको अभावमा युवाहरूको वैदेशिक पलायन तीव्र बन्यो । खाडी क्षेत्रमा अर्धदक्ष श्रमिकको माग बढ्नाले रोजगारीका लागि विदेशिने प्रवृत्तिमा थप तीव्रता आउन पुग्यो । शिक्षा र स्वास्थ्यमा निजी क्षेत्रको तीव्र विस्तार र सार्वजनिक क्षेत्रले प्रदान गर्ने सेवाको गुणस्तर कमजोर भएका कारण सर्वसाधारणले ती क्षेत्रका लागि चर्को मूल्य चुकाउनु पऱ्यो । यसप्रकारको अवस्थाले पुराना राजनीतिक दलहरू र राज्यप्रति नै जनअविश्वास बढिरहेको तथ्यलाई बुझ्न नसक्दा लोकप्रियतावादीहरूले जनताको भावनामा खेल्ने मौका प्राप्त गरे । जसको परिणामस्वरूप हामीले विगतमा गरेका देशभक्ति, भौतिक विकास र सामाजिक सुरक्षाको विषयले चुनावमा जनताको खासै ध्यान तान्न सकेनन् । हाम्रा विरोधीहरू जनताको पछिल्लो समयको मनोविज्ञान बुझेर सुशासन, भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाहमा जोड दिए । शिक्षा, स्वास्थ्य र रोजगारीलाई सर्वसुलभ बनाउने कुरालाई अघि सार्न पुगे । यसले पनि जनतालाई एकहदसम्म प्रभावित बनाउन पुग्यो । भदौ २३ र २४ को घटनाका कारणले नयाँ र पुरानोको भाष्यबाट प्रभावित भएर मूलधारको राजनीतिबाट टाढिएको जनमत चुनावी एजेण्डाका कारणले पनि हामीसँग जोडिन चाहेन ।

## ग) भदौ २३ र २४ को घटनाको बहुआयामिक प्रभाव

भदौ २३ को 'जेनजी आन्दोलन' मागप्रति हाम्रो पार्टीको र सरकारको विमती रहनुपर्ने विषय नै थिएन । नवयुवाहरूले सरकारसमक्ष औपचारिक रूपमा आफ्नो माग समेत राखेका थिएनन् । उनीहरूले शान्तिपूर्ण प्रदर्शन गर्ने भनेर स्थानीय प्रशासनसँग माग गरेका थिए । स्थानीय प्रशासनले समेत शान्तिपूर्ण प्रदर्शनको अनुमति दिएको थियो । सोहीअनुरूप शान्तिसुरक्षाको व्यवस्था गरिएको बताएको थियो । तर मुख्य आयोजकहरूको योजनाविपरीत आन्दोलनलाई मुठभेडमा बदल्ने र गम्भीर मानवीय क्षति पुऱ्याउने योजनाकासाथ घुसपैठ गरिएको तथ्य बाहिर आइसकेकै छ । बानेश्वरमा सुरक्षा निकायले खडा गरेको व्यारिकेड तोडिएपछि आन्दोलन आफ्नो नियन्त्रणभन्दा बाहिर गएको महसुस गरेर नै आयोजकहरूले आन्दोलन स्थगित भएको घोषणा समेत गरेका थिए । तर उक्त आन्दोलनमा भएको घुसपैठका कारणले नै भदौ २३ मा गम्भीर मानवीय क्षति भएको तथ्य जनस्तरमा स्थापित हुन सकेन । उक्त घटनामा भएको नवयुवाहरूको हत्या र ठूलो संख्यामा युवाहरू घाइते भएको घटनालाई षडयन्त्रको योजनाअनुरूप नै षडयन्त्रकारीले आक्रोशमा बदल्ने काम गरे । राज्यका सुरक्षा निकायहरू त्यसलाई रोक्ने कुरामा सक्षम र जिम्मेवार देखिएनन् । भदौ २४ गतेका दिन सुनियोजित रूपमा विध्वंस मच्चाइयो । १२ घण्टाको अवधिमा सिंगो राष्ट्रको गौरव र अस्मिता तथा लोकतन्त्रका आधारस्तम्भहरूलाई छानिछानी खरानी बनाउने काम भयो । सुनियोजित रूपमा नै मुलुकमा राज्यविहीनताको स्थिति सिर्जना भयो । स्थितिलाई नियन्त्रण गर्न सहज होला भनेर प्रधानमन्त्रीले दिएको राजीनामा सँगै राजनीतिक षडयन्त्रलाई वैधातादिने प्रक्रिया अघि बढाइयो । यस घटनाबाट समाजमा स्थापित

दलहरूप्रति चरम नकारात्मक घारणा फैलाउने काम भयो । २०८२ असोजमा बसेको केन्द्रीय कमिटीको बैठकले भदौ २३ र २४ को घटनालाई 'पूर्वनियोजित षड्यन्त्र' का रूपमा विश्लेषण गर्ने काम गऱ्यो । तर हाम्रो त्यो दृष्टिकोण राजनीतिक वृत्त र जनस्तर दुवैमा स्थापित हुन सकेन । आन्दोलनमा मारिएका युवा र घाइतेहरूप्रति मानवीय संवेदना र सहानुभूति प्रकट गर्ने कुरामा नेतृत्वले कन्जुस्याइँ गरेको आरोप लाग्न पुग्यो । निर्वाचन मौनअवधिको समयमा बीबीसी (BBC) द्वारा प्रसारित वृत्तचित्रले समेत जनमतलाई हाम्रो विपक्षमा भड्काउने काम गऱ्यो । त्यसमाथि चौतर्फी प्रहार भइरहेको र सिंगो पार्टीपङ्क्ति डिफेन्सिभ रहेका बेलामा पार्टी अध्यक्षलाई नै प्रधानमन्त्रीको उम्मेद्वार घोषणा गरेर निर्वाचनमा जाने कुराले निर्वाचनमा पार्टीपङ्क्ति थप प्रतिरक्षात्मक बन्न पुग्यो । यथार्थमा आमनिर्वाचन २०८२ भदौ २३ र २४ को घटना र को प्रधानमन्त्री हुने विषय मै प्रमुख रुपमा केन्द्रित बन्न गयो । त्यसबाहेकका अन्य सबै विषय र एजेण्डा निर्वाचनमा गौण बन्न पुगे ।

## घ) भूराजनीतिक चलखेल र डिजिटल एल्गोरिदमको प्रभाव

भदौ २३ र २४ को घटनामा 'बरबरा फाउन्डेसन', 'हामी नेपाल' र 'टीओभी' जस्ता बाह्य तार जोडिएका समूहहरूको शंकास्पद भूमिका प्रत्यक्ष रूपमा देखियो । चीनसँगको व्यापार तथा पारवहन सम्झौता, चुच्चे नक्सा, दैलेखको ग्याँस तथा धौवादी फलाम खानी अन्वेषणजस्ता देशभक्तिपूर्ण अडानका कारण बढेको भूराजनीतिक चलखेलको मूल्य पार्टीले चुकाउनुपरेको बुझाइ पार्टीपङ्क्तिको छ । पपुलिष्टहरूले डिस्कोर्ड (Discord) जस्ता नयाँ प्रविधि र सामाजिक सञ्जालका माध्यमबाट डिजिटल एल्गोरिदम प्रयोग गर्न सफल भए । डिजिटल एल्गोरिदमबाट पार्टी र पार्टी नेतृत्वविरुद्ध जनमत भड्काइदा हामीले लिएका देशभक्तिको अडान, भौतिक विकास र सामाजिक न्यायका एजेन्डाहरू पूर्णतः ओझेलमा परे । चुनावको अवधिमा समेत डिजिटल सङ्घर्षमा पार्टीको उपस्थिति अत्यन्त कमजोर रहन पुग्यो । त्यसमाथि एआईको गलत प्रयोगले सेतोलाई कालो र कालोलाई सेता देखाउने काम भयो । निर्वाचनमा यसको प्रभाव उल्लेख्य मात्रामा पर्न गयो । हाम्रो मुलुक र पार्टीका विरुद्धमा बाह्य हस्तक्षेप संविधान निर्माण र संविधान जारी गर्दाका समयमा समेत योभन्दा नाङ्गो रूपमा भएको थियो । तर त्यतिबेला प्रमुख दलहरू एक ठाउँमा थिए र जनताको साथ समेत त्यसको विपक्षमा खडा हुन पुगेको थियो । तर यतिबेला त्यसविपरीत दलहरू एकआपसमा विभाजित थिए र जनता समेत सरकारका विपक्षमा उभिन पुगेका थिए । यस प्रकारको विशिष्ट अवस्थाले पनि पार्टीको नीति र एजेण्डालाई चुनावका समयमा जनतामा लगेर स्थापित गर्न सम्भव भएन । विशेषगरी चुनावका समयमा हाम्रो पार्टीपङ्क्ति रक्षात्मक अवस्थामा रहनु, विपक्षीहरू आक्रमक हुनु र उनीहरूसँग सूचना र प्रविधिको प्रयोग गर्नसक्ने युवा जमात उल्लेख्य मात्रमा हुने कुराले पनि एल्गोरिदमतको तहमा उनीहरूका एजेण्डा स्थापित भए, बनाइए ।

## ङ) नीतिगत अलमल र शासकीय कमजोरीहरू

गठबन्धन सरकार र सत्ता टिकाउन जोड दिने नीतिका कारण पार्टीले आफ्ना घोषित नीति र कार्यक्रममा जोड दिन सकेन । चुनावी घोषणापत्रको कार्यान्वयनमा समेत खासै ध्यान जान सकेन । सरकार संचालनका समयमा पार्टी र सरकारका बीचको समन्वय समेत कमजोर देखियो । प्रधानमन्त्रीसँग अगुवा कार्यकर्ताको भेटघाट सहज नहुँदा त्यसले थप असन्तुष्टी जन्मायो । जनभावनाअनुरूप समृद्ध नेपाल, सुखी नेपालीको नीतिलाई व्यवहारमा लागू गर्न सकिएन । बजेट निर्माणमा सन्तुलन कायम गर्न सकिएन ।  दैनिक सेवा प्रवाहमा ढिलासुस्ती हुनु, शिक्षक, कर्मचारीका माग सम्वोधन नहुँदा उनीहरू असन्तुष्ट हुनु, रासायनिक मलको अभाव र उखु तथा दुग्ध उत्पादक किसानले अनुदान र बिक्रीको रकम नपाउँदा उनीहरू असन्तुष्ट बनेको अवस्था थियो । यसप्रकारको असन्तुष्टीले समेत निर्वाचनका समयमा ठूलो जनाधार गुम्न पुग्यो । भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या समाधान नहुनु, सङ्घीय शिक्षा ऐन, प्रहरी ऐन र निजामती सेवा ऐन नआउँदा सङ्घीयताप्रति सरकार नकारात्मक रहेको सन्देश गयो । सामाजिक सञ्जाललाई दर्ता गरेर मात्र सञ्चालन गर्न दिनेजस्ता निर्णयले युवापङ्क्तिमा आक्रोश बढाउने काम गऱ्यो । त्यसमाथि पार्टी र सरकारका विरुद्धमा भइरहेको भित्री र बाहिरी षड्यन्त्रलाई समयमै बुझ्ने र नियन्त्रणको उपाय खोज्ने कुरामा समेत सरकारका तर्फबाट गम्भीर कमजोरी भएको देखियो । चुनावका बेलामा पार्टीको परम्परागत जनआधार गुम्ने कुरामा माथि उल्लेखित कारणले पनि ठूलो काम गऱ्यो ।

## च) आन्तरिक असन्तुष्टि, साङ्गठानिक बेथिति र गुटबन्दी

निर्वाचनको संघारमा पार्टीको ११औं महाधिवेशनमा प्यानल नै बनाएर पदीय प्रतिस्पर्धा गरिएका कारण तल्लो तहसम्म साङ्गठानिक कित्ताकाट र गुटबन्दी विस्तार हुन पुग्यो । पूर्व राष्ट्रपतिको पार्टी सदस्यता नवीकरणसम्बन्धी विवादले पार्टीपङ्क्तिलाई विभाजित बनाउन पुग्यो । उम्मेद्वार चयन पारदर्शी नहुनु, भएका निर्णयहरू पटक-पटक फेरिनु र भूगोलमा खटिनेभन्दा नेताका वरिपरी घुम्नेले टिकटमा प्राथमिकता पाएको प्रचार हुनुले इमान्दार कार्यकर्तामा असन्तुष्टी पैदा गऱ्यो । निर्वाचन खर्च व्यवस्थापनमा उम्मेद्वार केन्द्रित हुनुपर्दा प्रचारको काम समेत प्रभावित भयो । पछिल्लो समयमा चुनाव खर्चिलो बन्न पुग्दा कमजोर आर्थिक अवस्था भएका इमानदार कार्यकर्ता राजनीतिबाटै पाखा लाग्ने र निराश हुने कुराले पनि निर्वाचन प्रभावित हुन पुगेको देखिन्छ । यसरी नै विगतका निर्वाचनमा अन्तर्घात गर्नेहरूलाई कारबाही नहुँदा सङ्गठनात्मक अराजकता र जे गर्दा पनि हुन्छ भन्ने मानसिकता हुर्कियो । यी कुराको समेत निर्वाचनमा गहिरो प्रभाव पर्न गएको बुझाइ कार्यकर्तापङ्क्तिको छ ।

## २.३ चुनावी पराजयले पार्टी काम र कार्यकर्तामा पारेको असर

भदौ २३ र २४ को घटनाले रक्षात्मक बनेको पार्टीपङ्क्ति निर्वाचनमा भएको गम्भीर पराजयबाट चरम निराश बनेको छ । पार्टी काममा उनीहरूको निस्क्रियता बढेको छ र पलायनताको प्रवृत्ति देखापरेको छ । यस परिस्थितिबाट बाहिर निक्लन पार्टीले नयाँ ढंगले अघि बढोस् भन्ने तीव्र चाहना राखिरहेको छ । निर्वाचनको परिणामले पार्टी काम र कार्यकर्तामा परेको असरलाई प्राप्त सुझावका आधारमा यसरी उल्लेख गर्न सकिन्छः

१. **सदस्यता नवीकरणमा उदासीनताः** आमनिर्वाचन पछि सुरु भएको पार्टी सदस्यता नवीकरणको काम अत्यन्तै सुस्त र कमजोर छ । कतिपय सम्पर्कमै आउन नचाहने र कतिपयले यथास्थितिमा नवीकरण नगर्ने सोच बनाएको पाइन्छ ।

२. **कमिटी प्रणाली र पार्टी काममा शिथिलताः** निर्वाचनपछि निर्वाचन समीक्षा कामको प्राथमिकता बन्नु पर्दथ्यो । पार्टीले चैत महिनाभरिमा निर्वाचनको समीक्षा गरेर पार्टी केन्द्रमा पठाउन भनेर निर्देशन समेत दिइएको थियो । तर पार्टीपङ्क्तिमा समीक्षाको काममा गम्भीर उदासिनता देखियो । तल्ला तहका कमिटीका बैठकहरू आमरूपमा बस्न छाडेका छन् । बैठक बस्दा पनि कोरम नपुग्ने र कोरम पुगे पनि सदस्यहरू छलफलप्रति उदासीन रहने र पूरै समय बैठकमा नबस्ने प्रवृत्ति देखिन्छ । पार्टीका औपचारिक कार्यक्रमहरूमा समेत पहिलेको तुलनामा सहभागिता निकै कमजोर भएको छ । नियमिति सङ्गठनात्मक काम अवरुद्ध जस्तै बनेको छ ।

३. **प्रतिरोधी क्षमतामा ह्रासः** पार्टी कार्यकर्तामा पार्टी नीति एवं नेतृत्वको प्रतिरक्षा गर्ने प्रवृत्तिमा थप ह्रास आएको छ । सामाजिक संजालमा पार्टीपङ्क्तिको उपस्थिति थप कमजोर बनेको छ । सरकारका गलत काम र क्रियाकलापको विरोध र भण्डाफोर गर्ने पार्टी निर्णय समेत कार्यान्वयनमा जान सकेको छैन । पार्टी अध्यक्षको गैरकानूनी र अमानवीय गिरफ्तारी विरुद्धको आन्दोलनमा समेत सोचेअनुरूपको सहभागिता जुट्न सकेन । पार्टी उपाध्यक्षको गैरकानूनी गिरफ्तारीका विरुद्धमा पार्टीपङ्क्तिको राजनीतिक प्रतिवाद समेत निकै कमजोर देखियो ।

४. **दोहोरो चरित्रको समस्याः** निर्वाचनको समय र निर्वाचनपछि कतिपय कार्यकर्तामा दोहोरो सम्पर्क र दोहोरो सदस्यता लिने असरवादी प्रवृत्ति देखिएको छ । निर्वाचनमा पार्टीलाई भोट नहाल्ने तर पार्टीमै बसिरहने प्रवृत्तिले पार्टी जीवनलाई भविष्यमा समेत नकारात्मक असर पुऱ्याउने जोखिम रहेको छ । ठूलो मतान्तरमा हारजित भएका कारणले असहयोग र अन्तर्घातको खोजी गर्ने रुची पनि कार्यकर्तामा देखिदैन । यसले पनि पार्टी भित्र दोहोरो भूमिका खेल्नेहरूको पहिचान गर्नेकुरा समस्याको विषय बनेको छ ।

## २.४ कार्यकर्ताको मनोबल बढाउन र उत्साह थप्न गर्नुपर्ने कामहरू

नेकपा (एमाले) झापा विद्रोहको दमन, दासढुङ्गा हत्याकाण्ड, २०५४ को पार्टी विभाजन, पहिलो संविधानसभाको चुनावी पराजय र २०७८ मा भएको पार्टी विभाजनजस्ता अनेकौं चुनौती र प्रतिकूलतालाई चिर्न सफल भएको गौरवशाली इतिहास बोकेको पार्टी हो । अहिलेको चुनावमा पार्टी पराजित भएका हो, समाप्त भएका होइन । यद्यपी अहिलेको पराजय पार्टी जीवनकै सबैभन्दा गम्भीर धक्का र लज्जास्पद पराजय हो । निर्वाचनको प्रतिकूल परिणामका कारणले मनोवल गिरेका कार्यकर्ताहरूमा आशा जनाउनु र जनतासँग टाढिएको सम्बन्धलाई नयाँ शिराबाट जोड्नु यतिबेलाको मुख्य चुनौती हो । एकपटक पार्टीबाट बाहिरिएको जनमतलाई पार्टीमा फर्काउनका लागि योजनाबद्ध र सचेतन पहलकदमीको आवश्यकता पर्दछ । कार्यकर्ताको मनोबल उकास्नका लागि कार्यदलले प्राप्त गरेको महत्वपूर्ण सुझावहरू निम्नअनुसार रहेका छन्:

१. **कमजोरीहरूको स्वीकारोक्तिः** विगतमा सरकार र पार्टीबाट भएका गम्भीर गल्ती र कमजोरीहरूलाई खुलारूपमा स्वीकार गर्दै आगामी दिनमा त्यस्ता कमजोरी नदोहोऱ्याउने सङ्कल्प गर्नुपर्दछ । पार्टी पुनर्गठनका माध्यमबाट पार्टी नयाँ ढंगले अघि बढेको सन्देश दिन सक्नुपर्दछ ।

२. **पार्टी कामको समीक्षाः** विगतमा पार्टीले के-कति कारणले सफलता हासिल गर्न सफल भएको थियो र अहिले के कति कारणले गम्भीर पराजय व्यहोर्न बाध्य भयो भन्ने कुराको वस्तुनिष्ठ समीक्षा गर्नुपर्दछ । आगामी दिनमा नियमित रूपमा पार्टी कामको समीक्षा र 'आलोचना-आत्मालोचना' को स्वस्थ परिपाटी बसाल्नु पर्दछ ।

३. **व्यापक प्रशिक्षण अभियानः** कार्यकर्तापङ्क्तिमा व्याप्त हीनताबोध र भ्रम हटाउन तथा वैचारिक र राजनीतिक क्षमता बढाउन केन्द्रदेखि स्थानीय तहसम्म परिणाममुखी र योजनाबद्ध वैचारिक-राजनीतिक प्रशिक्षण सञ्चालन गर्नुपर्दछ । उनीहरूमा पार्टीको भविष्यप्रतिको आशावादीता जागृत गर्नुपर्दछ ।

४. **आधारभूत वर्ग र समुदायमा जोडः** जनतासँग टुटेको सम्बन्ध पुनर्स्थापित र गुमेको समर्थन फिर्ता ल्याउन सम्बन्धित वर्ग र समुदायका माग, मुद्दा र एजेण्डाको वास्तविक नेता नेकपा ( एमाले) हो भन्ने गरी पार्टीको भूमिकालाई पुनर्परिभाषित र प्रभावकारी बनाउनु पर्दछ ।

५. **पार्टी अनुशासनको पालना र कार्यकर्ताको मूल्याङ्कनः** निर्वाचनमा अन्तर्घात र असहयोग गर्नेहरूलाई तथ्य र प्रमाणका आधारमा बिना मोलाहिजा कठोर कारबाही गर्नु पर्दछ । पार्टीमा मूल्याङ्कनको वैज्ञानिक विधि र प्रणाली स्थापित गरी काम गर्ने र नगर्नेका बीच स्पष्ट भेद छुट्याउनु पर्दछ । कामका आधारमा दण्ड र पुरस्कारको विधि स्थापित गर्नु पर्दछ ।

६. **प्रभावकारी डिजिटल संयन्त्रको निर्माण:** विरोधीहरूको सामाजिक सञ्जालको प्रचार र भ्रमलाई तथ्यगत रूपमा खण्डन गर्न जिल्ला-जिल्लाहरूमा डिजिटल संयन्त्र र प्रशिक्षित डिजिटल स्वयंसेवकहरूको नेटवर्क निर्माण गर्नुपर्दछ । डिजिटल क्षेत्रको कामलाई प्रभावकारी बनाउनका लागि कन्टेन्ट निर्माणको आधारका रुपमा पार्टीका एजेण्डा, काम र भूमिकालाई बनाउनु पर्दछ । पार्टीविरोधी शक्तिले सामाजिक संजालका माध्यमबाट एल्गोरिदमको तहमा पारेको नकारात्मक प्रभावलाई चिरेर सही विचार र सूचनालाई स्थापित गर्ने सामर्थ्यको निर्माणले कार्यकर्ताको मनोवल बढाउन सकिन्छ भन्ने कार्यकर्ता पंक्तिको विश्वास छ ।

## परिच्छेद ३

## जनतासँगको सम्बन्ध र जनअसन्तोषको विश्लेषण

यतिबेला पार्टीको सम्बन्ध कमजोर भएको कार्यकर्तापङ्क्तिको बुझाई छ । आधारभूत वर्ग र समुदाय समेत पार्टीबाट टाढिएको अवस्था छ । कार्यकर्तापङ्क्तिको बुझाई र प्राप्त सुझावका जनतासँगको सम्बन्ध र जनअसन्तोषको निम्नानुसार विश्लेषण गरिएको छः

### ३.१ जनताको असन्तुष्टिका मुख्य कारणहरू

नेकपाको विघटन र पुनःस्थापित नेकपा (एमाले)मा भएको विभाजनका बाबजुद २०७९ को निर्वाचनमा ५ दलीय गठबन्धनसँग प्रतिस्पर्धा गर्दै पार्टी जनताको रोजाइको पहिलो पार्टी बन्न सफल भएको थियो । तर यति छोटो समयमा पार्टीप्रतिको जनसमर्थन र विश्वास किन यति कमजोर भयो निश्चय नै गम्भीर चिन्ताको विषय हो । २०७९ को जनादेशलाई पार्टीले प्रतिपक्षका रूपमा बस्नका लागि प्राप्त भएको जनादेशका रूपमा विश्लेषण गरेको थियो । तर यथार्थतामा पार्टी कुनै न कुनै हिसाबले सरकारमा रह्यो । पार्टीप्रतिको जनअपेक्षा र सरकारमा रहँदाको काममा देखिएको अन्तर जनअसन्तुष्टीको महत्वपूर्ण कारण बन्न पुग्यो । त्यसमाथि नेतृत्वको कार्यशैली र व्यवहार नै जनअसन्तुष्टिको कारक मान्नेहरूको संख्या पनि ठूलो छ । जनतासँगको सम्बन्ध र जनअसन्तुष्टीका सम्बन्धमा पार्टी कार्यकर्ताबाट प्राप्त सुझाव यसप्रकार रहेका छन् :

१) **राजनीतिक अस्थिरताको प्रभाव:** सत्ता समीकरणमा भइरहने फेरबदले जनतामा नकारात्मक असर गऱ्यो । २०७९ को जनादेश प्रतिपक्षमा बस्नका लागि हो भनेर भनियो । तर सुरुदेखि नै सत्तामा सहभागी हुने कुराले नेकपा (एमाले) सत्ताबिना बाहिर बस्नै सक्तैन भन्ने मान्यता बन्न पुग्यो । त्यसमाथि कहिले माओवादी र कहिले कांग्रेससँग समीकरण बनाउने कुराको औचित्य समेत पुष्टि गर्न सकिएन । यसप्रकारको स्थितिले नेकपा (एमाले) सत्ताकेन्द्रित अवसरवादी पार्टी हो भन्ने भाष्य निर्माण गर्न विपक्षीहरू सफल भए ।

२) **मानवीय संवेदनाको अभाव देखिएको आरोपः** भदौ २३ को 'जेनजी आन्दोलन' मा ज्यान गुमाउने नवयुवा र तिनका परिवारप्रति नेतृत्वले समयमै समवेदना र सहानुभूति प्रकट नगर्दा एमाले 'असंवेदनशील र दम्भी' पार्टी हो भन्ने नकारात्मक भाष्य निर्माण गरियो । त्यसले जनतामा गम्भीर नकारात्मक असर पर्न गयो ।

३) **सुशासनको अभाव र भ्रष्टताको आरोपः** सरकारमा रहँदा रोजगारी, सुशासन र महँगी नियन्त्रणजस्ता विषयमा ठोस परिणाम दिन नसक्दा जनमत नकारात्मक बन्दै गयो । गिरीबन्धु, भुटानी शरणार्थी, ललिता निवास, ओम्नी र यतिहोल्डिङजस्ता कथित काण्डहरूमा पार्टी नेतृत्वको नाम जोड्ने कुराको समयमै सशक्त प्रतिवाद हुन सकेन । त्यसबाट पार्टी र नेताहरूप्रति जनमानसमा नकारात्मक धारणा विकास हुन गयो ।

४) **लक्षित वर्गको उपेक्षाको अनुभूतिः** भूमिहीन सुकुम्वासी, मजदुर, किसान र दलितका समस्या समयमा समाधान हुन सकेनन् । सरकारमा रहँदा उखु किसानको अनुदान र दुग्ध किसानको बक्यौता भुक्तानी हुन सकेन । त्यसमाथि उखु किसानको अनुदान कटौती थप नकारात्मक धारणाको विकास भयो । ग्रामीण क्षेत्रका अगुवाको भूमिकामा रहेका शिक्षकको मागलाई सम्वोधन गर्न नसक्दा त्यसले निर्वाचन र पार्टी निर्माणमा समेत असर पार्ने काम गऱ्यो । विभिन्न कारणले विगतमा पार्टीको आधारस्तम्भका रूपमा रहेका लक्षित वर्ग र समुदाय क्रमशः पार्टीबाट टाढिँदै गए ।

५) **विलासी जीवनशैली र विवादास्पद व्यक्तिसँगको उठबसः** कतिपय नेता र कार्यकर्ताहरूको रवाफिलो र सुविधामुखी जीवनशैलीले कम्युनिष्ट मूल्य-मान्यतामाथि प्रश्न उठ्न पुग्यो । त्यसमाथि कतिपय विवादास्पद व्यक्तिहरूसँगको उठवसको चर्चाले सर्वसाधारणमा पार्टीप्रति नकारात्मक धारणा बन्न पुग्यो । पार्टी सरकारमा रहेका बेलामा कार्यकर्ता र नेताले भेटघाट गर्न मुश्किल हुने र सुकिलामुकिलाले सहज पहुँच पाउने चर्चाले नकारात्मक धारणालाई बल पुऱ्याउने काम गऱ्यो ।

६) **अवसरको न्यायोचित वितरणमा समस्याः** समानुपातिकलाई नदोहोऱ्याउने अघिल्लो नीतिलाई परिवर्तन गर्दा 'एकदिन काम गर्ने सबैको पालो आउछ' भन्ने मान्यता खण्डित हुन पुग्यो । त्यसमाथि एउटै व्यक्तिले पटक-पटक अवसर पाउँदा पार्टीमा काम गर्ने निष्ठावान् कार्यकर्ता निराश हुनपुगे । अहिलेको संकटपूर्ण अवस्थामा अवसर पाएकाहरू नै अवसरको खोजीमा पार्टीबाट बाहिरिएको देखिदा पार्टीपङ्क्तिमा नेतृत्वप्रतिको असन्तोष र निराशा उत्पन्न भएको छ ।

७) **जनप्रतिनिधिहरूप्रतिको असन्तोषः** अधिकांश निर्वाचित जनप्रतिनिधिहरू कमिटीको नियन्त्रण बाहिर रहेको पार्टीपङ्क्तिको बुझाइ छ । निर्वाचनका समयमा पार्टीले चुनाव जितेको ठाउँमा

जनतासँग भोट माग्न गाह्रो भएको अनुभूति उनीहरूले गरेका छन् । पार्टीसँग जनप्रतिनिधिको समन्वय नहुने र जनप्रतिनिधिले गरेका राम्रा कामको पार्टी नेतृत्वले आत्मसात समेत नगर्ने अवस्थाले निर्वाचित र पार्टी नेतृत्वका बीचमा अन्तरविरोध बढेको छ र जनप्रतिनिधिप्रति जनविश्वास गुम्दै गएको देखिन्छ। यस प्रकारको गुनासो र असन्तुष्टी तीनै तहका जनप्रतिनिधिका सन्दर्भमा देखिन्छ ।

## ३.२ जनसम्बन्ध सुधारका ठोस सुझावहरू

पार्टीको जनमत पार्टीबाट टाढा गएपछि 'जनताले कुरा बुझेनन्', 'जनता भ्रममा परे', 'जनताले गम्भीर गल्ती गरे', 'अब जनताले दुःख पाउँछन्' जस्ता कुराले पार्टीबाट टाढिन पुगेका जनता पार्टीका पक्षमा फर्कने सम्भावना झनै कमजोर हुन पुग्दछ । जनताको समर्थन फिर्ता ल्याउन र नयाँ समर्थन प्राप्त गर्नका लागि पार्टी आत्मसमिक्षक र आत्मआलोचक भएर प्रस्तुत हुनुपर्दछ। जनसम्बन्ध सुधारका सन्दर्भमा निम्नानुसारका महत्वपूर्ण सुझाव प्राप्त भएका छन् :

१) **सार्वजनिक क्षमायाचनाः** पार्टी र सरकारले विगतमा गरेका कामहरूको वस्तुनिष्ट समीक्षा गर्नुपर्दछ । त्यसक्रममा भएका कमिकमजोरीका लागि जनता र कार्यकर्तासमक्ष खुलाखुलस्त रूपमा माफी माग्नु पर्दछ । भविष्यमा यसप्रकारका कमीकमजोरी नदोहोरिने प्रतिवद्धता व्यक्त गर्नुपर्दछ ।

२) **'मतदाता-केन्द्रित' कार्यशैलीः** कोठे प्रवृत्ति र भाषणमुखी शैली त्यागेर नेता-कार्यकर्ता अनिवार्य रूपमा आ-आफ्नो भूगोल (गाउँ, वडा र टोल तह) मा खटिएर जनताको सेवामा जोडिनु पर्दछ । जनताका बीचमा जाने, जनताको कुरा सुन्ने, जनप्रिय बन्ने र जनताको माग र एजेण्डाको अगुवाइ गर्नुपर्दछ ।

३) **लक्षित वर्गको राजनीतिः** रोजगारी, उत्पादन, आयआर्जन, शिक्षा, स्वास्थ्य र सामाजिक न्यायजस्ता विषयलाई राजनीतिक एजेन्डा बनाएर पार्टीको वर्ग दृष्टिकोणअनुरूप आधारभूत वर्ग र लक्षित समुदायका बीचमा पार्टी कामलाई केन्द्रित गर्नुपर्दछ। उनीहरूको हित र सरोकारका विषयमा देशव्यापी अभियान र आन्दोलन संचालन गर्नुपर्छ ।

४) **सम्पत्ति स्वघोषणा र पारदर्शिताः** भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीतिअनुरूप कमिटीको कार्यकारी भूमिकामा रहने पदाधिकारी र जनप्रतिनिधिहरू निर्वाचित भएर आउँदा र पदबाट बिदा हुँदा आफ्नो आर्थिक अवस्थाको अनिवार्य 'स्वघोषणा' गर्ने वैधानिक व्यवस्था गर्नुपर्दछ ।

५) **युवा (Gen–Z) लक्षित योजनाः** ३० वर्ष मुनिका युवाहरूको मनोविज्ञानलाई सम्बोधन गर्ने नीति अघि बढाउने र उनीहरूलाई कार्यक्रमको शोभा बढाउने भीडका रूपमा मात्र नभई

विचार र नेतृत्वको निर्णायक तहमा स्थापित गर्नेगरी कार्ययोजना बनाइ कार्यान्वयनमा लैजानु पर्दछ ।

६) **भाषाशैलीको सरलीकरण:** जनतालाई हेप्ने वा उडाउने खालका अभिव्यक्ति पूर्णतः बन्द गरी विनम्र भाषाशैली अपनाउनु पर्दछ । नवयुवा पुस्ताले बुझ्ने किसिमको सरल भाषाशैली प्रयोग गर्नुपर्दछ ।

७) **प्रविधिको प्रयोग र 'जनप्रतिनिधि स्कूल':** कृत्रिम बुद्धिमत्ता (AI) र सामाजिक सञ्जाल व्यवस्थापनका लागि प्रशिक्षित डिजिटल स्वयंसेवक परिचालन गरिनुपर्छ। जनप्रतिनिधिलाई सक्षम र जवाफदेही बनाउन 'जनप्रतिनिधि स्कूल' सञ्चालन गरिनु पर्दछ। पार्टी निर्देशन नमान्नेलाई फिर्ता बोलाउन सक्ने (रिकल) राजीनामा बैंकको व्यवस्था गर्नुपर्छ ।

८) **पार्टी जागरण अभियान:** जनताको दुखेको मन जोड्न सिङ्गो नेतृत्वपङ्क्ति त्यागको घोषणासहित कम्तिमा ६ महिना अनिवार्य रूपमा जनताको घरदैलोमा जाने विशेष कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

## परिच्छेद ४:

## सङ्गठनात्मक अवस्थाको विश्लेषण

कार्यदललाई प्राप्त सुझावका आधारमा पार्टीको सङ्गठनात्मक अवस्थाको विश्लेषण पार्टी जीवनमा देखिएका समस्या र समाधानका उपायका रुपमा निम्नानुसार शुत्रवद्ध गरिएको छः

### ४.१ पार्टीको सङ्गठनात्मक जीवनमा देखिएका मुख्य समस्याहरू

१) **सङ्गठनात्मक पद्धति र कमिटी प्रणाली कमजोर बन्नु:** सङ्गठन प्रद्धति र कमिटी प्रणालीमा अत्यन्त सबल मानिएको नेकपा (एमाले)को सङ्गठनात्मक जीवन पछिल्लो समय गम्भीर रूपमा प्रभावित भएको छ । कमिटीमा सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको प्रणाली र अभ्यास कमजोर भएको छ । कुनै महत्वपूर्ण निर्णय गर्दा वा सामान्यभन्दा सामान्य विवाद उत्पन्न हुँदै सिधै केन्द्र धाउने अवस्था सिर्जना भएको छ । यसप्रकारको अवस्थाले कमिटी प्रणाली कमजोर हुन गई कमिटीको नियमित कामको महत्व र प्रभाव घटेको छ । सम्वन्धित तहको नेतृत्वको भूमिका र प्रभाव पनि कमजोर हुन पुगेको छ ।

२) **नेतृत्वकेन्द्रित कार्यशैलीको असर:** नेतृत्वकेन्द्रित कार्यशैलीले मातहतको नेतृत्व र तलका कमिटीहरूको भूमिका र प्रभाव कमजोर भएको छ । यसप्रकारको स्थितिले सङ्गठनात्मक र

वैचारिक काममा खटिनेभन्दा अवसरका लागि नेताको वरिपरी घुम्ने, चाकडी र चाप्लुसी गर्ने प्रवृत्ति बढ्दै गएको छ । अवसरको बाडफाँडमा पनि त्यस्ता कार्यकर्ताले महत्व पाउन थालेको अनुभूति कार्यकर्तापङ्क्तिलाई हुनपुग्नुले पार्टी निर्माणमा गम्भीर समस्या उत्पन्न भएको छ । यसबाट कार्यक्षेत्रमा इमान्दारिताका साथ काम गर्ने कार्यकर्ता हतोत्साही हुन गई अवसरका लागि मुख्य नेताले जे भन्यो, जे गऱ्यो त्यसकै पछि लाग्ने प्रवृत्ति विकास हुन पुगेको छ ।

३) **भद्दा र निस्क्रिय कमिटीहरू:** केन्द्रदेखि वडा र टोल तहसम्मका कमिटीहरू अत्यधिक ठूला र भद्दा भएकाले बैठकहरू रचनात्मक बहसको थलो हुनुको साटो प्रमुख नेताले ल्याएका कुरा अनुमोदन गर्ने औपचारिक थलो बन्न पुगेका छन् । कोरमको अभावमा अधिकांश पालिका र सोभन्दा मुनिका कमिटीका बैठकहरू नै बस्न छोडेका छन् । बसिहाले पनि कोरम नपुगेर विस्तारित बैठकका नाममा औपचारिकतामा सीमित हुने गरेका छन् ।

४) **आलोचना/आत्मआलोचना संस्कृतिको अभाव:** अन्तरपार्टी लोकतन्त्र कमजोर भएको र खुला रूपमा बोल्ने वातावरण नबन्दा बैठकहरू निरस बन्न थालेका छन् । कमिटी बाहिर सामाजिक संजालमा जथाभावी बोल्ने र लेख्ने प्रवृत्ति मौलाएको छ । कमिटीमा आलोचना र आत्मालोचनाको संस्कृति पूर्णरूपमा हराएको छ र कसैले आफूलाई लागेको कुरा सुझाव वा आलोचनाका रूपमा राख्दा त्यसलाई व्यक्तिगत इगोको रूपमा लिने प्रवृत्ति बढेको छ ।

५) **सदस्यता नवीकरण र विस्तारमा समस्या:** आफ्नो प्रभाव र प्रभुत्व विस्तारका नाममा सदस्यता नवीकरण र विस्तारमा विकृति देखिन थालेको छ । सदस्य संख्या बढाउने नाममा कतिपय ठाउँमा गुणस्तरहीन सदस्यको संख्या उल्लेख्य मात्रामा बढेको देखिन्छ । यसबाट पार्टीमा काम गर्ने वास्तविक सदस्यको अधिकार र भूमिका खुम्चिने अवस्था छ । यसपटकको निर्वाचनमा मधेश प्रदेशका ९ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा त पार्टीको सङ्गठित सदस्य संख्याभन्दा पार्टीको समानुपातिक मत कम आएको अवस्था छ ।

६) **उम्मेद्वार चयनमा कमजोरी:** निर्वाचनमा सफलताका लागि सही उम्मेद्वारको छनोट आवश्यक विषय हो । तर निर्वाचनमा टिकट वितरण गर्दा स्थानीय भूगोल र तल्ला कमिटीको सिफारिस बेवास्ता गरी माथिबाट लाद्ने प्रवृत्ति बढेको आरोप लाग्ने गरेको छ । टिकट वितरण स्थानीय कार्यकर्ता र जनताको माग र चाहनाका आधारमा भन्दा भनसुन र आग्रहका आधारमा गर्दा परिणाममा समेत गम्भीर असर पुगेको देखिन्छ । टिकटको अपेक्षा र प्राप्तिको विषयमा आधारित गुटबन्दी र असर स्थानीय तहको मुख्य समस्या बनेको छ ।

७) **केन्द्रीय आयोगहरूमा असन्तोष:** नियन्त्रण र सन्तुलनको सिद्धान्तअनुरूप गठन भएका केन्द्रीय निर्वाचन, अनुशासन र लेखा आयोगजस्ता महाधिवेशन प्रति उत्तरदायी र स्वायत्त निकायहरूलाई कमजोर बनाइएको आरोप लाग्ने गरेको छ । आयोगहरू कमजोर र निस्क्रिय बनाइएको कारणले

सङ्गठनात्मक अराजकता र अनुशासनहीनता तथा आर्थिक अनुशासनमा कमी आएको बुझाइ सम्वन्धित क्षेत्रको छ ।

८) **पार्टी विधान संशोधन असरः** पहिलो र दोस्रो विधान महाधिवेशनबाट विधानमा रहेको 'दुई कार्यकाल' र '७० वर्षे उमेर हद' को पार्टी जीवनको लोकतान्त्रिकरणका मुख्य विषयका रूपमा रहेको र उक्त व्यवस्थालाई संशोधान गरेर हटाउँदा त्यसले पार्टीमा गम्भीर असर पारेको देखिन्छ । यसप्रकारको परिवर्तनले पार्टीपङ्क्तिको क्रियाशिलता र नयाँ पुस्तालाई पार्टी र आन्दोलनमा जोड्ने कुरामा समेत गम्भीर असर पारेको बुझाइ छ ।

९) **शक्तिको अति-केन्द्रीकरण र तहगत उत्तरदायित्वको अभावः** दोस्रो विधान अधिवेशनबाट पार्टी विधानमा अध्यक्षकेन्द्रित शक्ति विन्यास गरिएकाले कमिटीको निर्णय क्षमता र नेतृत्व विकासको आधार कमजोर हुन पुगेको छ । कमिटीहरू अति ठूला भएकाले माथिल्ला कमिटीहरू दुई-तीन तह मुनिका कमिटीको कार्यक्षेत्रमा ओर्लिएर परिचालनमा केन्द्रित हुँदा स्थापित तहगत प्रणालीको महत्व र ती तहका कमिटीहरूको उत्तरदायित्वको अभ्यास खण्डित भयो । मातहत कमिटीमा स्वपरिचालनमा कमी आएको छ र केन्द्रको मुख ताक्ने प्रवृत्ति बढेर गएको छ ।

१०) **अनुशासनहीनता र अराजकतामा वृद्धिः** अधिवेशनका समयमा पार्टीमा एकातिर प्रतिस्पर्धालाई कमजोर तुल्याउने र अर्कोतिर परिणामलाई स्वीकार नगर्ने प्रवृत्ति बढेको छ । यसप्रकारको अवस्थाले पार्टीमा स्थायी गुटबन्दीको जोखिम बढाएको छ । त्यसमाथि जिम्मेवार नेता-कार्यकर्ताले आफ्ना नीतिगत असहमतिहरू कमिटीमा नराखी पपुलिस्ट बन्न सामाजिक सञ्जाल वा मिडियामा छरपस्ट पार्ने अराजक प्रवृत्ति बढेको छ । नेतृत्वमा पनि असहमति र असन्तुष्टीका बारेमा बोलाएर छलफल गर्नेभन्दा कित्ताकाट गर्ने प्रवृत्ति बढेको छ । यसले जनतामा पार्टीप्रतिको अनास्था र अविश्वास बढाउने काम गरेको छ ।

## ४.२ पार्टीको सङ्गठनात्मक समस्या समाधानका सुझावहरू

१) **उमेर हद र कार्यकाल सीमाको पुनर्स्थापनाः** विधानबाट हटाइएको '७० वर्षे उमेर हद' र मुख्य कार्यकारी पदहरूमा 'बढीमा दुई कार्यकाल' को व्यवस्था पार्टी जीवनको लोकतान्त्रिकरणको महत्वपूर्ण विषयका रूपमा रहेको हुँदा त्यसलाई पार्टी विधान संशोधन गरेर पुनः लागू गर्नुपर्दछ भन्ने अधिकांशको राय रहेको छ । यसले पार्टीमा नेतृत्व विकास र हस्तान्तरणलाई सहज बनाउने मात्र होइन, पार्टीमा गतिशिलता ल्याउन र नयाँ पुस्तालाई पार्टीमा जोड्न समेत सहयोग पुग्ने बुझाई कार्यकर्ता पङ्क्तिको छ ।

२) **कमिटीहरूको आकारमा चुस्तताः** हालका अत्याधिक भद्दा, ठूला र औपचारिकतामा मात्र सीमित हुने कमिटीहरू विघटन गरी आकार सानो र छरितो बनाउनु आवश्यक देखिन्छ । कमिटी सानो

आकारको बनाउन सक्दा नै पार्टीमा सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको प्रणालीलाई बलियो गरी स्थापित गर्न सकिने विश्वास अधिकांशको रहेको छ ।

३) **अवसरको न्यायोचित वितरणः** पार्टीमा कार्यकर्ताको समर्पण र क्रियाशीलतामा वृद्धि नगरिकन पार्टी जनताका बीचमा स्थापित हुन सक्दैन । पार्टीपङ्क्तिलाई पार्टीप्रति समर्पित र क्रियाशिल बनाउनका 'एक व्यक्ति एक पद' को नीति लागु गर्नुपर्ने सुझावमा जोड दिइएको छ । एउटै व्यक्ति लगातार दुई पटकभन्दा बढी प्रधानमन्त्री, मन्त्री वा स्थानीय प्रमुख हुन नपाउने र एकपटक प्रत्यक्ष वा राष्ट्रियसभा सदस्य भइसकेकालाई पुनः समानुपातिकमा नराख्ने व्यवस्था गरिनुपर्दछ भन्ने सुझाव धेरैको छ ।

४) **सामूहिक नेतृत्वको र शक्तिको विकेन्द्रीकरणः** 'म' होइन 'हामी' भन्ने भावना विकासमा जोड दिनुपर्दछ । सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको स्थापित मान्यतालाई व्यवहारमा कार्यान्वयन गरिनु पर्छ । अध्यक्षकेन्द्रित शक्तिको केन्द्रीकरण गरिएको वैधानिक व्यवस्थामा सुधार गरी कमिटीको अधिकार र भूमिकालाई स्थापित गरिनु पर्दछ । तल्ला कमिटीको क्षेत्राधिकार र भूमिकालाई विधानतः र व्यवहारमा समेत विस्तार गरिनु पर्दछ ।

५) **उम्मेदवार चयन प्रकृयामा सुधारः** सङ्घीय, प्रदेश तथा स्थानीय निर्वाचनका उम्मेद्वार चयनमा केन्द्रको भूमिका हावी हुने गरेको छ । उम्मेद्वार चयन गर्दा तलको सिफारिसलाई प्रमुख आधार बनाउनु पर्दछ । अन्तिम समयमा उम्मेद्वार फेरबदल गर्ने कुरा अन्त्य गरिनु पर्दछ । उम्मेद्वार चयन गर्दा स्थानीय कमिटीको सिफारिस वा सङ्गठित सदस्यहरूको आन्तरिक निर्वाचन (Primary Election) मार्फत लोकप्रिय पात्र छनोट गर्ने विधि अपनाउनु पर्दछ ।

६) **अन्तर्घातमाथि कठोर कारवाहीः** निर्वाचनमा आफ्नै पार्टीका उम्मेद्वार हराउन अन्तर्घात वा असहयोग गर्नेहरूलाई बिना मोलाहिजा अनुशासनको दायरामा ल्याई निश्कासन वा सांगठनात्मक कारवाही गर्नुपर्दछ । विना गम्भीर आत्मआलोचना महत्वपूर्ण जिम्मेवारीमा ल्याउने कुराले कार्यकर्तामा असन्तुष्टी बढाउने कुराप्रति ध्यान जानु आवश्यक देखिन्छ ।

७) **आयोगहरूको स्वायत्तता र क्रियाशिलताः** पार्टीको आन्तरिक जीवनलाई लोकतान्त्रिक बनाउने उद्देश्यले अवम्बन गरिएको नियन्त्रण र सन्तुलनको सिद्धान्तअनुरूप गठन गरिएका केन्द्रीय निर्वाचन आयोग, अनुशासन आयोग र लेखा आयोगजस्ता निकायहरूलाई पूर्णतः स्वायत्तता दिई विधि, विधान र आर्थिक अनुशासन पालना गराउने कुरामा क्रियाशील बनाउनु पर्दछ ।

८) **सदस्यता वितरण र नवीकरणमा गुणस्तरीयताः** संख्या बढाउने नाममा गरिने गुणस्तरहीन सदस्यता विस्तार र नवीकरणको 'ठेकेदारी प्रथा' अन्त्य गरिनु पर्दछ । सदस्यता वितरण प्रक्रियालाई व्यवस्थित गर्दै कार्यकर्ताको स्तर र उमेर समूहका आधारमा वर्गीकरण गरी अभिलेखलाई पूर्णतः डिजिटल बनाइनु पर्दछ ।

९) **आलोचना आत्मआलोचना पद्धती स्थापित गर्ने:** पार्टी र सरकारका कामको समीक्षा नियमित रूपमा गर्नुपर्दछ । पार्टीमा आलोचना आत्मालोचनाको स्वस्थ पराम्पराको अभ्यास पुनः स्थापित गरिनु पर्दछ । पार्टी र कमिटीभित्र छलफल र बहसको स्वस्थ परम्पराको विकास गरिनु पर्दछ । पार्टी कार्यकर्तामा अध्ययन गर्ने र प्रश्न गर्ने बानीको विकास गरिनु पर्दछ । जनस्तरका सुझाव र आलोचना सुन्ने तथा जायज सुझाव र आलोचनालाई ग्रहण गर्ने व्यवस्थित प्रणालीको विकास गरिनु पर्दछ ।

## परिच्छेद ५:
## पार्टीसम्वद्ध जनसङ्गठनको अवस्था र विश्लेषण

पार्टीसम्वद्ध जनसङ्गठनहरू पार्टीको उद्देश्यअनुसार जनमत बढाउने र सङ्गठनको विकास एवम् विस्तार गर्ने महत्वपूर्ण माध्यम हुन् । हरेक जनसङ्गठनलाई आफ्नै वर्ग वा समुदायका मुद्दाहरूसँग जोड्दै सोही वर्गको विश्वसनीय नेताका रूपमा स्थापित गर्नुपर्छ । जनसङ्गठनको विद्यमान अवस्था र यसमा गर्नुपर्ने सुधारका सम्बन्धमा प्राप्त राय तथा सुझावहरू निम्न बमोजिम छन्:

### ५.१ जनसङ्गठनहरू कमजोर हुनुका मुख्य कारणहरू

१) **स्वायत्तताको अभाव** : जनसङ्गठनहरूले आ-आफ्नो समुदाय र वर्गीय मुद्दामा स्वतन्त्र रूपमा काम गर्न सकिरहेका छैनन्/पाइरहेका छैनन् भन्ने बुझाइ छ । अधिकांश जनसङ्गठनमा पार्टीप्रतिको अत्यधिक निर्भरता बढेको देखिन्छ । नियमित सङ्गठनात्मक काममा पनि पार्टी मुख्य नेतृत्वको निर्देशनको अपेक्षा गर्ने र सामान्य भेटघाटमा दिएको सुझावलाई पार्टीको निर्देशनका रूपमा छलफल विना लाद्ने र नेतृत्वले पनि नियमित सङ्गठनात्मक काममा समेत हस्तक्षेप गर्ने प्रवृत्तिले कमिटीको भूमिकालाई कमजोर बनाएको छ । नेतृत्व निर्माणमा सम्वन्धित तहको कामबाट हुन्छ भन्ने मान्यता कमजोर हुन पुग्दा काममा असर परेको बुझाइ सम्बन्धित क्षेत्रको देखिन्छ । यसप्रकारको अवस्थाले जनसङ्गठनहरू मात्र कमजोर भएका छैनन्, पार्टीको प्रभाव पनि खुम्चिन पुगेको छ ।

२) **'नेतामुखी र पदमुखी' प्रवृत्तिः** जनसङ्गठनहरूमा अधिवेशनका बेलामा अत्यधिक सक्रिय हुने र अघि-पछि सिथिल बन्दै जाने समस्या देखिने गरेको छ । जनसङ्गठनमा समुदायमा केन्द्रित हुनेभन्दा नेताको वरिपरि घुमेर पद र अवसर खोज्ने प्रवृत्ति बढेको छ । यसबाट आफ्नो क्षेत्रको कामबाट नेतृत्वमा स्थापित हुने प्रतिस्पर्धात्मक वातावरण जनसङ्गठनहरूमा क्रमशः कमजोर बन्दै गएको छ ।

३) **नेतृत्व चयनमा व्यथितिः** तल्ला कमिटी र कार्यकर्ताको सुझाव र भावनालाई ख्याल नगरी कार्यसम्पादनको मूल्याङ्कन समेत नगरी केन्द्र र माथिल्लो कमिटीबाट नेतृत्व चयन गर्ने अभ्यासले सङ्गठनमा असन्तुष्टी र सिथिलता बढेको गुनासो छ । जनसङ्गठनका अधिवेशनहरू औपचारिकतामा सीमित बनाइएको आरोप लाग्ने गरेको छ । हिजोका दिनमा नयाँ वैचारिक कार्यकर्ता र नेता उत्पादन गर्ने नर्सरीका रूपमा रहेका जनसङ्गठनहरू आज कमजोर र निष्प्रभावी बन्दै गएका छन् । जनसङ्गठनमा पार्टी कमिटीसँगको तहगत समन्वयको अभाव देखिन्छ । माथि समन्वय गरे पुग्छ भन्ने मान्यताले पनि तलको काममा समन्वय हुनसकेको देखिदैन ।

## ५.२ जनसङ्गठनहरूलाई बलियो र प्रभावकारी बनाउने सुझावहरू

१) **पूर्ण स्वायत्तताको ग्यारेन्टीः** जनसङ्गठनहरूलाई पार्टीको नीतिगत नेतृत्वमा सङ्गठनात्मक स्वायत्तता प्रदान गरी आ-आफ्नो वर्ग र समुदायका मुद्दामा स्वतन्त्र रूपमा काम गर्ने वातावरण निर्माण गरिनु पर्दछ। जनसङ्गठनहरूसँग पार्टीसँगको अन्तरसम्बन्ध तहगत समन्वयको नीतिका आधारमा गरिनु पर्दछ ।

२) **जनसङ्गठनहरूको वर्गीकरण र नियमनः** कुन-कुन जनसङ्गठनलाई पार्टीको आधारभूत जनसङ्गठनका रूपमा संचालन गर्ने र कुनकुन जनसङ्गठनलाई पार्टीको परोक्ष नेतृत्वमा संचालन गर्ने भन्ने कुरामा मापदण्ड बनाउनु आवश्यक छ । पेसागत क्षेत्रको कामका बारेमा नयाँ ढंगले सोच्नुपर्ने देखिन्छ । जनसङ्गठनको कामलाई उनीहरूको कामको प्रकृतिका आधारमा वर्गीकरण र संचालनको विधि अवलम्बन गर्नुपर्दछ ।

३) **वर्गीय र सामुदायिक आन्दोलनको अगुवाइः** जनसङ्गठनहरूले वर्षैभरि आआफ्नो समुदायको भरोसायोग्य अगुवा सङ्गठनको रूपमा क्रियाशील हुनुपर्दछ । राष्ट्रिय राजनीतिमा दवाव र जागरणको भूमिका निर्वाह गर्नुपर्ने खास अवस्थामा उनीहरूले पार्टीको मोर्चासङ्गठनको रूपमा भूमिका खेल्नु पर्दछ । पार्टीसम्वद्ध जनसङ्गठनहरूले आफ्नो वर्ग र समुदायको हितको अलावा श्रमजीवी, दलित, सुकुम्वासी, महिला र सीमान्तकृत वर्गका हक-हितका मुद्दाहरूलाई एजेन्डा बनाएर साझा आन्दोलनको विकासमा योगदान दिनुपर्दछ ।

४) **पूर्ण लोकतान्त्रिक अभ्यासः** पार्टीसम्वद्ध सबै जनसङ्गठन जबजको लोकतान्त्रिक मूल्य-मान्यताअनुरूप सम्वन्धित वर्ग समुदायको भरोसायोग्य नेताका रूपमा संचालित र स्थापित हुनु पर्दछ । आन्तरिक लोकतान्त्रिक प्रतिस्पर्धा, योग्यता र कार्यक्षमताका आधारमा नेतृत्व चयन गर्ने काम गर्नुपर्दछ । पार्टीले जनसङ्गठन समन्वयमार्फत उनीहरूकै वैधानिक व्यवस्थाअन्तर्गत विधिसम्मत ढंगले पार्टी निर्देशन कार्यान्वयन गराउनु पर्दछ। पार्टीले आमरूपमा

जनसङ्गठनहरूलाई आफ्नो वैधानिक व्यवस्थाअनुरूप संचालित र परिचालित हुने कुरामा सहजीकरण गर्नुपर्दछ ।

५) **पार्टी कमिटीमा सम्मानजक भूमिकाः** जनसङ्गठनमा लामो समय काम गरेर नेतृत्वमा स्थापित भइसकेका नेताहरू त्यहाँबाट विदा भइ पार्टी काममा सहज संलग्न हुने परिपाटीको विकास गर्नु पर्दछ। जनसङ्गठनमा भूमिका निर्वाह गरेर पार्टी काममा जोडिन चाहने नेता र कार्यकर्ताहरूलाई पार्टीका विभिन्न तहका कमिटीहरूमा सम्मानजनक ढङ्गले स्थापित गरिनु पर्दछ । त्यसका लागि स्पष्ट मापदण्ड र नीति बनाउनु पर्दछ ।

७) **सूचना र प्रविधिको प्रयोगमा जोडः** पार्टीसम्वद्ध जनसङ्गठनकको कामलाई सूचना प्रविधिसँग जोड्ने काम गर्नुपर्दछ । आजको नयाँ पुस्ता सूचना प्रविधिको प्रयोग गर्दै हुर्किएको पुस्ता भएका कारणले सूचना प्रविधिको प्रयोगबाट नै उनीहरूलाई सङ्गठनमा आवद्ध गर्न सकिन्छ । सामाजिक संजालमा भइरहेको मिस इन्फर्मेसन र डिसइन्फर्मेसनका आधार डिजिटल एल्गोरिदमको विकास गर्ने प्रवृत्तिका विरुद्धको सङघर्षमा पनि पार्टीसम्वद्ध जनसङ्गठनको भूमिकालाई प्रभावकारी बनाउनु पर्दछ ।

## परिच्छेद ६

## सरकार र जनप्रतिनिधिको काम

यसपटकको निर्वाचनमा केन्द्र सरकार र प्रदेश सरकार र स्थानीय जनप्रतिनिधिको कामको प्रत्यक्ष असर परेको बुझाइ कार्यकर्तापङ्क्तिको रह्यो । कतिपय ठाउँमा त पार्टीले चुनाव जितेका ठाउँमा भन्दा चुनाव हारेको ठाउँमा भोट माग्न सजिलो भएको र भोट बढेको विश्लेषण छ । हाम्रो पार्टी नेकपा (एमाले) सरकारमा पुग्ने कुरालाई लक्ष बनाएर अघि बढेको पार्टी होइन । समाजको परिवर्तन र रूपान्तरणको ध्येय र उद्देश्य पुरा गर्नका लागि सरकार एउटा सशक्त माध्यम बन्न सक्दछ भन्ने मान्यता राख्ने पार्टी हो । अहिलेको निर्वाचनमा केन्द्र सरकारको कामको असर सबैभन्दा बढी परेको कार्यकर्तापङ्क्तिको बुझाइ रहेको छ । राजकीय क्षेत्र र जनप्रतिनिधिको काम सन्दर्भमा प्राप्त राय र सुझावहरू यसप्रकार रहेका छन् :

### ६.१ औँल्याइएका मुख्य कमजोरीहरू

१) **सुशासनको अभावः** पार्टीको नेतृत्वमा संचालित सरकारले गरेका राम्रा कामहरू देशभक्तिको विषय, पूर्वाधार विकासको विषय र सामाजिक सुरक्षाको विषय सुशासनमा देखिएको अभावका कारणले ओझेलमा परेको देखिन्छ । पार्टीले सरकारको नेतृत्व गरिरहेका समयमा नेतृत्वका विरुद्धमा गिरिबन्धु, भुटानी शरणार्थी, ललिता निवास, यति होल्डिङ र ओम्नीजस्ता तथ्यहीन

आरोप सुनियोजित ढंगले लगाइयो । यसप्रकारका आरोपहरूको समयमै सशक्त प्रतिवाद गर्न नसक्दा जनतामा नकारात्मक असर पर्यो । त्यसमाथि पार्टी सरकारमा रहँदा सुशासन र सेवाप्रवाहमा देखिएका समस्या र कतिपय विकृतिजन्य क्रियालापको शिकार समेत पार्टी बन्न पुग्यो । गठबन्धन सरकारमा अन्य पार्टीका मन्त्रीहरूको कमजोरीको भागिदार समेत पार्टी बन्न पुग्यो । यसप्रकार स्थितिले समेत पार्टीको छवि सुशासन विरोधी जस्तो बन्न गयो ।

२) **सन्तुलित र योजनावद्ध विकासको अभावः** पार्टी नेतृत्वको सरकार बन्दा पूर्वाधार विकासका ठूला-ठूला आयोजनाहरू अघि बढे । सामाजिक सुरक्षाका क्षेत्रमा महत्वपूर्ण काम भए । तर क्षेत्रगत विकासका दृष्टिकोणबाट हेर्दा बजेट कार्यक्रम योजनावद्ध र सन्तुलित रहन सकेन । बजेट कार्यक्रम प्रधानमन्त्री-मन्त्रीकेन्द्रित भएको कुरा सार्वजनिक भए । यसप्रकारको अवस्थाले पार्टीभित्र र बाहिर समेत असन्तुष्टी उत्पन्न हुनपुग्यो । पूर्वाधार विकास र सामाजिक विकासको काममा सन्तुलन कायम हुन सकेन ।

३) **पार्टी नीति र कमिटीहरूको उपेक्षाः** सरकार सञ्चालन गर्दा पार्टी नीति र चुनावी घोषणापत्रलाई ध्यान नदिएको आरोप लाग्ने गरेको छ । सरकार संचालनका क्रममा पार्टी कमिटीहरूको भूमिका र सुझावलाई पूर्णरूपमा उपेक्षा गरिएका गुनासाहरू रहेका छन् । राजनीतिक नियुक्तिहरूको कारणले पनि कतिपय ठाउँको पार्टी काममा नकारात्मक असर पर्न गएको गुनासो छ । यसप्रकारको गुनासो केन्द्र र प्रदेश दुवै सरकारको बारेमा देखिन्छ । स्थानीय जनप्रतिनिधिसँगको स्थानीय पार्टी कमिटीको असन्तोषको एउटा महत्वपूर्ण कारण बजेट कार्यक्रम पनि रहेको छ । सरकारको काम र क्रियाकलापले पार्टीको जनाधार विस्तारमा सहयोग पुग्नुपर्नेमा त्यसो किन हुन सकेन भन्ने कुरा गम्भीर समीक्षाको विषय बन्न पुगेको छ ।

४) **बहालवाला जनप्रतिनिधिलाई अवधि नसकिदै उम्मेद्वार बनाउनुः** बहालवाला निर्वाचित जनप्रतिनिधिहरू (मेयर/प्रदेश सांसद) लाई अवधि नसकिदै राजीनामा दिलाएर उम्मेद्वार बनाउने कुरामा कार्यकर्तापङ्क्तिको असहमति र असन्तुष्टी देखिन्छ । यसप्रकारको अभ्यासले अवसरको अपेक्षा गरिरहेका कार्यकर्तामा निराशा र असन्तुष्टी पैदा भयो । जीतको सुनिश्चिता समेत नभएका ठाउँमा राजीनामा गराएर उम्मेद्वार बनाउँदा निर्वाचनमा भएको हारले पार्टीको भएको  राजकीय शक्ति समेत क्षिण हुन गयो ।

५) **भौतिक पूर्वाधारकेन्द्रित विकासः** सरकारमा रहँदा भौतिक विकासलाई महत्व दिने काम भयो । तलको माग पनि सोहीअनुसार केन्द्रित रह्यो । भौतिक विकासका क्षेत्रमा भएको कामलाई नै प्रमुख उपलब्धि मानियो र प्रचार-प्रसारमा जोड दिइयो । त्यसबाट मानवीय विकास र सामाजिक विकासको पक्ष कम प्राथमिकतामा परे ।  आन्तरिक रोजगारी/स्वरोजगारको अवसर सिर्जना हुन नसक्दा त्यसले समाजमा विशेषगरी युवाहरूमा असन्तोष सिर्जना गऱ्यो ।

६) **सङ्घीयता कार्यान्वयनमा समस्याः** मुलुक सङ्घीयतामा गइसकेको अवस्थामा सङ्घीय संरचनालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सक्नुपर्दछ । संविधान कार्यान्वयनको १० वर्ष पुरा भइसक्दा पनि सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण मानिएका सङ्घीय शिक्षा ऐन, निजामती ऐन र प्रहरी ऐन आउन नसक्दा त्यसले प्रशासनिक सुधारमा गम्भीर असर पर्न गयो । शिक्षा ऐन र निजामती ऐनका कारणले यसपटकको निर्वाचनमा शिक्षक र कर्मचारीको ठूलो हिस्सा पार्टीको विपक्षमा उभिने स्थिति समेत बन्यो । सङ्घीयता कार्यान्वयनका सन्दर्भमा समेत संविधानले तीन तहका लागि निर्धारित गरेको अधिकारको सूचीलाई वास्ता गरिएन । यस्ले गर्दा संघ र प्रदेश तथा संघ प्रदेश र स्थानीय तहबीचको काममा समेत गम्भीर असर पर्न गएको देखिन्छ ।

## ६.२ सरकार र जनप्रतिनिधिका कामलाई प्रभावकारी बनाउन प्राप्त सुझावहरू

१) **पार्टी नीतिअनुरूप सरकार र जनप्रतिनिधि परिचालनः** सरकार सञ्चालनका सन्दर्भमा पार्टी र सरकारमा गएको टिमका बीचको अन्तरसम्बन्ध र भूमिकामा स्पष्टता आवश्यक देखिन्छ । सरकार सधैं पार्टीको नीति, निर्णय र चुनावी घोषणापत्रअनुरूप संचालन गरिनु पर्दछ । पार्टी नेतृत्व नै सरकारको नेतृत्वमा रहेको समयमा सरकारको कामका बारेमा संस्थागत रूपमा छलफल कम हुने गरेको देखिन्छ । प्रदेश र स्थानीय तहको काममा यो भन्दा अझ थप जटिलता देखिन्छ । सरकारको नेतृत्व माथिल्लो कमिटीको हुने र तल्लो कमिटीले निर्देशित गर्नुपर्ने अवस्था छ । यसप्रकारको अवस्थामा संस्थागत सुधार आवश्यक देखिन्छ । सरकार र जनप्रतिनिधिहरूलाई पार्टी नीति र निर्णयअनुरूप संचालन गर्न आगामी दिनमा उपयुक्त संयन्त्र निर्माण गर्नुपर्ने देखिन्छ ।

२) **भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताः** यतिबेला सुशासनको विषय नेपाली समाजको मुख्य सरोकारको विषय बन्न पुगेको छ । हाम्रो पार्टी नेतृत्वको सरकारले 'म भ्रष्टाचार गर्दिनँ र भ्रष्टाचार गर्न दिन्नँ' भन्ने नारा अघि बढाए पनि व्यवहारमा त्यो प्रभावकारी बन्न सकेन । सुशासनको अभावमा सर्वसाधरण जनताले व्यहोर्नुपरेको सास्तीले पनि जनतालाई मुलधारका राजनीतिक दलहरूबाट अलग गर्ने विषय बन्न पुग्यो । तसर्थ जनप्रतिनिधिहरू निर्वाचित भएर आउँदा र सरकारमा सहभागी हुँदा तथा उक्त पदबाट बिदा हुँदा आफ्नो आर्थिक अवस्था र सम्पत्ति विवरण सार्वजनिक गर्ने काम गर्नुपर्दछ । आफूविरुद्ध उठेका प्रश्नहरूलाई समयमै तथ्यपरक ढंगले खण्डन र प्रतिवादन गर्नुपर्दछ । पार्टीका तर्फबाट सो सम्बन्धमा ठीक ढंगले काम भए/नभएको अनुगमन गर्ने वैधानिक व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ । यसप्रकारको प्रतिवद्धता र अभ्यासले भ्रष्टाचारप्रतिको शून्य सहनशीलताको पार्टी नीतिप्रतिको विश्वास पुनःस्थापित हुनेछ ।

३) **'जनप्रतिनिधि स्कूल' र प्रत्याह्वानको व्यवस्थाः** निर्वाचित जनप्रतिनिधिहरूका लागि उनीहरूले खेल्नुपर्ने भूमिका सन्दर्भमा प्रशिक्षित गर्ने उद्देश्यले 'जनप्रतिनिधि स्कूल' (तालिम) सञ्चालन गर्नुपर्दछ । पार्टी नीति र निर्देशन उल्लंघन गरी स्वेच्छाचारी ढङ्गले चल्ने जनप्रतिनिधिलाई फिर्ता बोलाउन सक्ने गरी राजीनामा बैंकको वैधानिक व्यवस्था लागू गरिनु पर्दछ ।

४) **अवसरको न्यायोचित वितरण र कार्यकालको सीमाः** संसदीय क्षेत्र, राजकीय नियुक्ति र समानुपातिक कोटाहरूमा अवसरहरूको न्यायोचित वितरण आवश्यक छ । काम गर्नेको एकदिन पालो आउँछ भन्ने विश्वास जागृत गर्नु आवश्यक छ । एउटै व्यक्तिलाई पटक-पटक अवसर दिने परम्पराको अवस्था अत्य गरिनु पर्दछ । सामान्यतया एउटै व्यक्तिलाई लगातार दुई पटकभन्दा बढी संसदीय टिकट नदिने व्यवस्था लागू गर्नुपर्दछ ।

५) **उम्मेदवार छनोट पारदर्शी बनाउनेः** उम्मेद्वार छनोटको स्पष्ट मादण्ड बनाउने र सम्वन्धित तहको कमिटीको सिफारिस र रायलाई प्रमुख आधार बनाउनु पर्दछ । निर्वाचनको समयमा पार्टी प्रवेश गराएर केन्द्रबाट उम्मेद्वार लाद्ने प्रवृत्तिमा अंकुश लगाउनु आवश्यक छ । उम्मेद्वार छनौट गर्दा सम्वन्धित तहको कमिटीको सिफारिस वा सङ्गठित सदस्यहरूको आन्तरिक निर्वाचन (Primary Election) मार्फत लोकप्रिय व्यक्तिलाई उम्मेद्वार बनाउने माग तल्ला कमिटीहरूको रहेको छ । यस सन्दर्भमा छलफल गरी साझा धारणा बनाउनुपर्ने देखिन्छ ।

६) **पार्टीका विभागहरूसँगको समन्वयः** मन्त्रालय र सरकारी नीति निर्माणमा सहयोग पुऱ्याउन पार्टीका विभागहरू गठन र संचालन हुँदै आएका छन् । तर सरकार संचालनका समयमा विभागहरूसँगको समन्वय खासै हुनसकेको देखिदैन । विभागहरूलाई बदलिएको परिस्थितिअनुरूप नीति अद्यावधिक गर्न लगाउने र सरकारले सम्वन्धित निकायका कामको नियमित अनुगमन र मूल्यांकन गर्ने प्रणालीलाई स्थापित गर्नुपर्दछ । विभागहरूको कामलाई सरकारमा रहँदा सरकारको कामसँग र प्रतिपक्षमा रहँदा संसदको कामलाई प्रभावकारी बनाउने गरी संयोजन गरिनु पर्दछ ।

७) **सन्तुलित र नतिजामुखी बजेट कार्यक्रम निर्माणः** बजेट कार्यक्रमको सफलता नै सरकारको सफलताको प्रमुख आधार हो । तर हामीकहाँ पार्टी नीतिअनुरूप सरकारको नीति तथा कार्यक्रम आउन नसक्ने र सरकारको नीति तथा कार्यक्रमअनुरूप बजेट नआउने समस्या देखिन्छ । बजेट कार्यक्रममा पहुँच र भनसुनको प्रभाव ज्यादा देखिन्छ । प्रक्रियागत हिसाबले छनोट हुने आयोजना कार्यालय प्रमुखको तजविजमा भर पर्दछन् । बजेट कार्यक्रमको निर्माण निश्चित मापदण्ड र सूचकका आधारमा गरिनु पर्दछ । कार्यान्वयन प्रक्रियामा समेत सोहीअनुसारको नतिजामुखी प्रबन्ध मिलाउनु पर्दछ । भविष्यमा बजेट निर्माण र कार्यान्वयनमा पूर्णतः सन्तुलन कायम गर्ने ठोस प्रतिवद्धता सार्वजनिक गर्नु आवश्यक देखिन्छ ।

८) **सरल जीवनशैली र आचरणः** सरकारमा प्रतिनिधित्व गर्ने मन्त्री र जनप्रतिनिधिले तडकभडक नदेखाउने र सरल जीवनशैली र आचरण अवलम्बन गर्नुपर्दछ । छलफल र बहसका क्रममा विनम्र भाषाशैली अपनाउनु पर्दछ । आफू निर्वाचित भएको क्षेत्र र त्यस क्षेत्रका कार्यकर्ताको अपेक्षा र भावनाको सम्मान गर्नुपर्दछ । निर्वाचित जनप्रतिनिधिहरूले पार्टीले तोकेको लेबी नियमित रूपमा बुझाउनु पर्दछ ।

९) **राजनीतिक नियुक्तिमा पारदर्शिताः** राजनीतिक नियुक्तिमा स्पष्ट मापदण्ड बनाउने र सिफारिस र निर्णय प्रक्रियालाई पूर्ण पारदर्शी बनाउनु आवश्यक छ । राजनीतिक नियुक्त गरिने व्यक्तिहरूको राजनीतिक योगदान र क्षमताको मूल्यांकनका सन्दर्भमा सम्वन्धित व्यक्ति भुगोल वा कार्यरत कमिटीको विश्लेषण आधारित बनाउनु पर्दछ ।

## परिच्छेद ७ः

## नीति, नेतृत्व र विधिसम्बन्धी समीक्षा

पार्टी पुनर्गठनका सन्दर्भमा सुझाव दिने अधिकांशले नीति, नेतृत्व र विधिमा समेत समस्या रहेको र त्यसको समग्र समीक्षा गरेर पुनर्गठन गर्नु आवश्यक रहेको बताएका छन् । नीति नेतृत्व र विधिका सन्दर्भमा प्राप्त सुझावहरूलाई यसरूपमा सूत्रबद्ध गरिएको छः

### ७.१ नीति, नेतृत्व र विधिका क्षेत्रमा औँल्याइएका मुख्य कमजोरीहरू

### क) नीतिगत कमजोरीहरू

१) **पार्टीपङ्क्तिको वैचारिक स्तरमा ह्रासः** पार्टीमा वैचारिक र राजनीतिक काम हुन छाडेको धेरैको बुझाइ छ । पार्टी कार्यकर्तामा मार्क्सवादको अध्ययन र विश्लेषणको प्रवृत्ति कमजोर भएको छ । केन्द्रीय पार्टी स्कुलको  योजनामा बाहेक वैचारिक राजनीतिक प्रशिक्षण हुन छोडेका छन् । पार्टीमा वैचारिक अध्ययन र प्रशिक्षण कमजोर हुँदा त्यसको असर समग्र पार्टी काममा परेको छ । सामाजिक संजालको बढ्दो प्रभावले पार्टीका दस्तावेज र निर्देशनहरू खोजी गर्ने र पढने प्रचलन समेत घटेको छ । आमरूपमा पार्टीपङ्क्तिको पठन संस्कृतिमा समेत ह्रास आएको छ । यसले समग्रतामा पार्टीपङ्क्तिको वैचारिक राजनीतिक स्तर खस्कदै गएको देखिन्छ ।

२) **जबजको कार्यान्वयनमा समस्याः** ‘जनताको बहुदलीय जनवाद’ (जबज) पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा स्थापित भए पनि त्यसको कार्यान्वयनको पक्ष प्रभावकारी बन्नसकेको छैन । जबजको सन्दर्भमा रूपपक्षको चर्चा ज्यादा हुने त्यसको सारपक्ष (वर्ग सङ्घर्ष, आर्थिक नीति, उत्पादक शक्तिको विकास आदि) का बारेमा खासै चर्चा नहुने कुराले जबजलाई गहिरो गरी

स्थापित गर्ने कुरामा समस्या उत्पन्न भएको छ । त्यसमाथि सरकारको नीति कार्यक्रम र बजेटसँग जबजको नीति तथा कार्यक्रमको तादम्यता नदेखिँदा जबजप्रतिको आकर्षण जनस्तरमा विस्तार गर्न कठिनाइ भएको छ । तसर्थ जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशा कार्यान्वयनका सन्दर्भमा 'समृद्ध नेपाल : सुखी नेपाली'को राष्ट्रिय गन्तव्यमा पुग्ने ठोस कार्यक्रम र कार्ययोजना बनाउनु आवश्यक छ । यतिबेला त्यसको अभाव खड्किएको छ ।

३) **घोषणापत्र कार्यान्वयनमा असमाञ्जस्यता:** चुनावी घोषणापत्रको नीति तथा कार्यक्रम सरकारमा रहँदा भए/गरिएका कामको बीचमा तालमेल मिलेको देखिदैन । त्यसमाथि हाम्रो पार्टी र अन्य पार्टी विशेषगरी नेपाली कांग्रेसको बीच के फरक छ भन्ने स्पष्ट नहुँदा "चुनाव जित्नु वा सरकार बनाउनु नै जबज हो" भन्ने गलत भाष्य स्थापित हुन पुगेको छ ।

४) **सत्ताकेन्द्रित अवसरवाद:** २०७९ को निर्वाचनपछि पार्टीलाई प्रतिपक्षका लागि प्राप्त भएको जनादेश हो र नेतृत्वका लागि दावी नगर्ने नीति सार्वजनिक गरेको थियो । त्यसपछि भने सुरुदेखि नै सरकारमा जाने कुरामा अग्रसरता लिन पुग्यो । यसले गर्दा जसरी पनि सत्तामा पुग्ने प्रवृत्ति पार्टीमा हावी भएको अनुभूति कार्यकर्तापङक्तिमा छ । त्यसमाथि पटकपटक सत्ता परिवर्तन भइरहने तथा सरकार बनाउन र टिकाउन भएका काम र क्रियाकलापले पार्टीको वैचारिक र राजनीतिक आधार र छवि समेत खस्किएको छ ।

**ख) नेतृत्वमा देखिएका कमजोरीहरू**

१) **स्वेच्छाचारिता र अधिकारको केन्द्रीकरण:** सामूहिक नेतृत्व प्रणाली समाप्त भई मुख्य नेतृत्वमा अधिकारको केन्द्रीकरण हुन पुगेको छ । यसबाट नेतृत्वले जे गर्दा पनि हुन्छ भन्ने स्वेच्छाचारी प्रवृत्ति बढेको छ । नेतृत्वलाई स्थापित गर्ने नाममा गणेशप्रवृत्ति मौलाएको अधिकांश कार्यकर्ताको बुझाइ रहेको देखिन्छ । सामूहिकता र श्रृङ्खलाबद्ध कमिटी प्रणालीको व्यवस्था कमजोर हुँदा नेतृत्व विकासको प्रक्रिया अवरुद्ध बनेको छ । पार्टीभित्र "म नभए पार्टी कसरी चल्छ" भन्ने मानसिकताको विकास भएको छ ।

२) **आत्मप्रशंसाको भोक:** नेतृत्वमा कमिकमजोरीको चर्चा सुन्न नचाहने र आत्मप्रशंसा मन पराउने प्रवृत्ति बढेको छ । नेतृत्वमा बढेको आत्मप्रशंसाको भोकले पार्टी कार्यकर्तामा चाकडी गर्ने र 'हो मा हो' मिलाउने प्रवृत्ति बढेको छ । पार्टीभित्र कमरेडली भावना कमजोर भएको छ । नेता र कार्यकर्तामा आफ्नो कार्यक्षेत्रमा केन्द्रित हुनेभन्दा प्रमुख नेतृत्वको वरिपरी घुम्ने प्रवृत्ति बढेको छ । कमिटीहरूको संस्थागत कुरामा र कुरा लगाउनेको कुरा सुनेर धारणा बनाउनाले पार्टी र नेतृत्व दुवैको प्रभाव र प्रतिष्ठा खस्किदै गएको छ ।

३) **मनोगत विश्लेषणको प्रभाव:** पछिल्लो चुनावमा पार्टीपङ्क्तिले मतदान भइसकदा पनि स्थितिको आँकलन गर्नसकेको देखिएन । मनोगत र सतही विश्लेषणमा भरपर्दा नेतृत्वको प्रतिष्ठा र प्रभावमा समेत असर पर्न गयो । पार्टीमा अगुवा कार्यकर्ता र आधारभूत तहमा काम गर्ने कार्यकर्ताको बुझाइमा समेत निकै अन्तर देखियो । त्यसमाथि जनताको मनोभावना बुझ्ने कुरामा सिंगो पार्टीपङ्क्तिलाई चुकेको देखियो । यसबाट नेतृत्व र सिंगो पार्टीपङ्क्ति मनोगतवादको प्रभावमा परेको देखियो ।

४) **अध्ययन र विश्लेषणको अभाव:** सूचना र प्रविधिको विकासमा भएको तीब्र विकासले मानव समाज, वर्गसङघर्ष र राजनीतिक सङघर्षमा समेत त्यसले गम्भीर असर पारिरहेको छ । सामाजिक संजालको बढ्दो प्रयोगले राष्ट्र राष्ट्रियता, सामाजिक सम्बन्ध, संस्कृति र विचारधारात्मक सङघर्षमा समेत गम्भीर असर पुऱ्याइरहेको छ । यस्तो अवस्थामा जबजको मार्गदर्शनमा समृद्ध नेपाल : सुखी नेपालीको पार्टीको संकल्प पुरा गर्ने उद्देश्यमा गम्भीर चुनौती पैदा भएको छ । तर हामी पुरानै सोंच र मान्यताका आधारमा अघि बढ्न खोजिरहेका छौँ । नयाँ समस्याको समाधान पुरानो तरिकबाट हुँदैन भन्ने मान्यता स्थापित गर्न सकिएको छैन ।

## ग) विधिगत कमजोरीहरू

१) **विधान र विधिको उल्लङ्घन:** पार्टीमा विधि उल्लङ्घन गर्ने कुरा आमविषय जस्तो बन्दै गएको छ । पार्टीको सङ्गठित सदस्यता वितरणमा मापदण्ड पालना नगरी ठेकदारी प्रथाका आधारमा गर्नाले चुनावमा पार्टी सदस्यभन्दा कम भोट आएको तथ्यबाट समस्याको गहिराइलाई बुझ्न सकिन्छ । कतिपय कमिटीमा विधानले तोकेको सिमाभन्दा ठूला कमिटी बनाउने प्रवृत्ति बढेको छ । पार्टीमा अन्तर्घात गर्ने र अनुशासन तोड्नेहरूलाई कारवाही हुन छोडेको छ । पपुलिजमका विरुद्ध वैचारिक र राजनीतिक प्रतिवाद र सङ्घर्ष गर्नुपर्ने बेला पार्टीका कतिपय जिम्मेवार नेता कार्यकर्ताबाट पपुलिजमको प्रवर्द्धन गर्ने काम भइरहेको देखिन्छ ।

२) **पार्टी जीवनको लोकतान्त्रिकरणको समस्या:** जबजको पार्टी निर्माणसम्बन्धी नविन दृष्टिकोणका आधारमा पार्टीको आठौँ महाधिवेशनले वर्तमान पार्टी अध्यक्षको अगुवाइमा गठन भएको कार्यदलको प्रस्तावमा पार्टी जीवनको लोकतान्त्रिकरणसम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित गरेको थियो । उक्त नीति प्रस्तावको अत्यन्त महत्वपूर्ण विषय नेतृन्व निर्माण र हस्तान्तरणको सहज विधि स्थापित गर्ने कुरा थियो । सोही नीतिका आधारमा 'दुई कार्यकाल' र '७० वर्षे उमेर हद'को व्यवस्था राखिएको थियो । २०७८ सालमा पार्टी विभाजन भएपछि पार्टीको रक्षा र विकासका लागि स्थापित नेतृत्व चाहिन्छ भन्ने मान्यताका आधारमा क्रमशः दुइ कार्यकाल र ७० वर्षे उमेरहद हटाउने काम भयो । आजको विद्यमान परिस्थितिले उक्त निर्णयलाई गलत सावित गरिदिएको छ । यसबाट पार्टीको गतिशिलता र नयाँ पुस्तामा पार्टीप्रति आशा र आकर्षण कम भएको पार्टीपङ्क्तिको बुझाइ छ ।

३) **अध्यक्षकेन्द्रित ढाँचाको विकास :** पहुपदीय संरचनाको औचित्य व्यवहारमा स्थापित गर्ने काम हुन सकेन । उल्टै अध्यक्ष र महासचिवको कामका सन्दर्भमा आठौं महाधिवेशनदेखिको अभ्यासलाई साँघुरो बनाउने गरी एघारौं महाधिवेशनबाट पार्टी विधानमा व्यापक रूपमा अध्यक्षकेन्द्रित गर्ने गरी अधिकार थप गर्ने काम भयो । यसले बहुपदीय संरचना र सामूहिक नेतृत्व प्रणालीको औचित्यलाई खण्डित गरेको छ ।

४) **आयोगहरूको स्वायत्तताको अभाव:** पार्टी जीवनको लोकतान्त्रिकरण अन्तर्गत नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई आधार बनाएर आठौं राष्ट्रिय महाधिवेशनबाट अधिकारसम्पन्न आयोग गठन गर्ने नीति अवलम्बन गरियो । तर पछिल्लो समयमा ती आयोगको भूमिका संकुचन गरियो । यतिबेला पार्टीमा देखिएको समस्याको एउटा महत्वपूर्ण कारण नियन्त्रण र सन्तुलनको व्यवस्था कमजोर हुनु हो भन्ने कार्यकर्ताको बुझाइ देखिन्छ । केन्द्रीय आयोगहरू समेत कार्यकर्ता व्यवस्थापन गर्ने थलो बनाइएको आरोप लाग्ने गरेको छ । यसले गर्दा पार्टी अनुशासनको विषय समेत नेतृत्वको तजविजमा निर्भर हुने गरेको छ । मुख्य कार्यकारी नेतृत्व नै अनुशासन कार्यान्वयनको हर्ताकर्ता बन्ने कुराले अन्तरविरोध र असन्तोष बढ्ने रहेछ भन्ने कुराको अनुभूति कार्यकर्तापङ्क्तिमा विकास भएको देखिन्छ ।

## ७.२ नीति, नेतृत्व र विधि सुधारका प्रमुख सुझावहरू

### क) नीति परिमार्जनका उपायहरू

१) **जबजको समयानुकूल परिमार्जन र विकास:** जबजको मूलपक्षमा जोड दिँदै आजको विश्व व्यवस्थामा आएको परिवर्तन, एआईको तहमा सूचना र प्रविधिमा भएको विकास तथा त्यसले सिंगो मानव समाजमा पारिरहेको प्रभावका सन्दर्भमा आजको वर्गसङ्घर्ष र आजको राजनीतिक सङ्घर्षको स्वरूपका बारेमा नविन सोँचका साथ अघि बढ्नुपर्ने देखिन्छ । जबजको मूलपक्षका रूपमा रहेको वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्षको पार्टी दृष्टिकोणका आधारमा समाजवाद निर्माणको बाटो, त्यसको आर्थिक दृष्टिकोण तथा उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकासजस्ता कुरामा जोड दिनुपर्दछ । समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय गन्तव्य हाललाई आधार बनाएर आजको सन्दर्भमा जबजको ठोस कार्यक्रमको विकास तथा त्यसको कार्यन्वयनको स्पष्ट योजना तयार गर्नुपर्छ ।

२) **पार्टी एजेन्डा र पार्टी दस्तावेजको भाषाको सरलीकरण:** परम्परागत राजनीतिक नाराहरूमा परिमार्जन गर्दै आजको पुस्ताले खोजेको आर्थिक अवसर, सुशासन, डिजिटल अर्थतन्त्र र रोजगारी सिर्जनालाई पार्टीको मुख्य एजेन्डा बनाउने र उनीहरूको मनोविज्ञानआधारित पार्टी सामाग्री तयार गर्नु आवश्यक छ । यसका लागि पार्टी दस्तावेजको भाषा समेत आजको नयाँ पुस्ताले बुझ्ने र ग्रहण गर्ने सरल भाषामा तयार गर्नुपर्दछ ।

३) **अवसरवादी गठबन्धन नगर्ने प्रतिवद्धताः** सत्ताकेन्द्रित जस्तो देखिने गरी जोसँग पनि मिल्ने कुराले पार्टीको छविमा गम्भीर क्षति पुऱ्याएको तथ्यलाई आत्मसात गर्दै सत्ता गठबन्धनका सन्दर्भमा स्पष्ट दृष्टिकोण अवलम्बन गर्नु आवश्यक छ । नीति र एजेण्डा मिल्नेसँग मात्र गठबन्धन गर्ने नीति अवलम्बन गर्नुपर्दछ । चुनावको समयमा बनाएको गठबन्धन पुरा अवधि कायम गर्ने नीति लिनुपर्दछ । मुख्य प्रतिस्पर्धीसँग उक्त कार्यकालभरि गठबन्धन नगर्ने नीति लिनु पर्दछ ।

४) **पार्टी एकता र एकीकरणः** विगतमा हतपतमा गरिएको पार्टी एकताका कारणले पार्टीले वैचारिक र सङ्गठनात्मक रूपमा निकै ठूलो क्षति व्यहोर्नु पर्यो । नेकपा गठन र पार्टी अध्यक्षको नेतृत्वको सरकारले आमजनतामा सिर्जना गरेको आशा र अपेक्षा नेकपाभित्रको अन्तरसङ्घर्ष र नेकपा विघटनका कारणले पुरा हुन सकेन । त्यसमाथि पुनर्स्थापित नेकपा (एमाले)मा भएको विभाजनले जनतामा थप निराशा उत्पन्न हुनपुग्यो । आज नेपाली समाजमा देखिएको पपुलिजम र एनार्किजमको विस्तारको एउटा महत्वपूर्ण आधार पार्टी एकीकरणवाट आर्जन भएको शक्ति र त्यसको जगमा बनेको दुईतिहाईको सरकारले जागृत गरेको आंकाक्षा र आशावादीता, पार्टी विघटनका कारणले समाप्त हुनु पनि हो । विगतको एकता एकीकरणमा भएको कमजोरीलाई ध्यानमा राखेर एकता र एकीकरणका सन्दर्भमा पार्टीको दृष्टिकोण स्पष्ट गर्नु आवश्यक छ । जनताको बहुदलीय जनवाद र त्यसले स्थापित गरेको लोकतान्त्रिक सङ्गठन प्रणालीमा नकारात्मक असर नपर्ने गरी त्यसलाई थप सबल र सुदृढ गर्नका लागि मात्र एकता र एकीकरण गर्ने नीति लिनुपर्दछ ।

५) **नयाँ प्रविधिआधारित वैचारिक राजनीतिक प्रशिक्षणः** नयाँ पुस्ता सूचना प्रविधिमा अभ्यस्त र व्यस्त छ । सूचना प्रविधिसँगै हुर्किएको नयाँ पुस्ता मूलधारको राजनीतिबाट टाढिएको अवस्था छ । यस्तो अवस्थामा नयाँ पुस्तामा पार्टीको वैचारिक राजनीतिक कामलाई पुऱ्याउन सक्नु पर्दछ । त्यसका लागि सूचना र प्रविधिको प्रयोगमा विशेष जोड दिनुपर्दछ । पछिल्लो समयमा राजनीतिक सङ्घर्षमा सूचना र प्रविधि प्रमुख हतियार बन्नु पुगिरहेका अवस्थामा हाम्रो पार्टीले नयाँ पुस्तालाई पार्टीको काममा जोड्नु अपरिहार्य देखिन्छ । त्यसका लागि पार्टीको वैचारिक राजनीतिक प्रशिक्षणलाई नयाँ प्रविधि आधारित बनाउनु पर्दछ । नयाँ पुस्ताले सहज ढंगले बुझ्ने गरी डिजिटल भाषाको समेत प्रयोग गरेर वैचारिक राजनीतिक कामलाई प्रभावकारी ढंगले अघि बढाउनु पर्दछ ।

**ख) नेतृत्वको कार्यशैलीमा सुधारसम्बन्धी सुझावहरू**

१) **कार्यकर्ताको भावनाको सम्वोधनः** पार्टीमा उत्पन्न चुनौतीका सन्दर्भमा नयाँ ढंगले अघि बढ्नुपर्ने पार्टी कार्यकर्ताको भावना र अपेक्षाको सम्वोधन नेतृत्व तहबाटै हुनु आवश्यक छ । पार्टीमा नेतृत्वको सहज हस्तान्तरण नहुँदा नेतृत्वप्रति नै उत्पन्न अनास्था र असन्तुष्टी बढ्न जाने

यथार्थतालाई समेत भूराजनीतिसँग जोड्नु उचित हुँदैन । पार्टी नेतृत्वप्रतिको असन्तोष भदौ २३ र २४ अघि नै सार्वजनिक रूपमा प्रकट हुन थालिसकेकको थियो । प्रधानमन्त्रीको उपस्थितमा आयोजना हुने कार्यक्रमको सुरक्षा व्यवस्थामा विशेष प्रबन्ध गर्नुपर्ने अवस्था त्यतिबेला नै सिर्जना भइसकेको थियो । भदौ २३ र २४ पछि नै नेतृत्वका सन्दर्भमा पार्टीभित्रबाट उठेको प्रश्नलाई महाधिवेशनका माध्यमबाट सम्वोधन गर्ने कोशिस गरियो । तर त्यसले पनि समस्या समाधान गर्न सकेन । यस्तो अवस्थालाई पार्टी नेतृत्व स्वयंले गम्भीर ढंगले मनन गरी आधरभूत तहका पार्टी कार्यकर्ताको भावनालाई सम्वोधन गर्नु आवश्यक देखिन्छ ।

२) **नेतृत्व पार्टीको साझा अभिभावक बन्नुपर्ने:** बहुपदीय संरचनासहितको पार्टी लोकतान्त्रिकरणको नीतिलाई आत्मसात गरेको पार्टीले सामूहिक नेतृत्वको प्रणालीलाई आत्मसात गर्न सक्नुपर्दछ । सबै कुरा एक व्यक्तिमा केन्द्रित गर्ने परिपाटीका ठाउँमा सामूहिक भावनाका साथ अघि बढ्नु आवश्यक छ । पार्टीमा नेतृत्व विकास र हस्तान्तरणको प्रश्नमा नेतृत्व सहयोगी र सकारात्मक बन्नु पर्दछ । पार्टीमा हुने सहमति र असहमतिका विषयमा नेतृत्वले कुनै पनि आग्रह राख्नु हुँदैन । नेतृत्व फरक मतप्रति रचनात्मक बन्न सक्नुपर्दछ ।

३) **पार्टी र सरकारको नेतृत्व:** हाम्रो पार्टीले शान्तिपूर्ण र वैधानिक बाटोबाट समाजवादमा पुग्न सकिन्छ भन्ने मान्यतालाई आत्मसात गरेको छ । प्रतिस्पर्धा र पहलकदमीलाई हामीले पार्टीको तात्कालिक कार्यनीतिका रूपमा मात्र होइन, हाम्रो उद्देश्य प्राप्तिको बाटोका रूपमा अर्थात सैद्धान्तिक रूपमा नै अवलम्बन गरेका छौं । यस्तो अवस्थामा समाजको परिवर्तनको ध्येय र उद्देश्य बोकेको पार्टीले बुर्जुवा पार्टीको जस्तो सरकारमा रहँदा सरकार र पार्टी उस्तै-उस्तै देखिने अवस्था आउन दिनु हुँदैन । सरकार हाम्रो रहँदा पनि राज्यसत्ता पूर्णतः हाम्रो बनिनसकेको तितो अनुभव भदौ २३ र २४ को घटनाले पुष्टी गरेकै छ । यस्तो अवस्थामा पार्टी र सरकारको कामका बीचमा स्पष्ट अन्तर देखिनु पर्दछ । सरकारले कमजोरी गर्दा पार्टीले खबरदारी र सच्याउने काम गर्न सक्दछ भन्ने स्थिति सिर्जना गरिनु आवश्यक छ । जसले गर्दा सरकारप्रतिको जनताको अपेक्षा र असन्तुष्टीको बोझ सिधै पार्टीको काम र प्रतिष्ठामा नपरोस् ।

## ग) विधि र पद्दति पुनर्स्थापनाका उपायहरू

१) **उमेर हद र कार्यकाल सीमा पुनर्स्थापना:** पार्टी जीवनको लोकतान्त्रिकरणको प्रमुख आधारका रूपमा रहेको उमेर हद र कार्यकालको सिमा हटाउन पुग्दा त्यसले पार्टीको क्रियाशिलतामा नकारात्मक असर पुगेको पार्टीपङ्क्तिको बुझाइ रहेको छ । यस्तो अवस्थामा पार्टी विधानमा पहिले व्यवस्था गरिएको '७० वर्षे उमेर हद' र कार्यकारी पदहरूमा 'बढीमा दुई कार्यकाल' को व्यवस्थालाई विधान संशोधन गरेर पुनःस्थापित गर्नुपर्दछ भन्ने अधिकांश कार्यकर्ताको राय देखिन्छ ।

२) **'एक व्यक्ति, एक पद' को व्यवस्थाः** एउटै व्यक्ति लगातार दुई पटकभन्दा बढी एउटै कार्यकारी पदमा रहन नमिल्ने र दुई पटकभन्दा बढी प्रधानमन्त्री, मन्त्री वा सांसद हुन नपाउने व्यवस्था गरी अवसरहरूको न्यायोचित वितरण गर्ने । राष्ट्रिय सभा सदस्य वा एकपटक प्रत्यक्ष सांसद भइसकेकालाई पुनः समानुपातिकमा नराख्ने व्यवस्था लागू गर्ने कुरा कार्यकर्तापङ्क्तिको साझा माग बनेको छ । यसमा पार्टीको गम्भीर ध्यान जानु पर्ने देखिन्छ ।

३) **कमिटी प्रणालीको सवलता र भूमिका वृद्धिः** 'म' होइन 'हामी' भन्ने भावना विकास गरी सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको असल परम्परालाई स्थापित गरिनु पर्दछ । पार्टी र सरकारका कामको गम्भीर आत्मसमीक्षा गर्ने परिपाटी विकास गर्नुपर्दछ । पार्टीमा कमिटी प्रणालीलाई बलियो बनाउने र आलोचना र आत्मआलोचनाको स्वस्थ परिपाटीको विकास गरिनु पर्दछ ।

४) **नियन्त्रण र सन्तुलनको विधि स्थापित गर्नेः** केन्द्रीय निर्वाचन आयोग, लेखा आयोग र अनुशासन आयोगजस्ता केन्द्रीय निकायहरूलाई नियन्त्रण र सन्तुलनको नीतिअनुरूप स्वायत्तता दिने गरी पार्टी विधानमा आवश्यक संशोधन गर्नुपर्दछ । केन्द्रभन्दा तल्ला कमिटीहरूको अनुशासनात्मक कारवाही र लेखा व्यवस्थापनका सन्दर्भमा तथा निर्वाचन प्रक्रियालाई स्वस्थ, मर्यादित र पूर्ण लोकतान्त्रिक बनाउन आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

५) **राष्ट्रिय फोरमको आयोजनाः** नीति, विधि र नेतृत्वको समग्र विषयको समीक्षा सहितको पुनर्गठनको योजना कार्यान्वयनका लागि 'विधान महाधिवेशन'/'विशेष महाधिवेशन'/'राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद'को शीघ्र महाधिवेशनमध्ये कुनै एक अनिवार्य रहेको सुझाव महत्वका साथ आएको छ । यस विषयलाई पार्टीले यथाशीघ्र सम्वोधन गर्नुपर्ने देखिन्छ ।

## परिच्छेद ८:

## पार्टी अनुशासन, जीवनशैली र आचरण

नेकपा (एमाले) पार्टी अनुशासन, जीवनशैली र आचरणका प्रश्नमा उदारणीय पार्टीका रूपमा रहँदै आएको पार्टी हो । झापा विद्रोहको जगमा विकास भएको मनोविज्ञानलाई आत्मसात गर्दै तीव्र दमन र उत्पीडनका बीचमा पार्टी र आन्दोलनको रक्षा गर्दै नेपालको कम्युनिष्ट आन्दोलनको मूलप्रवाहका रूपमा पार्टीलाई स्थापित गर्ने कुरामा यसका नेता र कार्यकर्ताको फलामे अनुशासन, जनप्रीय जीवनशैली र नैतिक सदाचार तथा सादा जीवनशैलीको समेत महत्वपूर्ण योगदान रहेको हो । पछिल्लो समयमा यसमा समेत केही गम्भीर विचलन देखिन थालेकामा कार्यकर्तापङ्क्तिको गहिरो चिन्ता र चासो देखिन्छ । यस सन्दर्भमा प्राप्त सुझावलाई यसरूपमा सूत्रबद्ध गरिएको छः

## ८.१ मुख्य समस्या तथा चुनौतीहरू

१) **विलासी र सुविधाभोगी जीवनशैली:** नेता तथा कार्यकर्ताहरूको जीवनशैली विलासी, उपभोक्तावादी, राजसी र श्रमजीवी जनताको भावनाविपरीत हुँदै गएको कार्यकर्ताको बुझाइ रहेको पाइन्छ । भूमिगत कालमा आश्रय दिने सेल्टरदाता र आधारभूत तहका कार्यकर्तामा समेत यसप्रकारको अनुभूति देखिन्छ । यसले स्वभाविक रूपमा पार्टीप्रतिको आस्था र विश्वासमा नकारात्मक असर पर्न गएको छ ।

२) **आर्थिक तथा चारित्रिक विचलन:** सादा जीवन र उच्च विचारको आदर्शमा निर्माण भएको पार्टी हो नेकपा (एमाले) । पछिल्लो समयमा यसका नेता-कार्यकर्ताहरूमा आर्थिक जीवन भड्किलो बन्दै गएको र नैतिक आचारणका सन्दर्भमा समेत गम्भीर प्रश्नहरू उठ्ने गरेका छन् । आर्थिक अपराध एवं यौनजन्य क्रियाकलापमा देखिएको विकृतिका घटना र आरोपहरू सार्वजनिक रूपमा उठिरहँदा त्यसको संस्थागत रूपमा छानविन र प्रतिवादसमेत हुनसकेको छैन । यसप्रकारको अवस्थाले जनस्तरमा नकारात्मक असर पुग्न गएको देखिन्छ ।

३) **आधारभूत वर्गबाट टाढिनु:** पार्टी नेतृत्वमाथि श्रमजीवी वर्ग र आधारभूत समुदायका जनताबाट टाढा हुँदै गएको र सुकुलामुकिलाको प्रभावमा पर्दै गएको आरोप लाग्ने गरेको छ । सरकारमा रहँदा पार्टी कार्यकर्ताको पहुँच नपुगेका ठाउँमा विवादास्पद व्यक्तिहरूको पहुँच पुग्ने गरेको आरोप लाग्ने गरेको छ । सरकारमा रहँदा सबै वर्ग तप्काको सम्पर्कमा रहनुपर्ने बाध्यता रहने भए पनि पार्टी कार्यकर्ता र आधारभूत वर्गका जनताले पार्टी र नेतृत्व आफूबाट टाढिएको अनुभूति गर्नु गम्भीर समस्याको विषय बन्न पुगेको छ । पछिल्लो निर्वाचनको परिणामबाट पनि आधारभूत वर्ग पार्टीबाट टाढिदै गएको र त्यसलाई कसरी जोड्ने भन्ने चिन्ता पार्टीपङ्क्तिमा बढेको पाइन्छ ।

४) **भक्तिवाद र चाकडी प्रथाको असर :** मार्क्सवादी वैचारिक दृष्टिकोण नै ओझेलमा पर्नेगरी व्यक्तिको देवत्वकरण, चाप्लुसी र जी हजुरी गर्ने प्रवृत्ति देखिनु समस्या हो भन्ने कार्यकर्तापङ्क्तिको बुझाइ छ । यसमा सामाजिक संजालको असरले पनि काम गरेको हुन सक्दछ । पार्टीको काममा भन्दा नेतृत्वको वरिपरी देखिने प्रवृत्तिको विकासले पनि कार्यकर्तापङ्क्तिमा त्यसप्रकारको धारणा बनेको हुनसक्छ । यसविपरीत पार्टीभित्रै नेतृत्वलाई खुइल्याउने र बदनाम गर्न छद्मरूपमा क्रियाशील हुने गलत प्रवृतति पनि देखिन्छ । यसप्रकारको स्थितिमा सुधार नल्याइकन पार्टी आफ्नो घोषित उद्देश्यमा अघि बढ्न सक्तैन ।

५) **अनुशासनहीनता र अन्तर्घात:** पार्टीमा अनुशासनहीनता र अराजकता बढेर गएको छ । अधिवेशनका समयमा पार्टीमा आन्तरिक लोकतन्त्रको माग गर्ने र तदनुरूपको अभ्यास गर्ने तर त्यसको परिणामलाई भने सहज ढंगले लिन नसक्ने कुराले पार्टीमा अनुशासनहीनता र

स्थायी गुटबन्दीको विकास हुने गरेको छ। बढ्दो अन्तरविरोध र गुटबन्दीका कारणले निर्वाचनमा आफ्नै पार्टीका उम्मेद्वारलाई अन्तर्घात गरी हराउन खोज्ने प्रवृत्ति मौलाएर गएको छ। अनुशासन उल्लंघन गर्ने र अन्तर्घात गर्नेहरूलाई समयमा कारवाही नहुँदा पनि सङ्गठनात्मक अराजकता बढेर गएको कार्यकर्ताको बुझाइ देखिन्छ।

## ८.२ पार्टी अनुशासन, जीवनशैली र आचरणमा सुधारका विषयहरू

१) **सम्पत्ति छानविन र आर्थिक पारदर्शिता:** पार्टीका तर्फबाट लाभको पद (प्रधानमन्त्री, मन्त्री, सांसद, स्थानीय जनप्रतिनिधि र राजनीतिक नियुक्ति) पाएका सबै व्यक्तिको सम्पत्ति छानविन गरिनुपर्छ र कमजोरी देखिएमा अनुशासनात्मक कारवाही गर्नुपर्दछ भन्ने कार्यकर्तापङ्क्तिको माग देखिन्छ। यस विषयलाई पार्टीले व्यवस्थित नीति तथा कार्ययोजना बनाएर सम्वोधन गर्नु पर्दछ।

२) **सम्पत्तिको 'स्वघोषणा':** कुनै पनि तहको कमिटीमा उम्मेद्वार बन्नका लागि आर्थिक जीवनको पारदर्शिता र उच्च नैतिकताको मापदण्ड तोकिनुपर्छ। कमिटीका सदस्यहरू निर्वाचित भएर आउँदा र पदबाट बिदा हुँदा आर्थिक अवस्थाको अनिवार्य 'स्वघोषणा' गर्ने वैधानिक व्यवस्था गरिनुपर्छ।

३) **विवादास्पद सहयोगमा रोक:** हाम्रो पार्टी कार्यकर्ता लेबी र समर्थक-शुभेच्छुकहरूको सहयोगमा चलेको पार्टी हो। पछिल्लो समयमा पार्टीले लिने चन्दा र सहयोगका सन्दर्भमा गम्भीर प्रश्न उठ्ने गरेको र त्यसको असर कार्यकर्तापङ्क्तिमा परेको देखिन्छ। तसर्थ पार्टीले विवादास्पद देखिने सहयोग नलिने स्पष्ट घोषणा गर्नुपर्ने माग कार्यकर्तापङ्क्तिको छ। तसर्थ औचित्य पुष्टी गर्न नसकिने सहयोग नलिने पार्टी नीतिलाई स्पष्ट गरिनु पर्दछ।

४) **जनमुखी जीवनशैली र आचरण:** पार्टीका नेता र कार्यकर्ताको जीवनशैली र आचरण उदारहणीय हुनुपर्दछ। उनीहरूको जीवनशैली जनमुखी र सरल हुनुपर्दछ। जनताको प्रीय बन्नेगरी जीवनशैली र आचरणमा सुधार गर्नुपर्दछ।

५) **शक्तिशाली अनुगमन प्रणालीको विकास:** पार्टीका नेता र कार्यकर्ताहरूमाथि उठेका आर्थिक एवं चारित्रिक प्रश्नहरूको निष्पक्ष छानविन गरी सफाइ वा कारवाहीको व्यवस्थित प्रणाली स्थापित गर्नका लागि शक्तिशाली अनुगमन प्रणालीको विकास गर्नुपर्दछ।

६) **कमरेडली भावनासहितको पार्टी संस्कृतिको विकास:** पार्टीका सबै सदस्य समान हुन् भन्ने पार्टी भावनाको विकास आवश्यक छ। यसका लागि कमरेडली भावनासहितको पार्टी संस्कृतिको विकासमा जोड दिनुपर्दछ। पार्टी नेतृत्वप्रतिको आदर र सम्मान स्वभाविक पक्ष हो। तर त्यो भक्तिभाव र चाकडीको तहमा विकास हुन दिनु हुँदैन। पार्टीका नेता र कार्यकर्तामा सहज

ढंगले आफ्ना कुरा खुलाखुलस्त रूपमा राख्ने, छलफल र बहस गर्ने वातावरण सिर्जना गरिनु पर्दछ ।

## परिच्छेद ९:

## पार्टी सुदृढीकरण, रूपान्तरण र पुनर्जागरण

यथास्थितिमा पार्टीलाई अघि बढाउन सकिदैन, त्यसका लागि पार्टी सुदृढीकरण, रूपान्तरण र पुनर्जारणको अपरिहार्यता रहेको पार्टीपङ्क्तिको बुझाइ छ । यस सन्दर्भमा प्राप्त सुझावलाई यसरी शुत्रवद्ध गरिएको छः

### ९.१ मुख्य चुनौतीहरू

१) **वैचारिक-सैद्धान्तिक स्पष्टता अभावः** यतिबेला कम्युनिष्ट आन्दोलनको भविष्यमाथि नै गम्भीर रूपमा प्रश्न उठिरहेको अवस्था छ । यस्तो बेलामा वैचारिक छलफल र बहसमा तीब्रता दिनुपर्ने बेलामा मार्क्सवादी-लेनिनवादी शिक्षा र वैचारिक अध्ययन तथा प्रशिक्षणको काम समेत कमजोर बन्न पुगेको छ । मार्क्सवादको सिर्जनात्मक प्रयोगका रूपमा विकास भएको 'जनताको बहुदलीय जनवाद' (जबज)को रूपपक्षको चर्चा बढी हुने गरेको छ । जबजको सार पक्ष (वर्ग सङ्घर्ष, आर्थिक क्रान्तिको एजेण्डा र उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकासलगायत रणनीतिक महत्वका विषयहरू) ओझेलमा परेका छन् ।

२) **नेतृत्व निर्माण र पुस्तान्तरणको चुनौतीः** नयाँ पुस्ता पपुलिज्मबाट प्रभावित भएर राजनीतिमा अघि बढ्न खोजिरहेको छ । नेतृत्वको विकास र हस्तान्तरणको सहज प्रक्रिया अघि बढ्न नसक्दा नयाँ पुस्तामा पुराना राजनीतिक दलहरूप्रति वितृष्णा बढ्दो छ । त्यसमाथि ७० वर्षे उमेर हद र कार्यकारी पदमा दुई कार्यकालको व्यवस्था हटाउने बहसले नयाँ पुस्तालाई पार्टीबाट थप विकर्षित बनाउने काम भएको पार्टीपङ्क्तिको बुझाइ छ । यसप्रकारको स्थितिमा सुधार नहुने हो भने पुरानो पुस्तासँग कम्युनिष्ट आन्दोलन भविष्य सकिने हो कि भन्ने चिन्ता आन्दोलनका सामू उत्पन्न भएको छ ।

३) **डिजिटल युग र प्रविधिसँगको दूरीः** पछिल्लो समय सूचना र प्रविधिको क्षेत्रमा तीव्र विकास भएको छ । पछिल्लो समयमा एआइको विकासले सामाजिक र राजनीतिक आन्दोलन र समाज व्यवस्थामा समेत त्यसको गहिरो प्रभाव परेको देखिन्छ । त्यसमाथि सामाजिक सञ्जालको एल्गोरिदम र डिजिटल सञ्चारको बदलिंदो स्वरूपलाई समयमै बुझ्न र रणनीति बनाउन नसक्दा डिजिटल क्षेत्रमा पार्टी निकै पछाडि परेको छ । सूचना प्रविधिमा अभ्यस्त बन्दै गएको नयाँ पुस्ता पार्टीमा नजोडने कुराले डिजिटल सङ्घर्षमा पार्टी पछि पर्दै गएको छ र विपक्षीहरूको

भ्रमलाई चिर्न असफल देखिन्छ । त्यसमाथि पुरानो तरिकाबाट अघि बढेर नयाँ पुस्ताको भावना जित्न र उनीहरूलाई पार्टीमा जोड्न सकिदैन ।

४) **नयाँ पुस्ता (Gen–Z) सँगको संवादहीनताः** नेकपाको विघटन र पुनर्स्थापित नेकपा (एमाले) पार्टीमा विभाजन पछि नेपालको राजनीतिमा स्थानीय चुनावका माध्यमबाट स्वतन्त्र उम्मेद्वारका रूपमा पपुलिजम प्रवेश गऱ्यो । आमनिर्वाचनमा त त्यो रास्वपाका रूपमा वैकल्पिक राजनीतिक धारका रूपमा सङ्गठित हुनुपुग्यो । त्यसयता ३० वर्ष मुनिका युवा पुस्ताका मतदाताहरू हामीबाट टाढिन पुगे । पुराना दलहरूले नयाँ पुस्ताको भावना र मागको सम्वोधन गर्न सक्तैनन् भन्ने बुझाइ उनीहरूका बीचमा हुर्कदो छ । यसले पार्टी र आन्दोलनको भविष्यका लागि गम्भीर चिन्ता र चुनौती बढाइदिएको छ ।

५) **नीतिगत अस्थिरता र अवसरवादः** चुनावी घोषणापत्र र सरकारमा रहँदा गरिएको कामबीच तालमेल नमिल्नु तथा सङ्घीयता कार्यान्वयन गर्ने पार्टीको नीति भए पनि बारम्बार सरकारमा जाँदा सङ्घीय शिक्षा ऐन, कर्मचारी ऐन र प्रहरी ऐन ल्याउन नसक्नु जस्ता कारणले जनतामा नकारात्मक सन्देश गएको छ । त्यसमाथि पटक-पटक सत्ता गठबन्धनमा हुने फेरबदलले सत्तालोलुप जस्तो देखिन पुग्यो । सरकारमा जाँदा पार्टी नीति र चुनावी घोषणापत्र कार्यान्वयन नहुनुले नीतिगत अस्थिरता र अवसरवादलाई प्रोत्साहित गरिरहेको छ ।

## ९.२ सुदृढीकरण र रूपान्तरणका प्रमुख सुझावहरू

१) **वैचारिक राजनीतिक स्पष्टताः** हाम्रो पार्टीसँग जनताको बहुदलीय जनवादजस्तो नेपाली राजनीतिमा स्थापित भएको मौलिक कार्यक्रम र सिद्धान्त छ । सूचना र प्रविधिको विकाससँगै पूँजीवादमा आएको परिवर्तनको परिप्रेक्षमा कम्युनिष्ट आन्दोलन र जबजको आलोकमा वैचारिक राजनीतिक बहसको आवश्यकता बढेको छ । त्यसमाथि जबजलाई आजको नयाँ पुस्ताको भावना र वर्गसङ्घर्ष तथा राजीतिक सङ्घर्षको परिप्रेक्षमा अद्यावधिक गर्नुपर्ने समेत भएको छ । पार्टीले जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशालाई समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य बनाएको सन्दर्भमा त्यसको प्राप्तिको ठोस कार्ययोजना अघि सार्नुपर्ने देखिन्छ ।

२) **नेतृत्व हस्तान्तरणको विधिसम्मत प्रणाली :** परिवार होस् वा समाज पुरानो पुस्ताले नयाँ पुस्तालाई सदैव अपरिपक्व र कमजोर देख्दछ । तर इतिहासमा सदैव नयाँ पुस्ताले पुरानो पुस्तालाई पछाडी छोडेर अघि बढ्ने गरेको छ । नेतृत्व निर्माण र हस्तान्तरणको सहज प्रणालीको विकास भएन भने त्यसले स्वभाविक रूपमा पुस्ताका बीचमा टकरावको स्थिति सिर्जना गर्न पुग्दछ । विगतमा हाम्रो पार्टीले नेतृत्व निर्माण र हस्तान्तरणको सही विधि बनाएको थियो । त्यसलाई परिवर्तन गर्न पुग्दा समस्या आएको अनुभूती पार्टीपङ्क्तिमा छ । यसप्रकारको स्थितिमा

सुधारका लागि पार्टी अध्यक्षले अभिभावकीय वा संरक्षकको भूमिकामा बसिदिए हुन्थ्यो भन्ने भावना कार्यकर्तापङ्क्तिमा प्रवल बन्दै गएको छ ।

३) **डिजिटलाइजेसन र सूचना प्रविधिको प्रयोगः** सङ्गठन सञ्चालन, अभिलेख, प्रचार र प्रकाशनका कार्यहरूलाई पूर्णरूपमा डिजिटल र आधुनिक बनाइनुपर्छ । कृत्रिम बुद्धिमत्ता (AI) र सामाजिक सञ्जालको प्रभावकारी उपयोगका लागि जिल्ला-जिल्लाहरूमा प्रशिक्षित डिजिटल स्वयंसेवकहरूको संयन्त्र निर्माण गरिनुपर्छ । विरोधीहरूले सिर्जना गरेका भ्रमपूर्ण आरोपको प्रतिवाद मात्र होइन आफ्ना घोषित नीति र कार्यक्रमलाई प्रभावकारी रूपमा स्थापित गर्ने माध्यमका रूपमा सूचना प्रविधिको प्रयोग गर्नुपर्दछ ।

४) **युवा र महिला र आधारभूत वर्गमा जोडः** सबै तहका कमिटीहरूमा जनसाङ्खिक सन्तुलित कायम गर्ने गरी युवा, महिला र आधारभूत वर्गको काममा पार्टीले विशेष जोड दिनुपर्दछ । आवश्यकताअनुसार आरक्षण र प्रोत्सहनको नीति अवलम्बन गर्नुपर्दछ। सोही वर्ग र समुदायलाई लक्षित गरेर पार्टी नीति र कार्ययोजना अघि सार्नुपर्दछ ।

५) **पाठ्यक्रमआधारित प्रशिक्षण र परीक्षाः** पार्टीपङ्क्तिको वैचारिक स्तर माथि उठाउन निर्धारित पाठ्यक्रममा आधारित प्रशिक्षण र परीक्षा प्रणालीको विकास गर्नुपर्दछ । नेतृत्वमा पुग्न र जनप्रतिनिधि बन्नका लागि पार्टी स्कुलको प्रशिक्षणमा भाग लिएको र परीक्षा पास गरेको कुरालाई समेत आधार बनाउनु पर्दछ । जनप्रतिनिधिको क्षमता वृद्धिका लागि 'जनप्रतिनिधि स्कूल' समेत सञ्चालन गर्नुपर्दछ ।

## परिच्छेद १०:

## पार्टी पुनर्गठनको आवश्यकता र ठोस कार्ययोजना (Action Plan)

निर्वाचन समीक्षा र पार्टी पुनर्गठनको कार्ययोजना तयार गर्न पार्टीको सचिवालयको बैठकले कार्यदल गठन गर्ने निर्णय गरेपछि भएका छलफलहरू पार्टी पुनर्गठनको विषयमा मुख्य रूपमा केन्द्रित हुन पुगे । अधिकांशले यस्थास्थितिमा पार्टी अघि बढ्ननसक्ने अवस्था रहेकोले पुनर्गठन आवश्यक रहेको धारणा प्रस्तुत गरे । पुनर्गठनलाई व्यक्तिकेन्द्रित गरिएको प्रचारका सन्दर्भमा अधिकांशले त्यसलाई समग्रतामा गर्नुपर्ने विचार राखे । कतिपयले भने पुनर्गठनको बहसले पार्टी विभाजन हुने हो कि भन्ने चिन्ता समेत प्रकट गरे । कतिपयले यतिबेला नेतृत्वको रक्षामा जोड दिनुपर्दछ भनेर पुर्गठनको औचित्य नरहेको तर्क समेत गरे । कार्यदललाई पुनर्गठनको कार्ययोजना तयार गर्ने कार्यादेश प्राप्त भएका कारणले छलफलका क्रममा आएका सुझावहरूलाई सोही आधारमा प्रस्तुत गरिएको छ ।

निर्वाचनमा पार्टीले व्यहोर्नुपरेको अकल्पनीय पराजय र खस्किएको जनमतलाई पूँजीका रूपमा परिचालन गरी पार्टीलाई जनस्तरमा पुनःस्थापित गर्नु आवश्यक रहेको पार्टीपङ्क्तिको बुझाइ छ। आमनिर्वाचनपछि पार्टीपङ्क्तिको खस्केको मनोवल उकास्न र निस्क्रिय बनेका कमिटीहरूलाई पुनः क्रियाशील बनाउनका लागि कार्यकर्तापंङ्तिमा नयाँ आशा र उर्जा भर्नुपर्ने देखिन्छ। त्यसका लागि पार्टीको नीति, विधि र संरचनागत सुदृढीकरण समेत गर्नु आवश्यक देखिन्छ।

पार्टीमा उत्पन्न गुटबन्दी, अन्तर्घात, चाकडी-चाप्लुसी, विलासी जीवनशैली र पार्टी अनुशासन उलङ्घनका प्रवृत्तिहरूलाई निर्मूल पार्दै पार्टीलाई एकतावद्ध र अनुशासित बनाउन नीति, विधि र संरचनागत सुधारसहित पार्टी पुनर्गठन आवश्यक रहेको बुझाई अधिकांश कार्यकर्ताको छ। यसरी नै ३० वर्ष मुनिका युवा र नयाँ मतदाताहरू पार्टीबाट टाढिँदै गएकाले, समयसापेक्ष चुनौतीको सामना गर्नेगरी नयाँ पुस्ताको आकाङ्क्षाअनुसार पार्टीलाई डिजिटल युगमा लैजान तथा युवामैत्री बनाउन पुनर्गठन आवश्यक बनेको छ। यही मान्यताका आधारमा पार्टी पुनर्गठनका सन्दर्भमा कार्यकर्ताबाट प्राप्त सुझावलाई यसरी सूत्रबद्ध गरिएको छः

## १०.१ पार्टी पुनर्गठनका मुख्य विषयहरू

### क) नीति (Policy) सम्बन्धी सुझावहरू

१) **जबजको समयानुकूल परिमार्जन र विकासः** जनताको बहुदलीय जनवाद (जबज) को मूलपक्षलाई कायम राख्दै आजको एआईको तहमा सूचना र प्रविधिमा भएको विकास तथा कम्युनिष्ट आन्दोलनका सामू उत्पन्न नयाँ चुनौतीको परिप्रेक्षमा जबजमा समानुकूल परिमार्जन र विकास गर्नुपर्दछ। आजको नयाँ पुस्ताको आकांक्षा र आधारभूत वर्गको चाहनाअनुरूप आर्थिक अवसर, शिक्षा र स्वास्थ्यमा आमजनताको सहज पहुँच, रोजगारी सिर्जना, वैज्ञानिक भूमिसुधार, उत्पादनमा आत्मनिर्भरता र प्रविधिमैत्री विकासको नीतिलाई मुख्य राजनीतिक एजेन्डा बनाउनु आवश्यक देखिन्छ

२) **नेपाली विशेषताको समाजवादः** जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशाअनुरूप पार्टीले "समृद्ध नेपाल, सुखी नेपाली"को राष्ट्रिय गन्तव्य निर्धारण गरेको परिप्रेक्षमा त्यसलाई हासिल गर्ने ठोस योजना र कार्यक्रम तयार गर्नुपर्ने देखिन्छ। जसले जबजको आलोकमा सामाजवाद निर्माणको नेपाली मोडेल प्रस्तुत गर्न सकोस्।

३) **जबजको आलोकमा संविधान संशोधनः** संविधान निर्माणका समयमा पार्टीले गर्नुपरेको सम्झौता र संविधान कार्यान्वयनको एकदशकमा देखिएका समस्याहरूलाई आधार बनाएर संविधानको पुनरावलोकन गर्ने र पुनरावलोकनको निष्कर्षका आधारमा संविधान संशोधन लागि पार्टीले

नेतृत्वदायी पहलकदमी लिनुपर्ने देखिन्छ । त्यसो गरिरहँदा जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशा र सो कार्यदिशामा आधारित रहेर समृद्ध नेपाल सुखी नेपालीको गन्तव्य हासिल गर्ने गरी आधारभूत वर्ग र समुदायको हित र सरोकारका विषयहरूलाई पहिचान गरी पार्टी र आन्दोलनलाई पुनर्गठित गर्ने उद्देश्यसँग त्यसलाई जोड्न सक्नुपर्दछ ।

## ख) नेतृत्व (Leadership) सम्बन्धी सुझावहरू

१) **नैतिक जिम्मेवारीका सन्दर्भमाः** सरकारको काम र क्रियाकलापका कारणले आजको संकट उत्पन्न भएको हुँदा पार्टीको मुख्य नेतृत्वले नैतिक जिम्मेवारी लिनु पर्दछ भन्ने मान्यता सुझावका क्रममा आएको छ । त्यसरी नै निर्वाचनमा भएको हार कुनै एक व्यक्तिको कारणले मात्र होइन । यसका लागि तलदेखि माथिसम्म सबैले भूमिकाअनुरूपको जिम्मा लिनुपर्दछ भन्ने मत पनि बलियो देखिन्छ । चुनौतीको समयमा नेतृत्वको विषयमा बहस गर्नु हुँदैन, सबै एक भएर चुनौतीको सामना गर्नुपर्दछ भन्ने मत पनि रहेको छ । तर निर्वाचनमा भएको गम्भीर पराजय पछि विगतमा हाम्रै पार्टीका तत्कालिक महासचिव माधवकुमार नेपालले नैतिकताका आधारमा राजीनामा दिएको र अन्तर्राष्ट्रिय रूपमा पनि गम्भीर चुनावी हारपछि नैतिकताका आधारमा जिम्मेवारी बहन गर्ने गरेको कुरालाई आधार बनाएर नेतृत्वबाट आपेक्षा राखेको देखिन्छ । नेतृत्वका विषयमा उठेको विषयलाई समष्टिगत रूपमा पार्टीको हितलाई केन्द्रबिन्दूमा राखेर समाधान गरिनु पर्दछ । यस सन्दर्भमा वर्तमान पार्टी अध्यक्षका नेतृत्वमा विगतमा भएका राम्रा कामहरूको पूँजीकरणको विषयमा असर नपरोस् भन्ने कुरामा सचेत हुनु आवश्यक देखिन्छ ।

२) **नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको विषयः** यतिबेला पार्टीमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको विषय महत्वपूर्ण एजेण्डा बनिसकेको छ । हुन त विगतमा पार्टीले युवाको बीचको पार्टी काम र सङ्गठनमा आरक्षणको व्यवस्था लागू गरिसकेको अवस्था छ । त्यसले मात्र युवाहरूको आकांक्षाको सम्वोधन हुने देखिदैन । पार्टीले तीन पुस्ताको संयोजनको नीतिलाई ठोस योजना बनाएर अघि बढाउनु पर्दछ । यसका लागि पार्टीमा नेतृत्व निर्माण र हस्तान्तरणको सहज प्रणाली स्थापित गर्ने प्रतिवद्धता प्रकट गर्नु आवश्यक छ ।

३) **कार्यकाल र उमेर हदको पुनर्स्थापनाः** २०४७ सालमा पार्टी भूमिगत राजनीतिबाट खुला हुँदाको समयमा पार्टीमा पुरानो पुस्ताको अभाव देखिन्थ्यो । त्यो अभावलाई समेत दृष्टिगत गरेर नै जननेता मदन भण्डारीको अग्रसरतामा माले मार्क्सवादी पार्टीका बीचमा पार्टी एकता गरेर नेकपा (एमाले) बनेको थियो । यतिबेला त्यसको ठीकविपरीत नयाँ पुस्ताको अभाव हाम्रो पार्टीको गम्भीर समस्या बन्न पुगेको छ । कमिटीहरूमा उमेर हद र कार्यकालको व्यवस्थाले

नयाँ पुस्तालाई आकर्षित गर्न सकिन्छ भन्ने मान्यता प्रवल बन्दै गएको छ । विधान संशोधन गरेर यससम्बन्धी व्यवस्थालाई पुनःस्थापित गर्नु आवश्यक छ ।

४) **'एक व्यक्ति, एक पद'को व्यवस्थाः** अवसरहरूको न्यायोचित वितरणका लागि 'एक व्यक्ति एक पद' को आवश्यक छ भन्ने कार्यकर्ताको बुझाइ देखिन्छ । एउटै व्यक्ति लगातार दुई पटकभन्दा बढी प्रधानमन्त्री, मन्त्री, सांसद वा स्थानीय तहको प्रमुख हुन नपाउने र समानुपातिक कोटामा एउटै व्यक्तिलाई दोहोऱ्याएर अवसर दिन नहुने मागलाई कुनै न कुनै रुपमा सम्वोधन गर्नुपर्ने देखिन्छ ।

## ग) सङ्गठन (Organization) सम्बन्धी सुझावहरू

१) **कमिटीहरूको आकार चुस्त र छरितो बनाउनेः** हालका अत्याधिक भद्दा, ठूला र भाषणकेन्द्रित जस्ता बन्न पुगेका कमिटीहरूको आकार सानो, छरितो र कामकाजी बनाउनु आवश्यक छ । कम्तिमा पनि बैठकमा छलफल हुने र निर्णयमा सामूहिक स्वामित्व लिने अवस्था सिर्जना गर्नु आवश्यक छ । कमिटीको आकार ठूला भएको कारणले कमिटीको तहगत ढाँचाको भूमिका पनि प्रभावित भएको छ । केन्द्रीय सदस्यहरूलाई पालिका तह र महानगर र उपमहानगरमा त वडा तहमा समेत परिचालन गर्नुपरेको अवस्था छ । यसले प्रदेश, जिल्ला र पालिकाको कार्यक्षेत्रमा समेत संकूचन ल्याइदिएको छ । यसप्रकारको अवस्थामा सुधार ल्याउनु जरुरी छ ।

२) **लोकतन्त्रिकरणको प्रक्रियालाई तीव्रता दिने :** पार्टी निर्माणमा पार्टी कार्यकर्ताको सम्प्रभू भूमिकालाई कसरी स्थापित गर्ने भन्ने कुरा पार्टी लोकतान्त्रिकरणको महत्वपूर्ण विषय हो । कमिटीको नेतृत्व छनोटमा पार्टी सङ्गठित सदस्यहरूलाई सार्वभौम (प्रत्यक्ष चयन वा आन्तरिक निर्वाचनको अधिकार) बनाउने कुरामा कार्यकर्ताको ठूलो पङ्क्तिको जोड देखिन्छ । महाधिवेशन र अधिवेशनमा आयोजकहरू स्वतः प्रतिनिधि हुने पदेन व्यवस्थाले कार्यकर्ताको भूमिकामा संकूचन आएको छ र नेतृत्व आधारभूत तहको कामसँग जोडिन पनि छोडेको छ । विधानमा संशोधन गरेर आयोजकहरू स्वतः प्रतिनिधि हुने व्यवस्था हटाउनु पर्दछ ।

३) **युवा र महिला सहभागिता तथा डिजिटलाइजेसनः** कमिटीहरूमा ४० वर्ष मुनिका युवा र महिला तथा आधारभूत वर्ग र समुदायका कार्यकर्ताको सहभागिता बृद्धि गर्नु आवश्यक देखिन्छ । नयाँ पुस्तामा पार्टीको प्रभाव विस्तार गर्नका लागि डिजिटल युगमा लैजाने गरी सूचना र प्रविधिमैत्री पार्टी बनाउनु पर्दछ । पार्टीमा सदस्यता वितरण, लेबी सङ्कलन, लेखा व्यवस्थापन र अभिलेख राख्ने कार्यलाई पूर्णरूपमा डिजिटल र आधुनिक बनाइनु पर्दछ भन्ने मान्यता प्रबल छ । यद्यपी यी काम अहिले नै सुरु भइसकेका छन् । यसलाई आगामी दिनमा थप व्यवस्थित गरिनु पर्दछ ।

**घ) कार्यशैली र जनसम्बन्धसम्बन्धी सुझावहरू**

१) **भूगोल र आधारभूत समुदायकेन्द्रित जिम्मेवारी:** नेता-कार्यकर्ताहरू केवल भाषणमुखी हुने र नेता तथा पार्टी कार्यालयको वरिपरी घुम्ने प्रवृत्ति त्यागेर नियमित रूपमा आ-आफ्नो भूगोल र कार्यक्षेत्रमा केन्द्रित भएर काम गर्ने पद्धतिको विकास गर्नुपर्दछ। हरेक तहको कामलाई जनआधारित कार्यकर्ता पार्टीको मान्यताअनुरूप जनता र समुदायसँग घनिष्ट सम्बन्ध कायम हुने गरी अघि बढाउनु आवश्यक छ।

२) **जनसम्बन्धमा व्यापक सुधार:** पछिल्ला दिनहरूमा पार्टी गतिविधिहरूमा औपचारिकताको पक्ष हावी बन्दै गएको छ। जनतामा जाने, जनतासँग प्रत्यक्ष सम्वाद गर्ने, जनताको समस्या र मागहरू पहिचान गर्ने, जनताको मन जितेर जनप्रिय बन्ने काममा जोड दिनुपर्दछ। जनतासँगको सम्बन्धलाई फराकिलो बनाउनका लागि पार्टीसम्बद्ध जनसङ्गठनको काममा विशेष जोड दिनुपर्दछ। पार्टीका नेता र कार्यकर्ताहरू हरदम जनताको नजरमा उदाहरणीय बन्ने कोशिस गर्नुपर्दछ।

३) **भोटर-केन्द्रित काम र डिजिटल संयन्त्रको विकास:** पार्टीले आमजनता र "स्वतन्त्र मतदाता"को पनि प्रिय बन्नका लागि जनचासोका दैनिक मुद्दाहरूमा प्रत्यक्ष जोडिने कार्यशैली अपनाउनु पर्दछ। विपक्षीहरूले सामाजिक सञ्जालमा फैलाएका भ्रम र दुस्प्रचारलाई समयमै चिर्न कृत्रिम बुद्धिमत्ता (AI) र सामाजिक सञ्जालको प्रयोगका लागि प्रशिक्षित स्वयंसेवकहरूको संयन्त्र निर्माण गर्नुपर्दछ।

**ङ) आचरण, व्यवहार र सुशासनसम्बन्धी सुझावहरू**

१) **सरल जीवनशैली र विनम्र भाषाशैली:** उपभोक्तावादी र विलासितापूर्ण बुर्जुवा चिन्तन र व्यवहारबाट पार्टीका नेता र कार्यकर्ताहरू टाढै बस्नु पर्दछ। कम्युनिष्ट मूल्य-मान्यता अनुकूलको सरल जीवनशैली र विनम्र भाषाशैली अवलम्बन गर्नुपर्दछ। नेतृत्व र जनप्रतिनिधिहरू सदैव आमजनताको निगरानीमा रहेका हुन्छन् भन्ने मान्यताका आधारमा आफूलाई जस्तोसुकै अवस्थामा पनि संयमित राख्न सक्नुपर्दछ।

२) **आर्थिक पारदर्शिता र सम्पत्तिको स्वघोषणा :** पार्टीका तर्फबाट राजकीय वा लाभको पदमा पुगेका सबैको सम्पत्ति छानविन गरी उनीहरूका बारेमा उठ्ने भ्रमपूर्ण प्रचारलाई चिर्ने आधार पार्टीले बनाउनु पर्दछ। साथै कमिटीका सदस्यहरू निर्वाचित भएर आउँदा र पदबाट बिदा हुँदा आफ्नो आर्थिक अवस्थाको अनिवार्य 'स्वघोषणा' गर्ने वैधानिक व्यवस्था गर्नुपर्दछ। यससम्बन्धी कामको जिम्मेवारी पार्टीको अनुशासन आयोगलाई दिनुपर्दछ।

३) **विवादास्पद व्यक्तिसँगको उठबसबाट जोगिनु पर्दछ:** कतिपय अवस्थामा पार्टीका असल इमान्दार कार्यकर्ता विवादास्पद व्यक्तिसँगको उठबसका कारणले विवादमा पर्ने गरेको देखिन्छ । यतिबेला नेपाली समाजमा सबै नेता खराब छन्, सबै नेता भ्रष्ट छन् भन्ने गलत भाष्य निर्माण गर्न खोजिएको छ । यस्तो बेलामा हाम्रो सम्बन्ध र सम्पर्क पनि कस्तासँग गर्ने र नगर्ने भन्ने कुरामा विशेष ध्यान पुऱ्याउनु पर्दछ । विवादास्पद व्यक्तिसँगको सम्बन्ध र आर्थिक लेनदेनबाट अलग बस्नु पर्दछ । भ्रष्टाचार शून्य सहनशीलताको सन्देश व्यवहारबाट दिनुपर्दछ ।

<u>खण्ड- (ख)</u>

## कार्यदलको समीक्षा र सिफारिस

### १. कार्यदलको आवश्यकता र औचित्य

केन्द्रीय सचिवालयको आठौँ बैठकको सर्वसम्मत निर्णयका आधारमा निर्वाचन समीक्षा र पार्टी पुनर्गठन कार्यदल गठन भएको हो । कार्यदलको २०८३ जेठ २५ मा बसेको पहिलो बैठकले सर्वसम्मत रूपमा अगुवा कार्यकर्ताहरूको सुझाव संकलन गर्ने निर्णय गऱ्यो । उक्त बैठकले कार्यदलको भौतिक उपस्थितिमा अगुवा कार्यकर्ताको सुझाव संकलन गर्ने गरी सोहीअनुसारको कार्ययोजना सर्वसम्मत रूपमा तयार गऱ्यो । कार्यदलले पार्टी अध्यक्षको चाहनाअनुरूप प्रायः सबै ठाउँमा उहाँको सम्वोधनको अवसर प्रदान गरेको थियो । पार्टी अध्यक्षका तर्फको सम्वोधनका क्रममा व्यक्त कतिपय अभिव्यक्तिले कार्यकर्तामा कार्यदलको औचित्यका बारेमा संशय र चिन्ता पैदा गरेको थियो । सुझाव संकलनका क्रममा केही कमरेडहरूले अध्यक्षले सबै कुराको निष्कर्ष सुनाइसकेपछि सुझाव दिनुको के अर्थ भन्ने अर्थमा असन्तुष्टी प्रकट गर्नुभएको थियो । केही कमरेडहरूले कार्यदलको औचित्यमाथि प्रश्न उठाउनुभएको थियो । केही कमरेडहरूको भनाइ पार्टी विघटन नभएको अवस्थामा पुनर्गठनको विषय उठाउनु उचित हुँदैन भन्ने रहेको थियो । केही कमरेडले तल छलफल गराउनुभन्दा माथि नै छलफल गरेर समाधान लिएर आउनु उचित हुने कुरा राख्नुभएको थियो । केही कमरेडहरूले यसप्रकारको छलफलले पार्टीलाई विभाजित गर्न सक्दछ भनेर चिन्ता समेत प्रकट गर्नुभएको थियो । कतिपय कमरेडहरूले त यहाँ तपाईंहरूले खुलाखुलस्त कुरा राख्न भनिरहनुभएको छ, कुरा राख्दा पूर्वाग्रह र कोपभाजनको शिकार हुनुपर्ने हो कि भने चिन्ता समेत प्रकट गर्नुभएको थियो । कार्यदलका तर्फबाट अधिकांश ठाउँमा इन्चार्ज तथा कार्यदलका सदस्यले कार्यदल सचिवालयको सर्वसम्मत निर्णयका आधारमा गठन भएको र यसको उद्देश्य पार्टीका सामू उत्पन्न समस्या र चुनौतीलाई सामना गरेर पार्टीलाई अझ सबल र सुदृढ बनाउनु रहेको भनेर बताउनुभएको थियो । कार्यक्रममा सहभागी अधिकांशले कार्यदल गठन र सुझाव संकलनको कामलाई आवश्यक र सकारात्मक रहेको बताउनुभएको थियो । उहाँहरूमध्ये कतिपयको भनाइ ढिला भयो भन्ने थियो भने कतिपयले हामीले दिएको सुझाव कतै बेवास्ता गरिने हो कि भन्ने आशंका समेत प्रकट गर्नुभएको थियो । असहमति, आशंका र अविश्वासका बाबजुद प्रायः सबैले छलफलका क्रममा आफ्ना धारणा र सुझाव खुलाखुलस्त

रूपमा राख्नुभयो । छिटो निष्कर्षमा पुग्न अनुरोध गर्नुभयो । यथास्थितिमा पार्टी चल्न नसक्ने अनुभूतिका साथ परिवर्तनको अनुभूति हुने गरी पार्टीका तर्फबाट समग्र पुनर्गठनको काम योजनाबद्ध ढंगले अघि बढाउन माग गर्नुभयो । कार्यदल कतिपयले आशंका गरे जस्तो व्यक्ति विशेषका विरुद्ध लक्षित नभइ पार्टीको रक्षा र दुरगामी हितसँग जोडिएर गठन गरिएको हो भन्ने कुरामा स्पष्ट नै छ । कार्यदलले आफ्नो तर्फबाट पूर्वधारणा राख्ने काम गरेन । कार्यदलको गठनको औचित्य र यसले गर्न खोजेको कामका बारेमा सम्बन्धित कार्यक्षेत्रका इन्चार्ज र इन्चार्जको व्यवस्था नभएका ठाउँमा कार्यदलको संयोजकले स्पष्ट पार्ने काम गर्नुभएको थियो । पार्टीका तर्फबाट संस्थागत रूपमा कार्यकर्ताका सुझावहरू ग्रहण गर्दा तथा समस्या र चुनौतीका सन्दर्भमा छलफल गर्दा पार्टी विभाजित हुने र कमजोर हुने होइन, अझ बलियो र एकताबद्ध हुने बलियो आधार तयार हुन्छ । कार्यदलले वैचारिक, राजनीतिक र सङ्गठनात्मक रूपमा पार्टीलाई एकताबद्ध बनाउने उद्देश्यलाई केन्द्रबिन्दूमा राखेर पार्टी सुद्धीकरण, सुदृढीकरण र रूपान्तरणसहितको पार्टी पुनर्गठनको कार्ययोजना प्रस्तावित गरेको छ । केन्द्रीय सचिवालय र केन्द्रीय कमिटीको बैठकबाट यस विषयमा छलफल गरी उपयुक्त निष्कर्ष निकालिने अपेक्षा कार्यदलले गरेको छ ।

## २. विगतका कामको वस्तुनिष्ठ समीक्षाः

यतिबेला हामी एकपटक पुनः पछि फर्केर आफैलाई र हामीले मिलेर सामूहिक रूपमा गरेको कामलाई समीक्षात्मक कोणबाट हेर्नुपर्ने ठाउँमा उभिएका छौँ । भनिन्छ, इतिहासले कसैलाई सिक्न बाध्य गर्दैन, तर इतिहासबाट सिक्न नसक्नेलाई सँजाय दिन्छ । सायद हामीले जनताबाट गएको निर्वाचनमा यही शिक्षा पाएका छौँ जस्तो देखिन्छ ।

जननेता मदन भण्डारीले इतिहासको यथार्थ समीक्षा गरौँ, सकारात्मक पक्षको सम्मान गरौँ भन्ने आफ्नो आलेखमा समीक्षाको महत्वको बारेमा यसरी उल्लेख गर्नुभएको छ- “विगतबाट राम्ररी शिक्षा ग्रहण नगरी अहिलेका कामहरूलाई ठीक ढंगले अघि बढाउन सकिन्न र भविष्य निम्ति पनि यथासम्भव सही विचार र दृष्टिकोणहरू निर्माण गर्न सकिन्न । त्यसकारण हामीले हिजोको मूल्याङ्कन पनि प्राथमिक महत्वकासाथ गर्नुपर्दछ ।”

जननेता मदन भण्डारीको उक्त दृष्टिकोणका आधारमा हेर्ने हो भने अहिलेको संकट र चुनौतीपूर्ण परिस्थितिबाट पार्टीलाई माथि उठाउनका लागि पार्टी र सरकारको कामको समीक्षा गर्नु आवश्यक छ । त्यसलाई कुनै पनि बहानामा उपेक्षा गर्नु हुँदैन ।

आमनिर्वाचनमा पार्टीले व्यहोर्नुपरेको अकल्पनीय पराजय पार्टी जीवनको सबैभन्दा गम्भीर विषय हो । यद्यपि केन्द्रीय निर्वाचन परिचालन कमिटीले भर्चुअल माध्यमबाट सुझाव संकलन गरेर निर्वाचनको समीक्षा गरी प्रतिवेदन तयार गरेको छ । “त्यसले पनि यो तरिकाले हुँदैन” । “हामी पश्चिम बंगाल हुन सक्छौँ” र “नीति र नेतृत्वको पुनर्गठन गर्नुपर्छ” भन्ने कार्यकर्ताको

सुझावलाई महत्वका साथ ग्रहण गरेर दस्तावेजिकरण गरेको छ । कार्यकर्ताका मनमा उठिरहेका यस्ता गम्भीर प्रश्नहरूको जवाफ “हामी ठिक थियौं जनताले कुरा बुझेनन्” वा “यो सबै भूराजनीतिको खेल हो” जस्ता कुराले दिन सक्दैन । तसर्थ यति गम्भीर धक्का र असफलता पछिको अवस्थालाई गम्भीर रूपमा लिनुपर्दछ । प्रतिस्पर्धा, पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने जबजको पार्टी जीवनको लोकतान्त्रिकरणको नीतिबाट निर्देशित पार्टीले यसप्रकारको परिस्थिति सिर्जना हुनुको वस्तुगत कारणको खोजी गर्नुपर्दछ । यसलाई निर्वाचनको समयको योजना, तयारी र परिणामसँग मात्र जोडेर हेर्नु हुँदैन । कुनै पनि घटना र परिणामका पछाडी तात्कालिक परिस्थिति, त्यसपूर्वका काम र क्रियाकलापको योग रहेको हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्नुपर्दछ । त्यसअर्थमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नेपालको कम्युनिष्ट आन्दोलनले हासिल गरेको सफलता र उत्कर्ष तथा निर्वाचनमा भएको इतिहासकै लज्जास्पद पराजयसम्मका समग्रपक्षको वस्तुनिष्ठ समीक्षा गर्नु पर्दछ ।

वास्तवमा पार्टी अध्यक्षको नेतृत्वमा नेपालको राजनीतिमा हावी हुन खोजिरहेका जातिवाद र क्षेत्रीयवादमा आधारित विग्रहकारी एजेण्डाहरूको प्रतिवाद गर्ने कुरामा महत्वपूर्ण सफलता हासिल भएको हो । उहाँकै नेतृत्वमा एकपटक असफल भएको संविधानसभाको दोस्रो निर्वाचन गरेर संविधान निर्माण गर्ने कुरामा सफलता हासिल भएको हो । उहाँकै नेतृत्वमा संविधान जारी गर्ने कुरामा रोक लगाउन खोज्ने बाह्य हस्तक्षेप र संविधान जारी भएपछि लगाइएको अघोषित नाकाबन्दीको डटेर सामना गर्दै त्यसलाई असफल बनाउने काम भएको हो । उहाँकै नेतृत्वमा उत्तरी छिमेकी चीनसँग व्यापार पारवहन सम्झौता गरेर नेपाललाई भूपरिवेष्ठित राष्ट्रबाट भूजडित राष्ट्र बनाउने कुरामा सफलता प्राप्त भएको हो । भूकम्पपछिको पुनर्निर्माण, कोभिड महामारीको सामना, पूर्वाधार विकास र सामाजिक न्याय र सुरक्षाको विस्तारमा समेत महत्वपूर्ण सफलता हासिल भएको हो । दैलेखको ग्याँस खानी र धौवादीको फलाम खानीको अन्वेषण र मुस्ताङको युरिनियम खानीको खोज उक्त समयका युगान्तकारी महत्वका उपलब्धी हुन् । २०७४ सालको आमनिर्वाचनमा वामगठबन्धन बनाएर प्राप्त गरेको सफलता नेपालको कम्युनिष्ट आन्दोलन तथा हाम्रो पार्टी जीवनको सबैभन्दा ठूलो उपलब्धी थियो ।

तर सोही समयमा आकस्मिक रूपमा नेकपा (एमाले) र नेकपा (माओवादी) बीच पार्टी एकता गरी नेकपा बनाउनु र नेकपा आफैंभित्रको अन्तरसङ्घर्षमा फसेर विघटन हुनु, अदालतबाट पुनर्स्थापित भएको नेकपा (एमाले)मा विभाजन आउनु नेपालको कम्युनिष्ट आन्दोलनको भविष्यलाई गम्भीर असर पुऱ्याउने घटना बन्न पुगे । दुई-दुई पटकको संसद विघटनको राजनीतिक र कानूनी रूपमा औचित्य स्थापित हुन नसक्नुजस्ता कुराले पनि पार्टी जीवनलाई नकारात्मक असर पर्न गयो । नेकपा गठन र २०७४ सालको निर्वाचनपछि बनेको बलियो सरकारले जगाएका सपनाहरू नेकपा विघटन र नेकपा (एमाले) पार्टीको विभाजनजस्ता कारणले

उत्पन्न निराशाको जगमा नेपालमा पपुलिजम र अनार्किजमको प्रभाव विस्तार भएको तथ्यलाई विर्सन मिल्दैन । त्यसरी नै २०७९ को आमनिर्वाचनमा पाँच दलीय गठबन्धनको सामना गरेर प्राप्त गरेको उपलब्धी कमजोर थिएन । त्यसलाई पार्टीले जनताको रोजाइको पहिलो पार्टी भनेर विश्लेषण समेत गरेको थियो । उक्त जनादेशलाई पार्टीले प्रतिपक्षमा बसेर जनताका पक्षमा काम गर्ने जनादेश भनेको थियो । तर त्यसप्रकारको विश्लेषणको मसी सुक्न नपाउँदै पार्टी प्रचण्ड नेतृत्वको सरकार बनाउने कुरामा अग्रसर भयो र सरकारमा सहभागी समेत भयो । तर राष्ट्रपतिको चुनावमा पुग्दा त्यो गठबन्धन कायम हुनसकेन र पार्टी सरकारबाट बाहिरियो । एक वर्षपछि पुनः प्रचण्डको नेतृत्वको सरकारमा सहभागी भयो । त्यसको एकवर्ष पुग्दा नपुग्दै नेपाली कांग्रेसको सहभागितामा आलोपालोको सहमतिअनुरूप सरकारमा सहभागी भयो । राजनीतिक स्थायित्वका लागि संविधान संशोधनको एजेण्डालाई मुख्य आधार बनाएको उक्त गठबन्धन जारी रहेकै अवस्थामा संविधान संशोधन २०८७ पछि मात्र हुन्छ भन्न पुग्यो । यसप्रकारका काम र क्रियाकलापका कारणले नेकपा (एमाले) सत्ताकेन्द्रित पार्टी हो । सत्ताविना बाहिर बस्न सक्तैन जस्ता भाष्य निर्माण हुन पुगे । सत्ता गठबन्धनमा भइरहने परिवर्तनले समग्रतामा लोकतान्त्रिक आन्दोलनको नेतृत्व गरेका दल र त्यसको नेतृत्वप्रति नै जनतामा वितृष्णा पैदा हुन पुग्यो ।

नेपालको संसदीय राजनीतिमा मनमोहन अधिकारीको नेतृत्वमा गठन भएको अल्पमतको सरकार र संविधानसभाबाट संविधान जारी भएपछि पार्टी अध्यक्षको नेतृत्वमा गठन भएको अल्प समयको सरकारका समयमा भएका कामहरूले नेपालको कम्युनिष्ट आन्दोलनको विकास र विस्तारमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । त्यसपछिका सबै सरकारहरूले रणनीतिक महत्वका थुप्रै काम गरे पनि जनताको विश्वास भने खासै जित्नसकेको देखिदैन । कामका दृष्टिकोणले २०७४ पछिको सरकार बलियो र परिणामका दृष्टिकोणले पनि सफल देखिन्छ । तर पार्टीभित्रको अन्तरकलह र प्रतिनिधिसभाको विघटनको औचित्य पुष्टी हुननसक्दाको परिणाम नै भन्नुपर्दछ जनमतमा बृद्धि हुन सकेन । पपुलिज्मप्रतिको नयाँपुस्ताको आकर्षणले जनमत क्रमशः खस्कन सुरु भयो । त्यसको सुरुवात २०७९ को निर्वाचनबाटै भइसकेको थियो । नेकपा विघटन र नेकपा (एमाले)को पुनःस्थापना पार्टीको पुनर्जीवनको महत्वपूर्ण आधार थियो । पार्टीले अध्यक्ष कमरेड केपी शर्मा ओलीको व्यक्तित्वलाई आधार बनाएर पार्टीको रक्षा र विकास गर्ने नीति लियो । त्यसक्रममा पार्टीले पार्टी अध्यक्षको व्यक्तित्वलाई संस्थागत रूपमा केन्द्रबिन्दूमा राखेर पार्टी कामलाई अघि बढाउने नीति लियो । पार्टीको त्यस प्रकारको नीति र अभ्यासप्रति पार्टीभित्रबाट विरोध र असन्तुष्टी प्रकट नभएको होइन । तर पार्टीले पार्टीको रक्षा र विकासका लागि आवश्यक ठानेर अघि बढाएको थियो । तर त्यसप्रकारको अभ्यासले अध्यक्षकेन्द्रित कार्यशैलीको विकास हुन पुग्यो । राज्यसत्ताका माध्यमबाट जनताका पक्षमा काम गर्ने कार्यशैलीले स्थानीय वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्ष आधारित पार्टीको सङ्गठनात्मक

जीवन प्रभावित बन्न पुग्यो । नेकपा गठनपछि बनेका ठूला र भद्दा कमिटीहरूले पार्टीको बलियो सङ्गठनात्मक जीवनपद्धति खलबलिन पुग्यो । नेकपाकालको समुहगत वर्चश्वका लागि भएको सङ्गठनात्मक प्रतिस्पर्धा, नेकपाकालीन अन्तरसङ्घर्ष तथा पार्टी विभाजनजस्ता कारणले पार्टी र आन्दोलनभित्र दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतावादका रूपमा मौलाउने अवसर पाए । आज पनि त्यसका प्रभाव र असरबाट पार्टी जीवन मुक्त हुन सकेको देखिदैन ।

शान्तिपूर्ण र संवैधानिक बाटोबाट समाजवादमा पुग्ने राजनीतिक कार्यदिशा अन्तर्गतको वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्षको स्वरूप कस्तो हुन्छ भन्ने कुरामा लामो समयदेखि पार्टीको खासै ध्यान पुग्न सकेन । सरकारका निकायका माध्यमबाट जनताका काम गर्ने र त्यसका आधारमा जनआधार विस्तार गर्ने कुरा नजानिँदो ढंगले पार्टीपङ्क्तिको कार्यशैली बन्न पुग्यो । अनुकुल प्रहरी-प्रशासनको प्रबन्ध भए पार्टी बलियो हुन्छ भन्ने कुराले घर गर्न पुग्यो । प्रहरी-प्रशासनको सहयोग जनकार्यका लागि अनुकूल हुँदासम्म त्यसको प्रभाव एकहदसम्म सकारात्मक समेत देखियो । तर समयक्रममा यसप्रकारको कार्यशैलीले जनताका बीचमा जाने, जनतासँग सम्वाद गर्ने र जनताको समस्या समाधानका लागि अग्रसरता लिने पार्टीको असल परम्परा कमजोर हुँदै गयो । अर्कोतिर पार्टीको मुख्य नेता लामो समय सरकारको नेतृत्वमा रहँदा र पार्टी अध्यक्ष स्वयम् पार्टी जीवनमा देखिएका सानातिना समस्याको समाधानमा अग्रसर हुनपुग्दा पार्टी केन्द्रमुखी र नेतामुखी जस्तो बन्न पुग्यो । पालिका र वडातहका समस्याको समाधानका लागि दुईतीन तहलाई क्रस गरेर सोझै पार्टी केन्द्रमा धाउने र अध्यक्ष-महासचिवलाई भेटेर समस्याको समाधानका लागि आग्रह गर्ने स्थिति उत्पन्न भयो । नेतृत्वले पनि सोहीअनुसार समस्याको समाधानमा चासो देखाउन पुग्दा त्यो प्रवृत्ति विस्तार भएर आम बन्न पुग्यो । यसबाट पार्टीको बलियो सङ्गठनात्मक प्रणाली र आधार क्रमशः कमजोर हुन पुग्यो । चुनावका समयमा पार्टीपङ्क्तिले किन जनताको बदलिएको मनस्थित बुझ्न सकेन ? किन पार्टीपङ्क्ति पटकपटक आधारभूत तहका जनताका बीचमा जानुपर्ने पार्टी निर्देशनलाई सफतालापूर्वक कार्यान्वयन गर्न सफल भएन भन्ने कुरालाई यसै परिप्रेक्षमा हेर्नु र बुझ्नुपर्ने हुन्छ ।

वास्तवमा हाम्रो पार्टी विश्व कम्युनिष्ट आन्दोलमा अभुतपूर्व धक्का समयमा समेत राष्ट्रिय राजनीतिक प्रमुख शक्ति बन्न सक्नुको कारण जननेता मदन भण्डारीको नेतृत्वमा विकास भएको नेपाली क्रान्तिको मौलिक कार्यक्रम र सिद्धान्त जनताको बहुदलीय जनबादलाई पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गर्नु र त्यसको मार्गदर्शनमा अघि बढ्नु हो । जनताको बहुदलीय जनवादलाई नेपालको कम्युनिष्ट आन्दोलन र राष्ट्रिय राजनीतिमा स्थापित गर्न र विकास गर्न पनि पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीको महत्वपूर्ण भूमिका छ । जनताको बहुदलीय जनवादअन्तर्गत क्रान्तिपूर्वको सरकारले कस्तो कार्यनीति अवलम्बन गर्नुपर्दछ भन्ने कुरामा उहाँको नेतृत्वमा पार्टीले नीतिहरूको संश्लेषण गरेको थियो। जबजको पार्टी

निर्माणसम्बन्धी दृष्टिकोणका आधारमा पार्टी जीवनको लोकतान्त्रिकरणको नीति पनि उहाँकै संयोजनमा बनेको हो । जनताको बहुदलीय जनबादलाई पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा विकास गर्ने कुरामा पनि उहाँको योगदान महत्वपूर्ण रहेको हो । तर पार्टी नेतृत्वको बलियो सरकारका समयमा जबजको अवधारणाअनुरूप शिक्षा, स्वास्थ्य र रोजागारीका क्षेत्रमा जसरी काम अघि बढ्नु पर्दथ्यो त्यो हुन सकेन । भूमी समस्याको समाधानका सन्दर्भमा ऋषि लुम्साली आयोगले ९ महिनाको छोटो अवधिमा उदाहरणीय काम गरेर देखाइसकेको अवस्थामा २०७४ पछि बनेको बलियो सरकारका समयमा समेत खासै काम हुन सकेन । यद्यपि कानूनी र प्रशासनिक झमेलाले काममा समस्या उत्पन्न गरेको थियो । त्यो १२ लाख पीडित भूमिहीन सुकुम्वासी र अव्यवस्थित परिवारले बुझ्नसक्ने स्थिति बनेन । दुई तिहाइको सरकार छ, त्यसले जे पनि गर्न सक्छ भन्ने मान्यताका कारण काम नहुनुको दोष नेतृत्व र पार्टीको जस्तो बन्न पुग्यो । त्यसमाथि सुशासन र सेवा प्रवाहमा सुधार हुन नसक्दा त्यसले जनतामा सरकारप्रति असन्तोष बढाउने काम गऱ्यो । भूराजनीतिक चलखेल र पपुलिजमको बढ्दो प्रभावले जनताको भावना र असन्तोषलाई भड्काउने काम गरे । भदौ २३ र २४ को घटनालाई उपरोक्त सन्दर्भसँग जोडेर पनि हेर्नुपर्दछ ।

निश्चय नै भदौ २३ र २४ पछि उत्पन्न भएको परिस्थितिलाई सामना गर्नका लागि नै पार्टीले समयअगावै महाधिवेशन गरेको थियो । महाधिवेशनको सफल आयोजनापछि पार्टीको आन्तरिक जीवनको समस्या समाधान भएको निष्कर्ष निकालिएको थियो । आमनिर्वाचनको परिणामले त्यो कुरा स्थापित गरेन । यसअर्थमा पार्टी र सरकारको कामको समीक्षा गरेर महान उपलब्धिको अवस्थाबाट चरम असफलता र निराशाको अवस्थामा पार्टी किन पुग्यो भन्ने कुराको समग्र र वस्तुनिष्ट समीक्षा अविलम्ब गर्नु आवश्यक छ ।

## ३. आमनिर्वाचन २०८२ समीक्षाः चुनावी हारको प्रमुख कारण

आमनिर्वाचन २०८२ नियमित चुनाव थिएन । यो भदौ २३ र २४ को असमान्य घटनापश्चात् उत्पन्न असमान्य परिस्थितिको उपज थियो । २३ र २४ को 'जेनजी आन्दोलन' त्यसको आवरणमा भएको विध्वंसात्मक क्रियाकलापबाट उत्पन्न गराइएको राजनीतिक शून्यताको जगमा बनेको सुशिला कार्की नेतृत्वको सरकार र त्यसको सिफारिसमा भएको प्रतिनिधिसभा विघटन दुवै असंवैधानिक रहेको निष्कर्ष हाम्रो पार्टीको रह्यो । पार्टीले सोही विश्लेषण र निष्कर्षका आधारमा त्यसको कडा विरोध र प्रतिवाद गर्ने निर्णय गऱ्यो । उक्ति विध्वंशात्मक घटनाबाट मुलुक प्रतिगमनको दिशातिर उन्मुख भएको निष्कर्षका आधारमा पार्टीले प्रतिनिधिसभाको पुनर्स्थापनाका माध्यमबाट नै मुलुकको संविधान र लोकतन्त्र सही दिशामा फर्कन्छ भन्ने मान्यता राख्यो । तर पार्टीको यो मान्यताका पक्षमा अन्य राजनीतिक दलहरू सहमत नभएका कारणले प्रतिनिधिसभा पुनर्स्थापनाका पक्षमा वातावरण बन्न सकेन । नेकपा

(एमाले) बाहेकका प्रायः सबै प्रमुख दलहरू निर्वाचनबाट नै मुलुकलाई लोकतन्त्रको दिशामा फर्काउन सकिन्छ भन्ने मान्यतामा रहे । सुशिला कार्की नेतृत्वको सरकार पनि चुनाव गराएरै छोड्ने बाटोमा अग्रसर रह्यो । यस्तो अवस्थामा पार्टीका सामू चुनावमा जानुको विकल्प रहेन । यद्यपि भदौ २३ र २४ को घटना नवयुवाहरूको असन्तुष्टी र विद्रोहको परिणाम मात्र थिएन । त्यो सुनियोजित षड्यन्त्र समेत थियो । तर आमजनताका बीचमा पार्टी त्यो दृष्टिकोण स्थापित हुन सकेन । भदौ २३ र २४ को घटनालाई षड्यन्त्रपूर्ण घटनाका रूपमा स्थापित गर्न नसक्दा स्वभाविक रूपमा त्यो नवयुवाहरूको पहलमा भएको जनताको विद्रोह स्थापित हुन्थ्यो । निर्वाचनको परिणामबाट त्यस्तै भयो । जुन पार्टीको दृष्टिकोण र मान्यताभन्दा फरक थियो । हरेक साना-ठूला राजनीतिक परिवर्तनका घटना पछि भएको निर्वाचनमा परिवर्तनको नेतृत्व गर्ने दल वा समूहका पक्षमा नै जनताको जनादेश गएको देखिन्छ । २००७ सालको राजनीतिक परिवर्तनको प्रमुख नेतृत्वकर्ता रहेको कारणले २०१५ सालमा सम्पन्न पहिलो आमनिर्वाचनमा नेपाली कांग्रेसले दुइ तिहाइ मत ल्याउन सफल भएको थियो। २०४६ सालको संयुक्त जनआन्दोलनको नेतृत्वकर्ता नेपाली कांग्रेस र वाममोर्चा रहेका थिए । २०४८ सालमा भएको निर्वाचनमा नेपाली कांग्रेस पहिलो र वाममोर्चाको प्रमुख घटकका रूपमा रहेको नेकपा (एमाले) दोस्रो ठूलो दल बन्न सफल भएको थियो। बैसठ्ठी/त्रिसठ्ठीको ऐतिहासिक जनआन्दोलन माओवादीसँगको १२ बुँदे सहमतिको महत्वपूर्ण योगदान रहेको र जनआन्दोलनको सफलता पछि १० वर्ष लामो सशस्त्र सङ्घर्षको नेतृत्व गरेको नेकपा (माओवादी) शान्तिप्रक्रियामा आएको र उसको सहभागितामा अन्तरिम संविधान समेत बनेको पृष्ठभूमिमा भएको पहिलो संविधानसभाको निर्वाचनमा नेकपा (माओवादी) प्रमुख दल बन्न सफल भएको थियो । यस्तो ऐतिहासिक तथ्यलाई बुझेर नेपालका लोकतान्त्रिक दलहरूले मिलेर भदौ २३ र २४ को घटनालाई षड्यन्त्रका रूपमा स्थापित गर्ने कोशिस गरेको भए शायद अहिलेको अवस्था भन्दा फरक परिणाम आउन सक्दथ्यो । तर त्यसो हुन सकेन । किनकि भदौ २३ र २४ को घटनामा नेपाली युवा र सर्वसाधारणको समेत समर्थन र सहभागिता उल्लेख्य मात्रमा रहेका कारणले दलहरू विभाजित बन्न पुगे । उक्त विध्वंसात्मक घटनालाई षड्यन्त्रका रूपमा स्थापित गर्न नसक्दा त्यो आन्दोलन नेकपा (एमाले) नेतृत्वको सरकारका विरुद्धको विद्रोह जस्तो बन्न पुग्यो । यस्तो अवस्थामा सम्पन्न निर्वाचन नेकपा (एमाले)का पक्षमा हुन सक्दैनथ्यो । तर पार्टीको विश्लेषण समेत निर्वाचनपूर्व यस्तो रहेन । केही मत घटे पनि निर्वाचनमा जादा पुरानो स्थिति कायम गर्न सकिन्छ भन्ने रह्यो । पार्टीपङ्क्तिले पनि प्रतिकूल अवस्थामा निर्वाचनलाई आफ्नो पक्षमा ल्याउनका लागि हदैसम्मको कोशिस गरेको देखिन्छ । तर भदौ २३ र २४ को विद्रोहलाई सामना गर्न असफल राज्यको कार्यकारी प्रधानमन्त्रीको भूमिकामा रहनुभएका पार्टी अध्यक्षलाई नै प्रधानमन्त्रीको उम्मेद्वार घोषणा गर्ने कुरा चुनावी रणनीतिका लागि घातक सावित भयो । त्यसबाट सिंगो चुनाव भदौ २३ र २४ को घटना र को प्रधानमन्त्री हुने ? भन्ने विषयमा

केन्द्रित बन्न पुग्यो । निर्वाचनको प्रतिकूल परिणाममा यी दुई कुराले निकै ठूलो असर पारेको देखिन्छ ।

निर्वाचनमा सामाजिक संजाल र डिजिटल एल्गोरिदममार्फत नेकपा (एमाले) र यसको नेतृत्वका विरुद्धमा योजनावद्ध रूपमा चलाइएका दुश्प्रचारको पनि उल्लेख्य प्रभाव रह्यो । नयाँ पपुलिष्ट शक्तिहरू भदौ २३ र २४ को नवयुवाहरूको 'आन्दोलन'को भावनाको समेत नेतृत्व गर्न सफल भएका कारणले निर्वाचनमा हाम्रो पङ्क्ति रक्षात्मक र उनीहरू आक्रमक अवस्थामा रहे । त्यसमाथि बाह्य भू-राजनीतिक स्वार्थ समूहहरूको अदृश्य घेराबन्दीले समेत निर्वाचनको परिणामलाई प्रभावित गरेको देखिन्छ । त्यसमाथि निर्वाचनको अन्तिम समयमा बीबीसीले सार्वजनिक गरेको डकुमेन्ट्रीले समेत जनताको भावना भड्काउन महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । तर यी सबै तथ्यका बाबजुद हाम्रा आफ्ना कमजोरीहरू नै पार्टी र आन्दोलनका लागि प्रतिकूलता सिर्जना गर्ने कारण बनेको तथ्यलाई विर्सनु हुँदैन ।

नेपालको राजनीतिमा बाह्य हस्तक्षेप अहिलेको तुलनामा संविधानसभाबाट संविधान निर्माण र संविधान जारी गर्दाको समयमा थियो । संविधान जारी भएपछिको समयमा त अघोषित नाकाबन्दी समेत लगाइएको थियो । त्यतिबेला संविधान जारी नगर्नका लागि प्रत्यक्ष रूपमा दवाव दिने र जनतालाई भड्काउने कोशिस भएको थियो । तर नेपालका प्रमुख राजनीतिक दलहरू एक ठाउँमा उभिएका कारणले संविधान जारी गर्न सकिएको थियो । संविधान जारी भएपछि त्यसको विरोधमा भन्सार नाकामा केन्द्रित भएर मधेसकेन्द्रित दलले आन्दोलन गर्ने र छिमेकी मुलुक भारतले अघोषित नाकाबन्दी लगाउने काम गरेको थियो । त्यो परिस्थितिलाई पनि हाम्रै पार्टीको नेतृत्वको सरकारले सफतापूर्वक सामना गरेको थियो । तर अहिलेको स्थितिमा अदृश्य रूपमै भएका षड्यन्त्रहरू किन सफल भए ? किन जनताले षड्यन्त्रलाई समेत सरकारका विरुद्धको आन्दोलन र विद्रोहका रूपमा लिन पुगे र साथ दिन पुगे ? यसबाट सहज निष्कर्षमा पुग्नुपर्ने हुन्छ त्यस समयमा नवयुवाहरू मात्र होइन आमजनता समेत सरकारको काम र क्रियाकलापका कारणले सरकारसँग असन्तुष्ट बनिसकेका थिए । यद्यपि त्यस असन्तोषमा सोसल मिडिया र डिजिटल एल्गोरिदको समेत उल्लेख्य प्रभाव रहेको थियो । त्यसमाथि भदौ २३ को प्रदर्शनमा नवयुवाहरूको उल्लेख्य सहभागिता रहेको र उक्त प्रदर्शन अनपेक्षित रूपमा मुठभेडमा परिणत हुँदा ठूलो संख्यामा नवयुवाहरू मारिएको र घाइते भएको संवेदनशील अवस्थाले समेत आमजनता तात्कालिक नेतृत्व र दलका विरुद्ध उभिन पुगेको देखिन्छ ।

चुनावमा भएको पराजयको महत्वपूर्ण कारण भदौ २३ र २४ को घटनाले उत्पन्न गएको परिस्थितिलाई मान्ने हो भने उक्त घटनामा युवा र सर्वसाधारणको सहभागिता र समर्थन किन हुन पुग्यो भन्ने कुराको विश्लेषण आवश्यक छ । नेकपा गठन र दुई तिहाइको शक्तिशाली

सरकार निर्माणले जनतामा उत्पन्न गरेको अभुतपूर्व आशा र अपेक्षा पुरा नहुँदै नेकपाभित्र तीव्र अन्तरसङघर्ष चल्यो । एकले अर्कालाई दोषी देखाउनका लागि गरिएका प्रचारबाजीले आमरूपमा सरकार, पार्टी र नेतृत्वलाई बदनाम र अलोकप्रिय बनाउने काम गऱ्यो । त्यसमाथि सरकार र आन्दोलनको रक्षाका नाममा गरिएको दुई-दुई पटकको प्रतिनिधिसभा विघटनको संवैधानिक र राजनीतिक रूपमा स्थापित गर्न सकिएन । त्यसमाथि सर्वोच्च अदालतको निर्णयबाट भएको नेकपाको विघटन र पुनस्थापित नेकपा (एमाले) पार्टीमा भएको षड्यन्त्रपूर्ण विभाजनजस्ता कारणले जनतामा निराशा पैदा भयो र जनमत क्रमशः वैकल्पिक राजनीतितर्फ ध्रुवीकृत बन्न पुग्यो । नेकपा (माओवादी केन्द्र) सँगको गठबन्धन भत्काएर नेपाली कांग्रेससँग गठबन्धन बनाउने कुराको औचित्य स्थापित गर्न नसक्नु, स्थायित्वको आधार तयार गर्ने उद्देश्यले गर्ने भनिएको संविधान संशोधनको एजेण्डाबाट पार्टी पछि हटेको देखिनुजस्ता कारणले नयाँ सरकार भ्रष्टाचारीलाई जोगाउनु मात्र बनेको हो भन्ने विपक्षीहरूको आरोपलाई बल पुग्न गयो । त्यसमाथि जनअपेक्षाअनुसार सुशासन दिन नसक्नु, जनप्रतिनिधिहरू जनसम्बन्धबाट विमुख हुनु र पार्टी सत्तामुखी देखिनुजस्ता कारणले पनि जनअसन्तोष बढाउने काम गऱ्यो । चुनावको केही समयअघि पार्टीको महाधिवेशन गर्नु र त्यहाँ भएको प्यानलबन्दीको असर निर्वाचनका समयमा समेत देखापर्नु, उम्मेद्वार चयनमा तल्ला कमिटीको भावनाको उपेक्षा गरिएको र पूर्वाग्रह राखिएको जस्ता आरोपहरू पार्टीभित्रबाट लगाइनुजस्ता कारणले पनि निर्वाचनमा असर पुग्न गयो । निर्वाचनका समयमा हुने घात र अन्तरघातका सन्दर्भमा विगतमा कारवाही नभएका जस्ता कारणले जे गर्दा पनि हुन्छ भन्ने मान्यता बन्न पुग्यो । चुनावका समयमा खुलेआम उम्मेद्वारका बारेमा असन्तुष्टी जनाउने, असहयोग र अन्तर्घात गर्नेजस्ता समस्याहरू समेत धेरै ठाउँमा देखिए ।

क्रान्ति वा सत्ता विप्लवद्वारा पराजित भएको राजनीतिक पार्टी वा शक्तिले त्यसलगतै भएको निर्वाचन जितेको उदाहरण दुनियामा विरलै पाइन्छ । हाम्रो पार्टीले भाद्र २३ र २४ को घटनालाई भूराजनीतिक स्वार्थअनुरुपको षड्यन्त्र र मुलुकलाई प्रतिगमनतर्फ लैजाने कदमका रूपमा विश्लेषण गरे पनि त्यो मान्यता आमजनताका बीचमा स्थापित हुन सकेन । त्यसको अन्तरनिहीत कारणको समेत खोजी गर्न सक्नुपर्दछ । यसबीचमा पार्टीको बलियो जनआधार रूपमा रहेको पङ्क्ति युवा-विद्यार्थी, सुकुम्वासी-अव्यवस्थित बसोबासी, प्रवासी नेपाली, शहरीया मध्यम वर्ग, शिक्षक, कर्मचारी, पेशाकर्मी र सुरक्षाकर्मीहरू समेत पार्टी र पार्टी नेतृत्वको सरकारबाट टाढिदै गए । सरकारमा रहँदा उनीहरूका माग मुद्दा र सरोकारलाई सम्वोधन गर्ने कुरामा पार्टी नेतृत्वको सरकारको ध्यान पुगेन । उनीहरू क्रमशः पार्टीबाट टाढिदै गए । निर्वाचनको समयसम्म आइपुग्दा उनीहरूको ठुलो हिस्साले विपक्षमा मतदान गर्न पुग्यो ।

तसर्थ चुनावको परिणाममा धेरै कुराको प्रभाव रहेको भए पनि चुनावमा हाम्रो पार्टीको हारको पछाडी उपरोक्त कारणले प्रमुख प्रभाव पारेको देखिन्छ । कार्यदलको सुझाव संकलनका क्रममा १३ वटा समूहबाट प्राप्त सुझावका आधारमा चुनावी हारका कारणहरूको विस्तृत विश्लेषण गरिएको छ । संविधानसभाको समयमा प्रत्यक्ष बाह्य हस्तक्षेप हुँदा समेत जनताको प्रत्यक्ष सहभागिता र समर्थनमा त्यसलाई असफल बनाउन सकिएको र अहिले अदृश्य रूपमा गरिएको षड्यन्त्र असफल पार्न नसक्नुमा जनताको असन्तोष नै प्रमुख कारण रहेको देखिन्छ । पार्टीले यो पक्षलाई आत्मसात गरेर जनतासँगको भावनात्मक सम्बन्धलाई कसरी बलियो बनाउने भन्ने कुरामा आफ्नो ध्यानकेन्द्रित गर्नुपर्दछ ।

## ४. नयाँ पुस्ता (Gen–Z) सँगको संवादहीनता र दुरीः

सूचना र प्रविधि विकास विशेषगरी स्मार्टफोन प्रयोगसँग हुर्किएका ३० वर्षमुनिका नवयुवाहरू प्रविधि, द्रुत अवसर र पारदर्शी कार्यशैली चाहन्छन् । उनीहरूमा पुरानो पुस्ताभन्दा आफ्नो पुस्ता खास भएको मनोविज्ञान विकास भएको छ । तर राज्यको काम र क्रियाकलाप नयाँ पुस्ताको भावनाअनुरूप छोडौं नेपालको संविधान २०७२ को भावनाअनुरूप समेत हुनसकेको देखिदैन । नयाँ संविधानले स्थापित गरेको सङ्घीयता एकात्मक ढाँचामा खडा भएको केन्द्रीय राज्यसत्ताले आत्मसात गर्न नसक्दा संक्रमणकाल अनपेक्षित रूपमा लम्बिन पुग्यो । जसबाट राज्यको सुशासन र सेवा प्रवाह कमजोर बन्न पुग्यो । पूर्वाधार विकास र सामाजिक सुरक्षाको प्रत्याभूति वस्तु र सेवाको उपलब्धता नागरीकको ढोका नजिक त आइपुग्यो । त्यसको लागि आवश्यक पर्ने आयमा तदनुरूपको वृद्धि हुन सकेन । त्यसमाथि लामो समयसम्म परम्परागत कृषी प्रणालीले बाधेर राखेको श्रमशक्ति शिक्षित बनेको ग्रामिण युवाहरूको कृषीबाट अलग हुने प्रवृत्तिले खलबलियो । पूर्वाधारको विकास र वैदेशिक रोजगारीले गाउँदेखि सुविधायुक्त वस्ती र सहरतर्फ बसाइसराई तीव्र बनायो र नेपालमा शिक्षित बेराजगारीको समस्या तीव्ररूपमा वृद्धि गरिदियो । मुलुकभित्र चाहेअनुसारको रोजगारीको अवसर उपलब्ध नहुँदा विदेश पलायनताको प्रवृत्ति बढेर गयो । अर्कोतिर खाडी क्षेत्र र मलेसियालगायतका मुलुकहरूमा अर्धदक्ष कामदारको माग बढ्नाले ग्रामीण क्षेत्रका आमयुवाहरू समेत वैदेशिक रोजगारीमा जाने प्रवृत्तिको विकास भयो । ब्रिटिस इण्डिया कालमा सुरु भएको लाहुरे संस्कृति नेपाली समाजमा सुसुप्त आकर्षणको विषयका रूपमा रहिरहेकै थियो, त्यो खुला समाज व्यवस्थाको निर्माणपछि आम बन्न पुग्यो । अहिले नेपालमै उपलव्ध कामका लागि पनि मानिस विदेश गइरहेको छ । राज्यले ग्रामीण क्षेत्र र पहाडी भूभागमा पूर्वाधार विकास गरियो भने आप्रवासनको समस्या हल हुन्छ भन्ने ठान्यो । आज पूर्वाधार विकासका दृष्टिले ग्रामीण क्षेत्रको रूपरंग फेरिएको छ । तर बसाइसराइ गर्ने प्रवृत्ति घट्नुको बदला झन तीव्र रूपमा बढेको छ । त्यसमा पढेलेखेको युवाको बदलियो चाहना र आकांक्षाले काम गरेको छ ।

शिक्षामा नीजि क्षेत्रको प्रवेश र त्यसप्रतिको अभिभावकहरूको आकर्षणका कारणले विद्यार्थी राजनीतिका माध्यमबाट इतिहास, समाज व्यवस्था र राजनीतिका बारेमा प्राप्त हुने सहज ज्ञान र आवद्धता समेत कमजोर हुँदै गयो । नीजि विद्यालयहरूले राम्रो अंक ल्याएर विदेशमा पढ्न जान पाइन्छ भन्ने कुरालाई मोटिभेसनको प्रमुख विषय बनाए । विश्वविद्यालय शिक्षाबाट प्रवीणता तह हटाएसँगै विद्यार्थी आन्दोलन समेत कमजोर बन्दै गयो । नीजि विद्यालयले भाषा शिक्षा र विदेश जाने अवसरका लागि विदेशी दुतावासहरूसँग सहकार्य गर्ने नीति लिए । दुतावासहरूले पनि यसलाई आफ्नो हितअनुकुल प्रयोगको योजना बनाए । मूलधारको राजनीतिबाट युवाहरूलाई विमुख गर्ने कुरामा दुतावासहरूले दीक्षित गरेका युवा र युथ काउन्सिलहरूको भूमिका महत्वपूर्ण देखिन्छ । त्यसमाथि सूचना प्रविधिको प्रयोग गरेर पूँजीवादी साम्राज्यवादीहरूले आफ्नो विपक्षको सरकार र सत्ता परिवर्तनका लागि सुरु गरेको कथित कलर रिभुलुशनको प्रभावसमेत नेपाली राजनीति र युवापुस्तामा पर्न गएको देखिन्छ । यस प्रकारको काममा 'डिप स्टेट'को कन्स्पिरेसी थौरीको प्रयोग समेत प्रयोग हुनपुगेको देखिन्छ ।

समाजसेवाका नाममा युवाहरूलाई परिचालन गरेर वैकल्पिक शक्तिका रूपमा स्थापित गर्ने कामका लागि कम्युनिष्टविरोधी शक्तिहरूलाई विनाशकारी भुकम्पले समेत अवसर प्रदान गऱ्यो । २०७९ को स्थानीय चुनावमा काठमाडौं, धरान, जनकपुर र धनगढीजस्ता शहरी क्षेत्रमा स्वतन्त्र उम्मेद्वारले चुनाव जित्न सफल भएपछि वैकल्पिक राजनीतिक शक्ति निर्माणको आधार तयार हुन पुग्यो । २०७९ मा भएको आमनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका नाममा पपुलिष्टहरू सङ्गठित रूपमा चुनावमा होमिए । यस चुनावबाट युवाहरूको रुझान उनीहरूतर्फ ढल्कियो । यो स्थतिको विश्लेषण गरेर पार्टीले नवयुवाहरू बीचको पार्टी काममा निरन्तर जोड दिँदै आएको छ । तर पार्टीको निर्देशनअनुरूप युवापङ्क्तिलाई पार्टी राजनीतितर्फ आकर्षित गर्न सकेको देखिदैन । युवा परिचालनका सन्दर्भमा पार्टीले मिसन ग्रासरुट अभियानमा हरेक वडामा १० युवा पहिचान गरी नेतृत्व विकासको तालिम दिने र पार्टी राजनीतिमा जोड्ने नीति अघि सारेको थियो । त्यतिबेला त्यो योजना पूर्णतः असफल भयो । त्यसपछि पुनः पार्टीले हरेक गाउँपालिकामा १०० जना, नगरपालिकामा १५० जना, उपमहानगरपालिकामा २०० जना र महानगरपालिकामा २५० युवा पहिचान गरी नेतृत्व विकासको तालिम दिने र पार्टी राजनीतिमा जोड्ने नीति अघि सार्‍यो । त्यो नीति पनि लागू हुन सकेन । त्यसपछि पार्टीले युवाको बीचमा काम गर्नका लागि युवा नेतृत्व चाहिन्छ भन्ने महसुस गरेर कमिटीमा युवा आरक्षणको नीति अघि सार्‍यो । यसअन्तर्गत प्रदेश कमिटीमा १० प्रतिशत, जिल्ला कमिटीमा १५ प्रतिशत, पालिका कमिटीमा २० प्रतिशत र वडा र सोभन्दा तल्ला कमिटीहरूमा ३३ प्रतिशत ४० वर्ष मुनिका युवा सहभागिता सुनिश्चित गर्ने गरी आरक्षणको व्यवस्था गऱ्यो । पार्टीको एघारौं महाधिवेशनमा प्रतिनिधि चयन र नेतृत्व चयनमा समेत आरक्षणको व्यवस्था गऱ्यो । तर पनि गएको आमनिर्वाचनमा युवा अभिमत हाम्रो पार्टीका पक्षमा रहेन । त्यो २०७९ को निर्वाचनको

तुलनामा समेत निकै कम रह्यो । यी तथ्यहरूले युवा सहभागिताका सन्दर्भमा युवा मनोविज्ञान बुझेर समग्रतामा पार्टीमा बदलाव ल्याउनुपर्ने देखिन्छ । त्यसमा प्रतिनिधि बन्न र कमिटीमा सदस्य तथा पदाधिकारी बन्नका लागि निर्धारित गरिएको मापदण्डमा व्यापक परिवर्तन गर्नुपर्ने देखिन्छ । त्यसरी नै कार्यकारी पदहरूमा उमेरहद र कार्यकालको विषयलाई नयाँ शिराबाट पुनर्स्थापित गर्नुपर्दछ । पार्टीमा नयाँ पुस्ताको व्यापक सहभागिता सुनिश्चित गरेर नै डिजिटल एल्गोरिदमलाई पार्टी र आन्दोलनका पक्षमा सकारात्मक रूपमा प्रयोग गर्न सकिन्छ । डिजिटल एल्गोरिदम र पर्सेप्सन म्यानेजमेण्टको कसरी प्रयोग गरिन्छ र त्यसले कसरी काम गर्दछ भन्ने विषयमा केन्द्रीय निर्वाचन आयोगले तयार गरेको निर्वाचन समीक्षा प्रतिवेदनमा विस्तृत रूपमा चर्चा गरिएको छ। त्यसलाई पाठ्यसामाग्रीका रूपमा प्रयोग गरेर पार्टीपङ्क्तिलाई दीक्षित गर्नुपर्दछ ।

## ५. पार्टी निर्माणको आधार र आधारभूत वर्गसँगको सम्बन्धः

कम्युनिष्ट पार्टी निर्माणको सबैभन्दा महत्वपूर्ण आधार भनेको त्यो मुलुकमा विद्यमान असमान आर्थिक सामाजिक व्यवस्था नै हो । जुन समाजमा उत्पीडित वर्ग र समुदायको संख्या उल्लेख्य मात्रामा हुन्छ र राज्य ती समुदायको हित र सरोकारको विपक्षमा उभिएको हुन्छ। ती मुलुकहरूमा उनीहरूको मुक्तिको लागि कम्युनिष्ट पार्टीको निर्माण अपरिहार्य बन्न पुग्दछ। नेपालमा श्रमजीवी वर्ग र किसानहरू हित र सरोकारलाई केन्द्रबिन्दूमा राखेर नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो र सोही उद्देश्यअनुरूप पार्टीले काम गर्दै आएको छ । नेपालको कम्युनिष्ट आन्दोलनले निरन्तर रूपमा लैंगिक असमानता, जातीय विभेद र छुवाछूतजस्ता सामाजिक विभेदका विरुद्धमा जनतालाई सङ्गठित र आन्दोलित गर्दै आएको छ। नयाँ विचार र आन्दोलनको विकासका लागि किसान, महिला, ट्रेड युनियन, विद्यार्थी र युवाहरूका बीचको काममा विशेष जोड दिँदै आयो । पेसाकर्मी र प्रवासी श्रमिकहरूको पक्षमा पार्टीले खेलेको भूमिकाका कारणले उनीहरूको साथ र समर्थन पार्टीलाई लामो समयदेखि प्राप्त हुँदै आयो । उत्पीडित वर्ग र समुदायका पक्षमा पार्टी नेतृत्वको सरकारले गरेका राम्रा कामका कारणले दुर्गम र पिछडिएको ग्रामीण क्षेत्रमा पार्टीको विस्तार हुन पुगेको थियो ।

यसरी नै पार्टीले आदिवासी जनजाती र अल्पसंख्यक समुदायको भाषा, सँस्कृति र पहिचानको विषयलाई महत्वका साथ उठाउँदै आयो । सामन्ती शोषण, उत्पीडन र सामाजिक विभेद तथा कुरिती र कुसंस्कारका विरुद्धमा जनतालाई सचेत जागरुक र आन्दोलित गर्दै आयो । आजको बदलिएको नेपाली समाज नेपालको कम्युनिष्ट आन्दोलनले स्थापनका कालदेखि उठाउँदै आएका मुद्दाहरूको परिणाम पनि हो । पार्टी सरकारमा आएपछि नै नेपालमा कमैया कमलरी र हलिया प्रथा अन्त्य भए । संविधानमा आवासको अधिकार स्थापित भएको छ । कोही भोकै नमरुन् भन्ने उद्देश्यले खाद्य सम्प्रभुताको अधिकार पनि स्थापित भएको छ। भूमिहीन दलितका लागि

एकपटक राज्यबाट जमिनको हक प्राप्त गर्ने मौलिक अधिकार समेत सुनिश्चित भएको छ। यसरी नै हाम्रो आन्दोलनका कारणले नै महिला अधिकार र लैंगिक समानताका दृष्टिकोणबाट विश्वमा नेपाल अग्रणी मुलुकमा गनिन्छ। छुवाछूत प्रथा कानूनतः दण्डनीय बनाइएको छ। राज्यले नै छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको छ। जातीय विभेद र असमानता हटाउनका लागि संविधानतः समानुपातिक समावेशीताको नीति अवलम्बन गरिएको छ। यी हाम्रो आन्दोलनका महत्वपूर्ण उपलब्धी र सबल पक्ष हुन्। यसप्रकारको कामबाट पार्टीले ती वर्ग र समुदायको बलियो साथ र समर्थन समेत लामो समयसम्म पाउन सफल भयो। विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा रहँदा पनि नेपालमा कम्युनिष्ट आन्दोलन सत्ताको केन्द्र भागमा रहन सक्नुको कारण यसप्रकारको भूमिकाबाट वर्ग र समुदायको विश्वास जित्नु पनि हो।

तर आमनिर्वाचन २०८२ सम्म आइपुग्दा आधारभूत समुदाय हामीबाट टाढिएको अवस्था छ। बहुसंख्यक युवाहरू हाम्रो साथमा रहेनन्। भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरू हामीबाट निराश बन्न पुगे। कम्युनिष्ट पार्टीको स्थापनादेखि नै पार्टीको पक्षमा उभिदै आएको आदिवासी जनजाती समुदाय पनि हामीबाट क्रमशः टाढिदै गयो। महिला अधिकार र लैंगिक समानताका लागि अग्रणी भूमिका खेलेको पार्टीबाट महिलाहरू समेत टाढिन खोजे। सामाजिक सुरक्षामा आवद्ध ज्येष्ठ नागरिकहरूको ठूलो हिस्साले यसपटकको चुनावमा नेकपा (एमाले)लाई भोट हालेन। यसप्रकारको स्थिति किन उत्पन्न भयो ? किन किसानहरू हामीसँग असन्तुष्ट भए। किन श्रमजीवी वर्ग समेत हामीसँग टाढिए ? कतै २०७४ को आमचुनावमा पार्टीले ऐतिहासिक सफलता प्राप्त गरेपछि बनेको सरकारबाट यी समुदायले गरेका अपेक्षा र मागलाई हामीले सम्वोधन पो गर्न सकेनौं कि ? शिक्षक र कर्मचारीको मागको सम्वोधन गर्न नसक्दा पार्टीले क्षति व्यहार्नुपरेको अनुभूति त सिंगो पार्टीपङ्क्तिले गरिरेहकै छ। यतिसम्मकी यसपटकको निर्वाचनमा जनतासँग घनिष्ठ सम्बन्ध रहेको र सङ्गठनात्मक रूपमा सबै भन्दा बलियो रहेको मानिने हाम्रो पार्टी यसपटकको चुनावमा जनताको बदलिएको मनोविज्ञान बुझ्ने कुरामा समेत पूर्णतः असफल रह्यो। यतिबेला निर्वाचनमा भएको हारपछि उत्पन्न भएको निराशालाई चिर्न र पार्टीपङ्क्तिको मनोबल उचो बनाउने उद्देश्यले पार्टीले पार्टी जागरण अभियान सुरु गरेको छ। विगतका पार्टी अभियानअन्तर्गत जनतामा जाने, जनताका कुरा सुन्ने र जनतासँग घनिष्ठ सम्बन्ध बनाउने पार्टी योजना खासै सफल हुन सकेका छैनन्। यस्तो स्थितिलाई पार्टीले गम्भीरतापूर्वक लिनुपर्दछ। आधारभूत वर्ग र समुदायसँग पार्टीको घनिष्ट सम्बन्ध कायम गर्ने कुरालाई योजनावद्ध र व्यवस्थित रूपमा अघि बढाउनु जरुरी छ।

हिजो पार्टी निर्माण गर्दा आधारभूत वर्गसँग मजबुत रहेको पार्टी सम्बन्ध पछिल्ला वर्षहरूमा खस्किँदै गएको छ। पार्टीको वर्ग आधार के हो भन्ने कुरा छुट्याउन नसकिने अवस्थामा पुगेको गुनासो कार्यकर्तापङ्क्तिमा सुनिन्छ। हाम्रा नीति र उद्देश्यहरूमा वर्गदृष्टिकोण र वर्गआधार

स्पष्ट देखिन्छ । तर पार्टीको जगका रूपमा रहेको आधारभूत वर्ग र समुदाय हामीबाट टाढिँदै गएको छ । यो भदौ २३ र २४ को घटनाले उत्पन्न गरेको अस्थायी मनोविज्ञान हो र परिघटना मात्र हो कि हाम्रो पार्टीको बलियो सरकार हुँदा उनीहरूको अपेक्षाअनुरूप काम नहुँदाको परिणाम हो । कतै सरकारमा रहँदा उनीहरूको हित र स्वार्थविपरीतका काम भए कि भन्ने कुरालाई छुट्याउनु आवश्यक छ । यथार्थ पक्ष के हो भने यतिबेला पार्टीको जनआधार कमजोर भएको छ र आधारभूत वर्गसँगको सम्बन्ध खुकुलिएको छ । यसप्रकारको स्थितिमा सुधारका लागि निम्न कुरामा जोड दिनुपर्दछ ।

'जनताको बहुदलीय जनवाद' (जबज)को मार्गदर्शनमा समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशाअनुरूप समृद्ध नेपाल सुखी नेपालीको गन्तव्यमा पुग्नका लागि रोजगार र स्वरोजगारका अवसरहरू सिर्जना गर्ने हिसाबले दिगो आर्थिक विकासको मोडेल अघि सार्नुपर्दछ । पार्टीको जनआधार बलियो बनाउनका लागि पार्टीको वर्गदृष्टिकोण अनुरूपको वर्ग र समुदायआधारित वर्गीय एजेण्डामा जोड दिनुपर्दछ । श्रमजीवी वर्ग, किसान, भूमिहीन, सुकुम्बासी र साना उद्यमी तथा व्यवसायीका मुद्दाहरूलाई पार्टीको महत्वपूर्ण राजनीतिक एजेन्डा बनाउनुपर्छ । महिला, दलित, आदिवासी जनजाती र सीमान्तकृत समुदायको हित र सरोकारका विषयमा विशेष जोड दिनुपर्दछ । शिक्षा र स्वास्थ्यको तीव्र व्यापारीकरण रोक्दै आमनागरिकका लागि यी आधारभूत क्षेत्रहरूमा निःशुल्क र गुणस्तरीय शिक्षा र स्वास्थ्यको सहज पहुँच सुनिश्चित गर्ने नीति र कार्यक्रम ल्याउनुपर्छ । रोजगारी सिर्जनालाई केन्द्रबिन्दूमा राखेर दिगो आर्थिक विकासको मोडेल अघि बढाउनु पर्दछ । पार्टीका नेता-कार्यकर्ताहरू अनिवार्य रूपमा भूगोल (जनताको घरदैलो) मा पुग्ने र आधारभूत वर्ग र समुदायको दैनिक समस्या समाधानमा अग्रसर हुने परिपाटी बसाल्नुपर्छ । पार्टीका नेता कार्यकर्तालाई श्रम, कृषि, उद्यमशीलता र उत्पादनको कामसँग जोड्नु पर्दछ । स्वावलम्बी र आत्मनिर्भर बन्न प्रेरित गर्नुपर्दछ । आफू उदारहणीय बनेर अरुलाई पनि उत्पादन र उद्यमशीलताको काममा जोड्न प्रेरित गर्नुपर्दछ ।

जनतासँगको घनिष्ट सम्बन्ध विकासका लागि पार्टीका नेता र कार्यकर्ताका जीवनशैली र आचारणमा सुधार ल्याउनु पर्दछ । विलासी र सुविधाभोगी प्रवृत्ति बोकेर जनताको बीचमा जान र उनीहरूको मन जित्न सकिदैन । त्यसका लागि कम्युनिष्ट आदर्शअनुरूपको सादा जीवनशैली र सादा खानपानमा जोड दिनुपर्छ । युवा र जनतासँगको सम्बन्ध विकासका लागि सरल र शिष्ट भाषाशैली अपनाउनु पर्दछ । जनतालाई मन नपर्ने बानी व्यवहारमा परिवर्तन ल्याउन सक्नुपर्दछ । नैतिक आचार र आर्थिक अनुशासनमा जोड दिनुपर्दछ । बहुसंख्यक जनता सामाजिक संजालमा आवद्ध हुँदै गइरहेको अवस्थामा सामाजिक संजालका माध्यमबाट पार्टी काम र गतिविधिहरूलाई जोड्नु पर्दछ । आमजनतासँगको भेटघाट, उनीहरूसँगको सम्वाद र

उनीहरूसँगको घनिष्ट र मायालु व्यवहारलाई सामाजिक संजालका माध्यमबाट सम्प्रेषण गर्नुपर्दछ ।

वास्तवमा नेकपा (एमाले) आधारभूत वर्गबाट विमुख भएर बस्न सक्दैन । त्यसमाथि प्रतिस्पर्धा र पहलकदमीको माध्यबाट श्रेष्ठता हासिल गरी राज्यसत्तालाई समेत श्रमजीवी वर्गको मुक्ति र समृद्धिका लागि प्रयोग गर्नुपर्दछ र त्यसको सफल प्रयोगबाट नै समाजवादमा पुग्न सकिन्छ भन्ने मान्यता बोकेको पार्टीले आधारभूत वर्ग र समुदायको बीचको राजनीतिक काममा विशेष जोड दिनुपर्दछ । उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकासमा योगदान पुग्ने आर्थिक विकासको मोडेल अघि सार्नुपर्दछ । समाजवादसम्म पार्टीको रणनीतिक उद्देश्यलाई साथ दिने प्रमुख आधार श्रमजीवी वर्ग नै हुन् । त्यसैले यतिबेला पार्टीको गुमेको जनआधार फर्काउनका लागि आधारभूत वर्ग र समुदायका बीचको काममा जोड दिनु पर्दछ ।

## ६. सुद्धीकरण, सुदृढीकरण र रूपान्तरणसहितको पार्टी पुनर्गठनको योजनाः

निर्वाचनको पराजयपश्चात पार्टीपङ्क्ति यथास्थितिमा पार्टी अघि जान सक्दैन भन्ने मनस्थितिमा पुगेको देखिन्छ । यो तरिकाले हुँदैन भन्ने सन्दर्भमा केन्द्रीय निर्वाचन परिचालन कमिटीले सोधेको प्रश्नमा 'केहीले सिधै अध्यक्षप्रति प्रश्न उठाएको' र 'केहीले घुमाउरो तरिकाले जवाफ दिएका छन् ।' 'केहीले सचिवालय र केन्द्रीय कमिटी भंग गर्नुपर्ने राय राखेका छन् ।' 'कतिपयले तलदेखि माथिसम्मकै सबै पार्टी कमिटी भंग गरी नयाँ शिराबाट पुनर्व्यवस्थापन गर्नुपर्ने राय राखेका छन् ।' कार्यदलले आयोजना गरेको छलफलका क्रममा पनि मूलतः यिनै विषयहरू अझ सविस्तार रूपमा उठेका छन् ।

निर्वाचन परिचालन कमिटीले सोधेको केही सुझाव छ ? भन्ने प्रश्नमा "नेतृत्वको कार्यशैली भएन, दम्भ सुनियो, कमिटी प्रणाली भत्कियो, यसलाई सच्याउनु पर्छ । सच्चिने कि सकिने भनेको त्यही हो भनेका छन् ।" केहीले पुस्तान्तरण र हस्तान्तरणमा जोड दिएका छन् । जनसङ्गठनका सन्दर्भमा 'बोझ हुन पुगेको' आफ्नो समुदायको नेता हुन नसकेको टिप्पणी गरेका छन् । पार्टी कमिटी ठूला र भद्दा भएको भन्ने राय धेरैको छ भने केहीले पुराना र क्षमतावान् कार्यकर्ताहरू जिम्मेवारीविहीन अवस्थामा रहेको बताएका छन् ।

निर्वाचन परिचालन कमिटीको समीक्षा प्रतिवेदनले १० बुँदे प्रस्ताव प्रस्तुत गरेको छ । पहिलो अन्तरपुस्ता आबद्धतासहितको नेतृत्वको रूपान्तरण गर्न (निर्णायक तहमा रहनु भएका वरिष्ठ नेताहरूलाई मार्गदर्शकका रूपमा सम्मानित भूमिकामा स्थापित गर्न) सिफारिस गरेको छ । दोस्रो सङ्गठनात्मक पुनर्संरचना, तेस्रो उम्मेद्वार छनोटको नयाँ मापदण्ड, चौथो युवाकेन्द्रित अभियान, पाँचौ जनमुखी अजेण्डा र सेवा अभियान, छैटौँ जनप्रतिनिधिको जवाफदेहिता, सातौँ अनुशासन, पारदर्शिता र आन्तरिक लोकतन्त्र (यसमा गुटबन्दी, नातावाद, कृपावाद र

अनुशासनहीनता अन्त्य गर्ने कुरामा जोड दिइएको छ ।), आठौँ डिजिटल सङ्गठन र प्रभावकारी प्रचार, नवौं कार्यकर्ता सुदृढीकरण र प्रशिक्षण तथा दशौं विजयको लक्षसहितको जनपरिचालन रहेका छन् । कार्यदलको सुझाव संकलनका क्रममा उठेका विषयहरू पनि यसैको सेरोफेरोमा रहेका छन् । जसका बारेमा प्रतिवेदनको सुरुमा विस्तृत रूपमा चर्चा गरिएको छ । यसरी भर्चुअल र प्रत्यक्ष सुझावका समान निष्कर्षका आधारमा पार्टी यथास्थितिमा अघि जान सक्तैन भन्ने कार्यकर्ताको सुझावलाई सम्वोधन गर्नुपर्दछ भन्ने कार्यदलको साझा निष्कर्ष रहेको छ । सुद्धीकरण, सुदृढीकरण र रूपान्तरणसहितको पार्टी पुनर्गठनको प्रस्ताव निम्नानुसार प्रस्ताव गरिएको छः

१) **नैतिक जिम्मेवारी बहनः** आमनिर्वाचनमा पार्टीले व्यहोर्नुपरेको असाधारण क्षतिका लागि नैतिक जिम्मेवारीको विषय महत्वपूर्ण एजेण्डा बन्न पुगेको छ । पहिलो संविधानसभाको निर्वाचनमा पार्टीले अनपेक्षित रूपमा हार व्यहोर्नु परेपछि तात्कालिक महासचिव माधवकुमार नेपालले नैतिकताका आधारमा राजीनामा दिएको विषयबाट पनि यसले बढी चर्चा पाएको कार्यदलको ठम्याइ छ । यसपटकको निर्वाचनको परिणाम त्योभन्दा प्रतिकूल रहेका कारणले प्रमुख नेतृत्व र कार्यकारी कमिटीले नैतिक जिम्मा लिनुपर्दछ भन्ने आवाज उठ्नु स्वभाविक नै हो । तसर्थ, यस विष्यमा पार्टीको मुख्य नेतृत्व र पार्टीले आफ्नो दृष्टिकोण स्पष्ट पार्नु आवश्यक देखिन्छ ।

२) **पार्टी र सरकारको कामको समीक्षाः** भदौ २३ गतेको 'जेनजी आन्दोलन'लाई हिंसात्मक बनाउनका लागि सुनियोजित षड्यन्त्र समेत भएको र २४ गतेको विध्वंशात्मक घटनाका पछाडी जनआक्रोसमा मात्र नभएर लामो समयको पूर्वतयारी रहेको कुरा बाहिर आइसक्दा आमजनताले समेत त्यसलाई राजनीतिक परिवर्तनका रूपमा जनादेशमार्फत अनुमोदन गरेको अवस्था छ । उक्त घटनाका माध्यमबाट मुलुकलाई प्रतिगमनतिर धकेल्ने काम भएको, मुलुकको सार्वभौमसत्ता र भौगोलिक अखण्डतामा गम्भीर चुनौती उत्पन्न भएको, भदौ २४ मा योजनावद्ध रूपमा राज्यको गौरव र अस्मितामाथि नियोजित हमला भएको तथा लोकतन्त्रको आधारस्तम्भका रूपमा राजनीतिक दलका कार्यालय र नेताका नीजि निवासहरूमा आगजनी र लुटपाट गरेर लोकतन्त्रिक व्यवस्था र प्रणालीलाई नियोजित रूपमा कमजोर बनाउने काम भएको छ । तर यस्तो अवस्था रहँदारहँदै पनि जनताले हाम्रो पार्टीसहित लोकतान्त्रिक आन्दोलनमा लामो योगदान गरेका पार्टीहरूको कुरा सुन्न तयार नहुने र विश्वास नगर्ने स्थिति किन तयार भयो भन्ने कुराको खोजी गर्नु आवश्यक छ । पार्टी र सरकारका तर्फबाट यस बीचमा के-कस्ता कमिकमजोरी भए भन्ने कुरा अगुवा कार्यकर्ता समेतको सुझावका आधारमा प्रतिवेदनमा प्रर्याप्त चर्चा गरिएको छ । यसलाई भविष्यको शिक्षाका रूपमा ग्रहण गर्नुपर्दछ । भविष्यमा पार्टीका तर्फबाट त्यसप्रकारको कमिकमजोरी नदोहरिने प्रतिवद्धता गरिनु पर्दछ ।

३) **नेतृत्व निर्माण र हस्तान्तरणको व्यवस्था:** पार्टीमा नवयुवालाई आकर्षित गर्ने पार्टीपङ्क्तिको मनोबल उँचो बनाउने सन्दर्भमा अधिकांशले पार्टी जीवनको लोकतान्त्रिकरणको नीतिअनुरूप स्थापित उमेर हद र कार्यकालको सिमा हटाउनु बेठीक भएको सुझाव दिएका छन् । एकपटक नेतृत्वमा आइसकेपछि आजिवन नेतृत्वमा रहन खोज्ने प्रवृत्ति नेपाली राजनीतिमा हावी भएको परिप्रेक्षमा पनि यो विषयले पुनः छलफलको माग गरेको देखिन्छ । अर्कोतिर कुनै पनि नेतृत्व लामो समयसम्म एउटै भूमिकामा रहने कुराले त्यसको प्रभावकारीता क्रमशः खस्कदै जाँदोरहेछ भन्ने कुरा हाम्रै अनुभवले पनि सिद्ध गरेको छ । तसर्थ यस विषयलाई पार्टीले पुनः सम्वोधन गर्नु उचित हुन्छ ।

४) **नवयुवा, महिला र आधारभूत वर्ग र समुदायको काममा जोडः** पार्टीको जनाधार बृद्धिका लागि नवयुवा, महिला र आधारभूत वर्गको काममा जोड दिँदै पार्टीमा उनीहरूको सहभागिता वृद्धि गर्नुपर्ने सुझाव प्राप्त भएको छ । यसपटकको महिलाहरूको समर्थन कमजोर हुनुको प्रमुख कारण भदौ २३ को घटनाले उत्पन्न गरेको मानवीय संवेदनशीलताको पक्षले प्रमुख रूपमा काम गरेको देखिन्छ । तर नवयुवाहरूको पार्टीप्रतिको विकर्षण भने त्योभन्दा पहिले नै सुरु भएको देखिन्छ । नेकपाकालमा लामो समयसम्म पार्टी र पार्टीसम्वद्ध जनसङ्गठनहरूका अधिवेशन नहुनु, पार्टी कमिटी र जनसङ्गठनमा लामो समयसम्म एउटै व्यक्ति रहिरहने तथा युवा तथा विद्यार्थी सङ्गठनहरू समुदायकेन्द्रित हुन नसक्नाले त्यसप्रकारको परिस्थिति सिर्जना हुन पुगेको देखिन्छ । त्यसमाथि सूचना र प्रविधिको विकासले प्रविधिसँगै हुर्किएको नवयुवा पुस्ताको मनोविज्ञान बुझ्न नसक्दा तथा उनीहरूको अपेक्षाअनुरूपको नीति तथा कार्यक्रम अघि सार्न नसन्दा उनीहरू मूलधारको राजनीतिबाट टाढिए । पछिल्लो समयमा नेपाली राजनीतिमा हुर्किएको लोकप्रियतावाद र अराजकतावादले उनीहरूलाई आफूतर्फ आकर्षित गर्न सफल भएको देखिन्छ । अर्कोतर्फ चुनावमा सबैको भोट चाहिन्छ भन्ने मनोविज्ञान र पार्टी सरकारमा रहँदा आधारभूत वर्गको माग र मुद्दालाई सम्वोधन गर्न नसक्दा उनीहरू पार्टीबाट क्रमशः विमुख हुन पुगेको देखिन्छ । पार्टीको जनआधारलाई बलियो बनाउने सन्दर्भमा नवयुवा, महिला र आधारभूत वर्ग र समुदायका साथै प्रवासी नेपालीहरूका बीचको काममा जोड दिनुपर्दछ । पार्टीमा उनीहरूको सहभागिता वृद्धिका लागि ठोस नीति र योजना अघि सार्नु पर्दछ ।

५) **उम्मेद्वार छनोटको नयाँ मातदण्डः** उम्मेद्वार छनोट केन्द्रीकृत बन्दै गएको सम्बन्धित तहको कमिटी र कार्यकर्ताको अपेक्षा र सुझावलाई उपेक्षा गरिएको बुझाई कार्यकर्तापङ्क्तिको रहेको छ । नयाँ भनिनेहरूले देखाउनुका लागि भए पनि आकांक्षीहरूलाई आवेदन दिन लगाउने, अनलाईन भोटिङ गर्ने र आकांक्षीहरूका बीचमा छलफल गराउने विधि अवलम्बन गरेको देखिन्छ । जवकि हाम्रो पार्टी सङ्गठनात्मक आधारभूत तहसम्म सङ्गठनात्मक संजाल भएको निकै व्यवस्थित पार्टी हो । कमिटी र पार्टी कार्यकर्ताको चाहना र सुझावलाई आधार बनाउने

कुरालाई जोड दिने हो भने परिणाममा उल्लेख्य सुधार ल्याउन सकिन्छ । त्यसमाथि नयाँ प्रविधिको प्रयोगबाट आकांक्षीहरूप्रतिको जनअपेक्षा बुझ्ने र विश्लेषण गर्ने अवसर पनि उपलब्ध छ । उम्मेद्वार छनोटका सन्दर्भ यी सबै पक्षमा ध्यान दिनु आवश्यक देखिन्छ । निकट भविष्यमा हुने स्थानीय निर्वाचनका सन्दर्भमा आम पार्टी सदस्यको रायका आधारमा निर्णयमा पुग्ने विधिलाई प्रयोगमा ल्याएर त्यसको परिणाम समेतका आधारमा भविष्यको उम्मेद्वार छनोटको नयाँ विधि, मादण्ड र प्रक्रिया निर्धारण गर्नु उपयुक्त हुन्छ ।

६) **अन्तरपुस्ता आवद्धताको योजना:** 'जेनजी आन्दोलन' पछि राजनीतिमा पुस्तान्तरणको विषय महत्वपूर्ण एजेण्डा बन्न पुगेको छ । हाम्रो पार्टीभित्र पनि युवापुस्तामा यो विषयले चर्चा पाएको देखिन्छ । समाज परिवर्तनको आन्दोलनमा उमेर समूहको विषय मुख्य कुरा होइन । विचार नेतृत्वसहितको स्वीकार्यता आवश्यक छ । तर त्यसका नाममा नयाँ पुस्तालाई योग्य नदेख्ने प्रवृत्ति भने गलत छ । पार्टीले भन्दै आएको तीन पुस्ता संयोजनको नीतिलाई व्यवहारमा लैजानु आवश्यक छ । आन्दोलनको गतिशीलताका लागि नयाँ पुस्ताको सार्थक सहभागितासहितको अन्तरपुस्ता आवद्धता भने जरुरी भइसकेको छ । २०४७ सालमा पार्टी भूमिगत राजनीतिबाट खुला हुँदा हाम्रो पार्टी तात्कालिक मालेमा पुरानो पुस्ताको सहभागिता निकै कम थियो । पछि जननेता मदन भण्डारीको नेतृत्वमा नेकपा (माले) र मार्क्सवादी पार्टीको बीचमा पार्टी एकता गरेर त्यो समस्या हल हुन पुगेको थियो । अहिले हाम्रो पार्टीमा नयाँ पुस्ता सहभागिता निकै कमजोर देखिन्छ । पछिल्लो समयमा कमिटीमा आरक्षणको नीति लिए पनि त्यसले नयाँ पुस्तालाई खासै आकर्षण गर्नसकेको छैन । नयाँ पुस्ताको आकर्षण वृद्धिका लागि सहभागिताको विषयले मात्र पुग्दैन । उनीहरूलाई आकर्षित गर्ने परिवर्तित सन्दर्भसहितको नविन नीति र एजेण्डा समेत चाहिन्छ ।

७) **जीवनशैली र आचरणमा सुधार:** विगतमा नेकपा (एमाले) जनताका बीचमा लोकप्रिय हुनु र सङ्गठनात्मक रूपमा अन्य पार्टीको तुलनामा सबल र सुदृढ हुनुको महत्वपूर्ण पक्ष यसका नेता र कार्यकर्ताले अवलम्बन गर्दै आएको जनमुखी जीवनशैली र आचरण हो । तर पछिल्ला दिनहरूमा नेता र कार्यकर्ताको जीवनशैली र आचरणमा विचलनका गुनासा सुनिन थालेका छन् । पार्टीमा उपभोक्तावादी, विलासी र नवसामन्ती जीवनशैली मौलाएको उनीहरूको बुझाइ छ । जनताका बीचमा पार्टीलाई स्थापित गर्नका लागि जीवनशैली र आचरणमा सुधार ल्याउनुपर्ने देखिन्छ । यस सन्दर्भमा केन्द्रीय अनुशासन आयोगहरूलाई जिम्मेवारी प्रदान गर्नु उचित देखिन्छ ।

८) **केन्द्रीय आयोगहरूको भूमिका विस्तार:** पार्टी जीवनको लोकतान्त्रिकरणको नीतिअनुरूप नियन्त्रण र सन्तुलनको सिद्धान्तअन्तर्गत महाधिवेशनबाट स्वायत्तताको अधिकारसहित केन्द्रीय आयोग गठन गर्ने निर्णय भएको थियो । पछि केन्द्रीय आयोगको भूमिकामा क्रमशः संकुचन

आएको देखिन्छ। पछिल्लो केन्द्रीय आयोगहरू कार्यकर्ता व्यवस्थापन गर्ने थलो बनाइएको गुनासो सुनिन्छ। पार्टीमा बढ्दै गइरहेको अनुशासनहीनता, गुटबन्दी तथा जीवनशैली र आचरणका क्षेत्रमा देखिएका समस्या परिप्रेक्षमा केन्द्रीय आयोगहरूको भूमिका विस्तार गर्नुपर्ने देखिन्छ। कार्यकारी भूमिकामा रहेको केन्द्रीय कमिटी र केन्द्रीय आयोग दुवैको उद्देश्य पार्टीको घोषित लक्ष्य हासिल गर्नका लागि पार्टी र आन्दोलनको विकास र विस्तारमा योगदान गर्नु रहेको हुँदा पार्टीमा एकता, अनुशासन र पार्टी जीवनको सुदृढीकरणमा सहयोग पुग्नेगरी केन्द्रीय आयोगको भूमिका विस्तार गरिनु पर्दछ।

९) **सरकार र जनप्रतिनिधिको भूमिका:** पार्टी नीतिअनुरूप सरकार र जनप्रतिनिधिहरू संचालनमा समस्या देखिएको अवस्था छ। गएको चुनावमा चुनाव जितेको ठाउँमा भन्दा चुनाव हारेको ठाउँमा चुनाव प्रचार सहज भएको र भोट पनि बढेको रिपोर्टिङले स्थितिको गम्भिरतालाई उजागर गर्दछ। ‘जेनजी आन्दोलन’ र त्यसको आवरणमा गरिएको विध्वंसका घटनामा युवा र सर्वसाधारणको सहभागिता देखिनुका पछाडी उनीहरूमा सरकारका काम र क्रियाकलापप्रति असन्तुष्टी रहेको देखिन्छ। जनतामा पुराना दल र नेतृत्वप्रतिको असन्तुष्टीको प्रमुख कारणले पार्टीको नीति तथा कार्यक्रम र उनीहरूका गतिविधिहरूले पारेको असरभन्दा सरकारका काम र क्रियाकलापको असरले काम गरेको देखिन्छ। जनप्रतिनिधिका सन्दर्भमा चुनावको समयको बाचा र व्यवहार चुनावपछि फेरिनु वा अपेक्षाअनुरूप काम नहुने जस्ता कुराले काम गरेको देखिन्छ। अर्कोतिर जनप्रतिनिधिको भूमिका प्रभावकारी बन्न नसक्दा पनि असन्तुष्टी बढेको हुन सक्दछ। यो अवस्थामा सुधार ल्याउनका लागि पार्टी नीतिअनुरूप पार्टी नेतृत्वको सरकार, सरकारमा गएका मन्त्री र जनप्रतिनिधि संचालित हुने कुराको सुनिश्चितता गरिनु पर्दछ। पार्टी नेतृत्वको सरकार, संयुक्त सरकारमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने मन्त्री र जनप्रतिनिधिहरूको कामलाई जनस्तरमा स्थापित गर्ने कुराको जिम्मेवारी भने पार्टी कमिटीले लिनुपर्दछ। त्यसअनुसार जनप्रतिनिधि र पार्टी कमिटीहरू चले/नचलेको अनुगमन गर्ने पार्टी र जनप्रतिनिधि रहेको संयुक्त संयन्त्र बनाउनु पर्दछ। जनप्रतिनिधिको भूमिकालाई प्रभावकारी बनाउन जनप्रतिनिधि स्कुल संचालन गर्नुपर्दछ।

१०) **जनमुखी एजेण्डा र सेवा अभियान:** पार्टीको जनतासँगको सम्बन्धलाई बलियो बनाउनका लागि आधारभूत वर्ग र समुदायका माग र एजेण्डा पहिचान गर्ने र ती एजेण्डाको पक्षमा अभियान र आन्दोलन संचालन गर्नुपर्दछ। वर्गीय र सामाजिक विभेद र उत्पीडनका विरुद्धमा प्रभावकारी भूमिका खेल्नुपर्दछ। प्राकृतिक विपद तथा अन्य कारणले संकट र समस्यामा रहेका व्यक्ति र समुदायका पक्षमा सेवा अभियान संचालन गर्नुपर्दछ। भूकम्प, बाढी पहिरो र डुवान तथा आगलागीजस्ता समस्यामा राहत र उद्धारमा पार्टीले खेल्दै आएको भूमिकालाई आगामी दिनमा थप प्रभावकारी बनाउनु पर्छ। सम्बन्धित भौगोलिक क्षेत्रको विशेषताका आधारमा वर्गसङ्घर्ष

र राजनीतिक सङ्घर्षमा जोड दिने नीतिअनुरूप उत्पीडित वर्ग र समुदायलाई सचेत, सङ्गठित र आन्दोलित गर्न प्रभावकारी भूमिका खेल्नु पर्दछ ।

११) **अनुशासन, पारदर्शिता र आन्तरिक लोकतन्त्र:** पार्टी जीवनलाई व्यवस्थित बनाउनका लागि अनुशासन, पारदर्शिता र आन्तरिक लोकतन्त्रलाई बलियो बनाउनु आवश्यक छ। यसको अभावमा नै पार्टीमा गुटबन्दी, नातावाद, कृपावाद र अनुशासनहीनता बढेको पार्टीपङ्क्तिको बुझाइ देखिन्छ। पार्टीको दशौँ महाधिवेशनका समयमा पार्टीले दक्षिणपंथी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई परास्त गरौँ, जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गरौँ भन्ने मूल नारालाई अघि सारेको थियो। तर पार्टी जीवनमा अवसरवाद र अराजकता घट्नुको बदला बढेर गएको देखिन्छ। त्यसलाई सामना गर्नका लागि अनुशासन, पारदर्शिता र आन्तरिक लोकतन्त्रमा जोड दिनुपर्दछ। यसो गर्दा पनि गुटबन्दी, अनुशासनहीनता र स्वेच्छाचारीको समस्या समाधान हुँदैन भने त्यसलाई विधिसम्मत ढंगले कारवाही गर्नुपर्दछ।

१२) **डिजिटलाइजेसन र सूचना प्रविधि आधारित प्रचार:** नयाँ भनिने लोकप्रियतावादी पार्टीहरूको तुलनामा हाम्रो पार्टी डिजिटल सङ्घर्षमा कमजोर देखिएको छ। अबको राजनीतिक सङ्घर्ष भौतिकरूपमा मात्र होइन, भर्चुअलका माध्यमबाट समेत चलिरहेको छ। यसमा पनि श्रेष्ठता हासिल गर्नेगरी अघि बढ्नु आवश्यक छ। त्यसका लागि सङ्गठन सञ्चालन, अभिलेख, प्रचार र प्रकाशनका कार्यहरूलाई पूर्ण रूपमा डिजिटल र आधुनिक बनाइनुपर्छ। कृत्रिम बुद्धिमत्ता (AI) र सामाजिक संजालको प्रभावकारी उपयोगका लागि जिल्ला-जिल्लाहरूमा प्रशिक्षित डिजिटल स्वयंसेवकहरूको संयन्त्र निर्माण गरिनुपर्छ। विरोधीहरूले सिर्जना गरेका भ्रमपूर्ण आरोपको प्रतिवाद मात्र होइन आफ्ना घोषित नीति र कार्यक्रमलाई प्रभावकारी रूपमा स्थापित गर्ने माध्यमका रूपमा सूचना प्रविधिको प्रयोग गर्नुपर्दछ।

१३) **पार्टी जीवनको शुद्धीकरण (Purification):** जनताको टुटेको सम्बन्धलाई जोड्न र कार्यकर्ताको मनोबल उँचो बनाउनका लागि पार्टी जीवनको सुद्धीकरण अपरिहार्य विषय बनेको छ। पार्टीका कतिपय नेता-कार्यकर्तामा बढ्दै गएको उपभोक्तावादी, विलासी र नव-सामन्ती जीवनशैलीमा परिवर्तन आवश्यक देखिन्छ। नेकपा (एमाले) अन्य पार्टीभन्दा फरक देखिनुको कारण पार्टीले अवलम्बन गर्दै जनपक्षीय जीवनशैली र जीवनपद्धती हो। पार्टीका कतिपय नेता कार्यकर्ताको विवादस्पद व्यक्तिसँगको उठबसको चर्चा तथा साँस्कृतिक र नैतिक विचलन देखिने घटनाको आरोपका कारणले पार्टी जीवनमा नकारात्मक असर पारेको छ। पार्टीमा नैतिक मूल्यमा आएको ह्रासका कारणले पार्टी सदस्यता नवीकरण र विस्तारमा समेत गम्भीर विचलन आएको छ। विगतमा पार्टीले सुद्धीकरण र सुदृढीकरणको योजना अघि सारे पनि त्यो प्रभावकारी हुन नसक्दा समस्या थप जटिल बनेको देखिन्छ। तसर्थ यतिबेला पार्टीले सुद्धीकरणको विषयलाई पार्टी पुनर्जारणको प्रमुख विषय बनाउनु पर्दछ।

१४)	**पार्टी जीवनको सुदृढीकरण र रूपान्तरणः** जनवादी केन्द्रीयताको नीतिअन्तर्गत सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको विषय पार्टी निर्माणको सर्वाधिक महत्वको विषय हो । यतिबेला सामूहिक निर्णय र उत्तरदायित्वको प्रणाली कमजोर भएको छ । नेकपा कालदेखि कमिटीका आकार ठूलो बनाइँदा निर्णय प्रक्रियामा सामूहिकताको अभाव देखिन थाल्यो । दशौँ महाधिवेशन पछि त्यसमा सुधारको प्रयास भए पनि त्यो अपेक्षाअनुरूप सुधार हुनसकेको छैन । जसले गर्दा पार्टी निर्णय र निर्देशनको पालनामा समेत ह्रास आएको छ । कमिटीको आकार ठूलो र भद्दा भएका कारणले एजेण्डाआधारित छलफल र बहसको पद्धति कमजोर भएको छ । वैचारिक छलफल र बहस अपवादजस्तै बन्दै गएको छ । अध्ययन, प्रशिक्षण र मूल्याङ्कनको प्रणाली कमजोर भएको छ । पार्टीको उद्देश्यअनुरूप जनआधार सुदृढ र व्यवस्थित गर्नका लागि कार्यकर्ताको मनोबल उच्च बनाउनु र उनीहरूको पार्टी र आन्दोलनप्रति निष्ठा र समर्पण वृद्धि गर्नु आवश्यक छ । त्यसका लागि पार्टी सुदृढीकरण र रूपान्तरण आवश्यक छ । यसअन्तर्गत केन्द्रीकृत र नेतृत्वमुखी बन्न पुगेको कार्यशैलीमा सुधार गर्नुपर्दछ । प्रतिस्पर्धा, पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने जबजको नीतिअनुरूप पार्टी कामलाई भोटर र जनताकेन्द्रित बनाउनु पर्दछ । सूचना-प्रविधिको अधिकतम् प्रयोग गरी डिजिटल युगअनुरूप पार्टी कामलाई पुनर्संगठित गर्नुपर्दछ ।

१५)	**वैचारिक पुनर्गठन, जबजको व्याख्या र विकासः** जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशालाई पार्टीले समृद्ध नेपाल सुखी नेपालीको गन्तव्यका रूपमा आत्मसात गरेको अवस्थामा जबजको समानुकूल व्याख्या गर्दै समृद्ध नेपाल, सुखी नेपालीको गन्तव्यमा पुग्ने स्पष्ट कार्यक्रम र कार्ययोजना अघि सार्नुपर्दछ । जुन कार्यक्रम नेपाली विशेषताको सामाजवाद निर्माणको आधारशिला बन्न सकोस् । नेपाली क्रान्तिको मौलिक कार्यक्रमका रूपमा अघि सारिएको जबजलाई पार्टीले मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासको नविन मान्यताको रूपमा ग्रहण गर्दै त्यसलाई पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गरेको छ । पछिल्लो समय सूचना प्रविधिमा भएको तीब्र विकासले समाज व्यवस्था, वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्षमा गहिरो प्रभाव पारेको छ । यस्तो अवस्थामा नयाँ पुस्ताको मनोविज्ञान र भावनाअनुकूल विचार सिद्धान्तलाई उनीहरूले बुझ्नसक्ने गरी सरल भाषामा प्रस्तुत गरिनु पर्छ । जबजको थप १४ विशेषतालाई जबजकै विशेषताका रूपमा चर्चा गर्नाले जबजको सारपक्ष ओझेलमा पर्ने गरेको छ । अब जबजको सारपक्ष वर्गसङ्घर्ष, उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकास तथा जबजको आर्थिक विकासको ढाँचालाई वैचारिक र राजनीतिक रूपमा स्थापित गर्न जोड दिनुपर्दछ । पार्टी स्कुललाई पनि सोही मान्यताअनुरूप केन्द्र, प्रदेश र जिल्ला तहमा व्यवस्थित रूपमा संचालन गरिनु पर्दछ । पार्टीका नेता र कार्यकर्ताले वर्षमा कम्तिमा एउटा प्रशिक्षणमा अनिवार्य सहभागी हुने र परीक्षा पास गर्ने

व्यवस्था मिलाउनु पर्दछ । जबजको समग्रपक्षमा जोड दिने कुराले पार्टी कार्यकर्तामा क्रान्ति र परिवर्तनप्रतिको नयाँ आशावाद जागृत हुनेछ ।

१६) **पार्टीको सङ्गठनात्मक पुनर्गठन:** सङ्गठनात्मक पुनर्गठनको सर्वाधिक महत्वको विषय पार्टीलाई वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्षको बाटोमा अघि बढाउने कुरा हो । अर्को महत्वपूर्ण विषय कमिटी प्रणाली स्थापित गर्नु र आधारभूत तहका कमिटीहरूको भूमिका विस्तार गर्नु हो । कमिटीमा एजेण्डाआधारित छलफल र बहस हुनसक्ने गरी कमिटीको आकार घटाउनु र बैठक संचालनका सन्दर्भमा सुस्पष्ट कार्यविधि बनाएर त्यसको पालना गर्नु हो । हरेक तहका कमिटीका पदाधिकारी र सदस्यहरूको परिभाषित जिम्मेवारीको सुनिश्चता गर्नु हो । पार्टीलाई सबै भौगोलिक क्षेत्र, लिङ्ग, जाति र आधारभूत वर्ग तथा समुदायको श्रृंखलाबद्ध कमिटी प्रणालीका रूपमा विकास गर्नु हो । पार्टी जीवनको लोकतान्त्रिकरणको नीतिअन्तर्गत तीन पुस्ताको संयोजन भएको गतिशिल पार्टीका रूपमा यसको विकास र सुदृढीकरण गर्नु हो । पार्टीबाट टाढिएको वर्ग र समुदाय तथा नयाँ पुस्तालाई पार्टीमा जोड्नेगरी सङ्गठनात्मक ढाँचा र प्रणालीमा सुधार गर्नु हो । सङ्गठनात्मक क्षेत्रमा के-कस्ता समस्याहरू छन् भन्ने कुरा अगुवा कार्यकर्ताको सुझावको रूपमा माथि नै उल्लेख गरिएको छ । अगुवा कार्यकर्ताहरूबाट प्राप्त सुझाव तथा माथि उल्लेखित दृष्टिकोणका आधारमा पार्टीको सङ्गठनात्मक जीवनको पुनर्गठन गर्नु आवश्यक छ । पार्टी विधानमा संशोधनसम्बन्धी विषयमा यस सन्दर्भलाई ठोस रूपमा सम्वोधनका लागि प्रस्तावित गरिएको छ ।

१७) **पार्टी पुनर्गठनमा नेतृत्वको भूमिका र जिम्मेवारी:** पार्टी पुनर्गठनका सन्दर्भमा नेतृत्वले आफै अग्रसरता लिने र कार्यकर्ताको अग्रसरतामा हुने दुई प्रकारको व्यवस्था अभ्यासमा रहेको पाइन्छ । पार्टी विधानमा विशेष महाधिवेशनको दुई प्रकारको व्यवस्था गरिएको छ । पहिलो महाधिवेशन प्रतिनिधि परिषद्का बहुमत सदस्यको मागमा विशेष महाधिवेशनको आयोजना गर्ने र दोस्रो दुइतिहाइ जिल्ला कमिटीको मागअनुरूप विशेष महाधिवेशनको आयोजना गर्ने । विशेष महाधिवेशन एक प्रकारले नेतृत्वको चाहनाका विपरीत आयोजना हुने वैधानिक व्यवस्था हो । यस प्रकारको वैधानिक व्यवस्थाको प्रयोग अपवाद बाहेकको अवस्थामा गर्नु उचित हुँदैन । यद्यपि पार्टी विधानले गरेको व्यवस्था भएको हुँदा यी दुवै अवस्थालाई अनुशासनहीनता र अराजकताको विषयका रूपमा लिन भने मिल्दैन । यस्तो अवस्थामा पार्टी नेतृत्वले नै पार्टीपङ्क्तिको चाहना र भावनाको प्रतिनिधित्व गरेर पार्टी सुद्धीकरण, सुदृढीकरण र रुपान्तरण सहितको पार्टी पुनर्गठनको अगुवाइ गर्नुपर्दछ ।

## १८) पार्टी विधान तथा नियमावलीमा संशोधनः

सुद्धीकरण, सुदृढीकरण र रुपान्तरण सहितको पार्टी पुनर्गठनको कार्ययोजना कार्यान्वयनका लागि पार्टी विधान र नियमावलीमा संशोधन आवश्यक छ । निम्नानुसारको प्रबन्धका लागि पार्टी विधान र नियमावलीमा संशोधन प्रस्तावित गरिएको छः

- दुई प्रकारको पार्टी सदस्यको व्यवस्था प्रभावकारी नदेखिएको र पार्टीमा नयाँ पुस्तालाई सहज प्रवेशको सुनिश्चितता गर्नका लागि एक प्रकारको पार्टी सदस्यताको व्यवस्था गर्ने ।
- पार्टी सदस्यता प्राप्तिको मापदण्ड सरल बनाउने । पार्टीको सिद्धान्त, नीति र विधानलाई निःशर्त स्वीकार गर्ने, पार्टी सदस्यका लागि विधानबमोजिम निर्धारित जिम्मेवारी पुरा गर्न तत्पर र फौजदारी कसुरमा सजाय पुरा गरेको ६ महिनाभन्दा बढी समय व्यतित गरेको १८ वर्ष पुरा गरेको कुनै पनि नेपाली नागरिक पार्टीको सदस्य बन्न सक्ने व्यवस्था गर्ने ।
- पार्टी सदस्यता प्रदान गर्ने विशेष अधिकार पार्टीसम्वद्ध जनसङ्गठनको केन्द्रीय सचिवालय कमिटीलाई प्रदान गर्ने । जनसङ्गठनमा आवद्ध हुन्जेलसम्म पार्टी सदस्यको कामको क्षेत्र सोही सङ्गठनलाई मान्ने र त्यहाँबाट अन्यत्रको पार्टी काममा जाँदा पार्टी सदस्यता स्थानान्तरण हुने व्यवस्था गर्ने ।
- अनलाइन माध्यमबाट समेत सदस्यता प्राप्त गर्ने र नवीकरण गर्न सकिने व्यवस्था थप गर्ने । यसरी प्राप्त सदस्यताको विवरण कहाँ राख्ने भन्ने कुरा अनलाइन फर्ममा नै उल्लेख गर्ने व्यवस्था गर्ने । केन्द्रले संकलन गरेको लेबीको नियमानुसारको हिस्सा सम्बन्धित कमिटीलाई उपलब्ध गराउने ।
- सबै तहको अधिवेशन र महाधिवेनमा प्रतिनिधि बन्ने हालको व्यवस्थामा परिवर्तन गर्ने पार्टी सदस्य सबै तहको अधिवेशन र महाधिवेशनमा प्रतिनिधि हुन पाउने व्यवस्था गर्ने । जुन तहको अधिवेशन/महाधिवेशनको प्रतिनिधि चुनिएको हो सोही तहको कमिटीको सदस्य र पदाधिकारीको उम्मेद्वार हुन पाउने व्यवस्था गर्ने । सदस्य र पदाधिकारीमा उम्मेद्वार बन्नका लागि पार्टी स्कुलको प्रशिक्षणमा सहभागी भइ परीक्षासमेत पास गरेको हुनुपर्ने मापदण्ड थप गर्ने । यसो गर्दा पार्टीमा नयाँ पुस्ता र क्षमतावान् कार्यकर्ताको सहभागिता वृद्धि हुनेछ ।
- पार्टी र पार्टीसम्बद्ध जनसङ्गठनका सबै तहका अधिवेशनहरू लोकतान्त्रिक विधिअनुरूप स्वस्थ र पारदर्शीरूपमा सम्पन्न हुने कुराको सुनिश्चितता गर्ने । सबै तहको अधिवेशनमा आयोजकहरू पदेन प्रतिनिधि हुने विधानको व्यवस्था हटाउने । सहमतिका नाममा निर्वाचन प्रक्रियालाई अवरुद्ध नगर्ने ।

- कुनै पनि कमिटीबाट एक तह मातहतको कमिटीका लागि मात्र इन्चार्ज तोक्न पाउने व्यवस्था गर्ने । इन्चार्जले माथिल्लो कमिटीको निर्णयहरूको व्याख्या गर्ने, निर्णय कार्यान्वयनमा नीतिगत दायरामा रहेर सहजीकरण गर्ने । कमिटीको निर्णय प्रक्रियामा सहभागी नहुने र कुनै प्रकारको हस्तक्षेप नगर्ने ।
- पार्टी जीवनको लोकतान्त्रिकरणअन्तर्गत अघि सारिएको उमेर हद र कार्यकारी पदको कार्यकालको विषयलाई युवापुस्ताको भावना अनुरुप पुनः पार्टी विधानमा स्थापित गर्ने ।
- हरेक तहको कमिटीमा युवा, महिला र आधारभूत वर्गको सहभागिता वृद्धि गर्ने । क्रमशः ५० प्रतिशतसम्म पुऱ्याउने । जनसंख्याको अनुपातमा सबै क्षेत्रको समानुपातिक समावेशी सभागिता सुनिश्चित गर्ने ।
- सबै तहको कमिटीको आकार कम्तिमा ४० प्रतिशत कम गर्ने । केन्द्रीय पदाधिकारीको संख्या पनि सोहीअनुसार घटाउने ।

७. **राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषदको आयोजना:** पार्टी र सरकारको कामको समीक्षा तथा पार्टी सुद्धीकरण, सुदृढीकरण र रूपान्तरणसहितको पार्टी पुनर्गठनको कार्ययोजना कार्यान्वयनका लागि राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक असोजमा आयोजना गर्ने । उक्त बैठकबाट पार्टी पुनर्गठनको कार्ययोजना पारित गरी नयाँ योजनाका र संकल्पका साथ पार्टी पुनर्जारणको अभियानलाई तीव्रताका साथ अघि बढाउने । महाधिवेशन प्रतिनिधि परिषदको बैठक सम्पन्न भए लगतै सोही बैठकलाई विधान महाधिवेशनमा रुपान्तरण गर्ने र विधान संशोधन गर्ने ।

निर्वाचनमा भएको हारले पार्टी जीवनमा गम्भीर धक्का लागेकै छ । पार्टीले निर्वाचनमा निकै गहिरो पराजयबोध गरेको छ । तर यस प्रकारको प्रतिकूल अवस्थाका वावजुत पार्टीले प्राप्त गरेको १४ लाख मत पार्टी पुनर्जारणको महत्वपूर्ण आधार हो । पार्टीको पुनर्जागरणका लागि सुद्धीकरण, सुदृढीकरण र रूपान्तरणसहितको पार्टी पुनर्गठनको कार्ययोजना कार्यान्वय गर्नु पर्दछ । प्रस्तावित पार्टी पुनर्गठनको कार्ययोजनालाई प्रभावकारी ढंगले अघि बढाउने हो भने पार्टीलाई वैचारिक, राजनीतिक र सांगठनिक रूपमा एकताबद्ध बनाउँदै पार्टीलाई राष्ट्र निर्माणको निर्णायक शक्तिमा बदल्न सकिन्छ । पपुलिजम, एनारकिजम र अपरचुनिजमका माध्यमबाट मुलकमा स्वेच्छाचारी र अधिनायकवादी शासनको अभ्यास गर्दै भूराजनीतिक स्वार्थअनुरूप राष्ट्रको सर्वभौमिकता, संविधान र लोकतन्त्र तथा कम्युनिष्ट आन्दोलनका विरुद्ध भइरहेको षड्यन्त्र र चुनौतीलाई सामना गर्नका लागि नेकपा (एमाले) पार्टी पुनर्गठनका माध्यमवाट छिटो भन्दा छिटो सबल र सुदृढ हुनु आवश्यक छ । पुनर्गठित भएको नेकपा (एमाले)को नेतृत्वमा नेपाल राष्ट्रलाई पुनः संविधानवाद र लोकतन्त्रको दिशामा फर्काउदै जबजको मार्गदर्शनमा समृद्ध नेपाल सुखी नेपालीको गन्तव्यमा नेपाल राष्ट्रलाई डोऱ्याउन सम्भव हुनेछ ।